सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ जेठ २०८०, आइतबार (28 May 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ४५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

प्रधानमन्त्री बुधबार भारत भ्रमणमा जाँदै, बिहीबार मोदीसँग वार्ता

ऊर्जा, व्यापार, नेपाल-भारत नयाँ हवाई रुट, सीमापार रेलमार्ग लगायतका एजेन्डा



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुधबारदेखि (१७ देखि २० जेठ सम्म) छिमेकी मित्रराष्ट्र भारतको औपचारिक भ्रमण गर्ने भएका छन्। नेपाल र भारतका परराष्ट्र मन्त्रालयले शनिबार एकैपटक प्रधानमन्त्रीको भारत भ्रमणको प्रारम्भिक तालिका सार्वजनिक गरेका छन्।

प्रधानमन्त्री प्रचण्ड भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा चारदिने औपचारिक भ्रमणमा जान लागेका हुन्। १० पुसमा तेस्रोपटक प्रधानमन्त्री भएका प्रचण्डको यो पहिलो औपचारिक विदेश भ्रमण हो।

प्रधानमन्त्रीका रूपमा प्रचण्डको यो चौथो भारत भ्रमण हो। तर, द्विपक्षीय औपचारिक भ्रमण भने तेस्रो हो। भ्रमणले नेपाल र भारतबीचको सदिऔँ पुरानो, बहुआयामिक र सौहार्दपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउने अपेक्षा छ।

उच्च चिनियाँ नेता मंगलबार आउँदै

भारतीय विदेश मन्त्रालयले पछिल्ला वर्षयता दुई देशबीच सहकार्यमा उल्लेखनीय प्रगति भएको भन्दै यो भ्रमणले सहकार्य थप सुदृढ हुने बताएको छ। 'दुई देशबीच द्विपक्षीय सम्बन्ध विगत केही वर्षमा सहयोगका सबै क्षेत्रमा उल्लेखनीय रूपमा सुदृढ भएको छ। यो भ्रमणले द्विपक्षीय साझेदारीलाई थप गति दिन दुवै पक्षले दिएको महत्त्वलाई थप जोड दिनेछ,' भारतीय विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा छ।

परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री मोदीसँग नेपाल-भारत द्विपक्षीय सम्बन्धका विविध क्षेत्रका विषयमा विस्तृत छलफल हुने जनाएको छ। परराष्ट्रमन्त्री एनपी साउन, ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतलगायत मन्त्री एवं परराष्ट्र, ऊर्जा, उद्योगसचिवसहितको प्रतिनिधिमण्डल दिल्ली जानेछ।

प्रधानमन्त्री प्रचण्डले बिहीबार (१८ जेठ) भारतीय समकक्षी नरेन्द्र मोदीसँग हैदराबाद हाउसमा औपचारिक वार्ता गर्ने कार्यक्रम छ। 'प्रधानमन्त्रीले सुरुमा प्रतिनिधिमण्डलस्तरीय, त्यसपछि सानो समूहमा छलफल गर्ने र त्यसपछि दुवै प्रधानमन्त्रीबीच एकान्त वार्ता

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्रधानमन्त्रीले दिए भ्रमणका एजेन्डाबारे संसद्लाई जानकारी

प्रधानमन्त्री प्रचण्डले आसन्न भारत भ्रमणका एजेन्डाबारे सदनलाई जानकारी गराएका छन्। सांसदको सवालमा जवाफ दिँदै प्रधानमन्त्रीले भने, '१९५० को सन्धि र सिमानाको विषय संवादको माध्यमबाट समाधान गर्ने ढंगले उठ्छ। इपिजीमा छलफल हुन्छ। पञ्चेश्वरबारे सकारात्मक छलफल चलिराखेकाले अगाडि बढाउनेबारे नयाँ समझदारी हुन्छ। एयर रुट लिनेबारे गम्भीर छलफल चलेको र नयाँ रुट पाउने प्रबल सम्भावना छ। ट्रेड ट्रान्जिटबारे समझदारी हुन्छ। मल कारखाना स्थापना गर्नेबारेमा ठोस कुरा हुन्छ।'

लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूमि हो भन्ने सरकार प्रस्ट रहेको भन्दै थाती रहेका सीमासम्बन्धी विषयलाई ऐतिहासिक सन्धि, नक्सा, तथ्य-प्रमाणका आधारमा कूटनीतिक पहलबाट समाधान गर्न सरकार दृढ र प्रतिबद्ध रहेको उनको भनाइ थियो।

यसअघिका दुई भ्रमण

प्रचण्डले पहिलोपटक प्रधानमन्त्रीका रूपमा २०६५ भदौ २९ देखि असोज २ सम्म (२००८ सेप्टेम्बर १४ देखि १८) भारतको औपचारिक भ्रमण गरेका थिए। त्यसबेला दिल्लीबाहेक उनी बेंग्लोरको भ्रमणमा गएका थिए। पहिलोपटक प्रचण्ड भारतीय तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहको निमन्त्रणामा भारत गएका थिए।

प्रचण्डले दोस्रोपटक प्रधानमन्त्री हुँदा ०७३ भदौ ३० देखि असोज २ (२०१६ सेप्टेम्बर १५ देखि १८ सम्म भारतको राजकीय भ्रमण गरेका थिए। त्यसवेला उनले हिमाचल प्रदेश र उत्तराखण्डको हरिद्वार भ्रमण गरेका थिए। प्रचण्ड र मोदीबीचको भेटमा द्विपक्षीय संयन्त्रको बैठक नियमित रूपमा राख्न सम्बन्धित अधिकारीलाई निर्देशन दिइएको थियो।

प्रधानमन्त्री प्रचण्ड ०७३ असोज २९ देखि कात्तिक १ सम्म ब्रिक्स तथा बिमस्टेक नेताहरूको आउटरिच सम्मेलनमा सहभागी हुन भारतको गोआ गएका थिए। प्रधानमन्त्रीका रूपमा उनको तेस्रो भ्रमण भए पनि भारतको द्विपक्षीय औपचारिक भ्रमण थिएन। त्यही वेला प्रचण्ड, भारतीय प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच भएको त्रिपक्षीय अनौपचारिक भेटघाटले चर्चा कमाएको थियो।

क्यान्सरका बिरामीलाई अपरिहार्य रेडियोथेरापी सेवा सात अस्पतालमा मात्रै

सरकारी दुई र निजी पाँच अस्पतालले मात्र दिन्छन् रेडियोथेरापी सेवा

- **सरकारी** : भक्तपुर क्यान्सर अस्पताल (भक्तपुर) र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल (चितवन)
- **निजी** : नेपाल क्यान्सर अस्पताल (हरिसिद्धि, ललितपुर), काठमाडौं क्यान्सर सेन्टर (भक्तपुर), विराट मेडिकल कलेज (विराटनगर), पूर्वाञ्चल क्यान्सर सेन्टर (भद्रपुर) र चितवन मेडिकल कलेज (चितवन)



- **प्राडा. विवेक आचार्य**
अंकोलोजी विभाग प्रमुख, वीर अस्पताल

क्यान्सरका ६० देखि ७० प्रतिशत बिरामीलाई रेडियोथेरापी अनिवार्य चाहिन्छ। वीरमा रेडियोथेरापी बन्द हुँदा धेरै भिड भक्तपुर क्यान्सर अस्पतालमै लाग्छ। बिरामीको अत्यधिक चापका कारण तत्काल थेरापी गर्नुपर्ने बिरामीले दुईदेखि तीन महिनासम्म पालो कुर्नुपर्ने बाध्यता छ। भक्तपुरबाहेकका केही निजी अस्पतालले रेडियोथेरापी सेवा दिइरहेका छन्। तर, रेडियोथेरापी एकदमै महँगो भएकाले विपन्न नागरिक सरकारीमा पालो नपाउँदा अकालमै मृत्युवरण गर्नुपर्ने वा क्यान्सर झन् फैलिने उच्च जोखिममा छन्।

मञ्जु टेलर/नयाँ पत्रिका

क्यान्सरको शल्यक्रिया गरेका ६० देखि ७० प्रतिशतसम्म बिरामीलाई अपरिहार्य रेडियोथेरापी सेवा देशभरमै दुई सरकारी अस्पतालमा मात्र छ। भक्तपुर क्यान्सर अस्पताल र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरले मात्रै यो सेवा दिने गरेका हुन्।

निजीतर्फ पनि पाँच अस्पतालमा मात्र रेडियोथेरापी हुन्छ। ललितपुरको हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पताल, भक्तपुरको काठमाडौं क्यान्सर सेन्टर, विराटनगरको विराट मेडिकल कलेज, झापा भद्रपुरको पूर्वाञ्चल क्यान्सर सेन्टर र चितवन मेडिकल कलेजमा मात्र रेडियोथेरापी सेवा छ।

देशकै जेठो अस्पताल वीरमा क्यान्सरका बिरामीको शल्यक्रिया र किमोथेरापी हुने भए पनि रेडियोथेरापी सेवा छैन। २३ वर्षअघि ल्याइएको 'कोबाल्ट- ६०' मेसिन बिग्रिएपछि ०७२

» पृष्ठ ११ मा क्रमशः

■ वीरमा मेसिन बिग्रिएर आठ वर्षदेखि सेवा ठप्प

०७४ मा किनिएको नयाँ मेसिन पनि पाँच वर्षसम्म बलम्बुको चौरमा मिल्काउँदा खिया लागेर सखाप



पुरानो 'कोबाल्ट- ६०' मेसिन बिग्रिएर ०७२ देखि सेवा नै रोकिएको वीरमा ०७४ मा ठेक्का लगाएर ४७ करोडमा नयाँ टोमोथेरापी मेसिन खरिद गरिए पनि जडान नगरी बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालको चौरमा मिल्काउँदा खिया लागेर सखाप भएको छ। मेसिन अहिले पनि चौरमै छ। जब कि वीरमा बर्सेनि ६ सयभन्दा बढी क्यान्सरका बिरामी भर्ना हुन्छन्। गत वर्ष ६२६ नयाँ बिरामी उपचारका लागि पुगेका थिए। तर, यहाँ रेडियोथेरापी नहुँदा पछिल्ला आठ वर्षमा कम्तीमा ६ हजार बिरामीलाई रेडियोथेरापीका लागि अन्यत्र रिफर गरिएको छ। तर, तीमध्ये कतिले समयमै उपचार पाए, कतिले पाएनन् भन्ने कुनै तथ्यांक उपलब्ध छैन।

■ भक्तपुर क्यान्सर अस्पतालमा पालो कुर्ने बिरामीको भिड, तत्काल रेडियोथेरापी गर्नुपर्नेमा दुई महिनामा पालो



विपन्न नागरिकले निजीमा महँगो शुल्क तिरेर रेडियोथेरापी गराउने सामर्थ्य राख्दैनन्। त्यसैले, उपत्यकामा रेडियोथेरापी सेवा रहेको एक मात्र सरकारी अस्पताल भक्तपुर क्यान्सर अस्पतालमा बिरामीको भिड लाग्ने गरेको छ। तर, एउटै रेडियोथेरापी मेसिनले बिरामीको चाप थेग्न नसकेपछि अस्पतालले उच्च जोखिममा रहेका बिरामीलाई समेत पालोमा राख्दै आएको छ। तत्काल रेडियोथेरापी गर्नुपर्ने बिरामीले पनि दुई महिनासम्म पालो कुर्नुपर्ने बाध्यता छ।

हाल भक्तपुर क्यान्सर अस्पतालमा रेडियोथेरापीका लागि सयभन्दा बढी बिरामी पालो कुरिरहेका छन्। रेडियोथेरापी विभागको तथ्यांकअनुसार 'जनरल' (बिमा, विपन्न र अस्पतालमा क्यान्सरको उपचार गराइरहेका बिरामी) र 'एक्सटेन्डेड' (जनरलबाहेकका पैसा तिरेर थप समयमा उपचार) सेवा दिँदा पनि डेढदेखि दुई महिनासम्म पालो कुर्नुपरेको अवस्था छ। हप्तामा पाँच दिन मात्रै रेडियसन सेवा दिइरहेकाले थप पैसा लिएर दिइरहेको सेवामा समेत एक महिनासम्म पालो कुर्नुपर्ने अवस्था रहेको अस्पतालका चिकित्सक बताउँछन्। 'रेडियोथेरापीका लागि मेसिन एउटा मात्रै छ, तर बिरामीको चाप धेरै भएपछि हामीले बिहान ७ बजेदेखि राति १२-१ बजेसम्म चलाइरहेका छौं। दैनिक सयभन्दा धेरैले थेरापी गराइरहेका छन्,' अस्पतालका निर्देशक प्रा.डा. विष्णुदत्त पौडेलले भने, 'यति गर्दागर्दै पनि चाप थेग्न नसक्दा बिरामीले पालो कुर्नुपर्ने बाध्यता छ।'

■ ठूला अस्पतालमा अनलाइन टिकेटिङ

एक प्रतिशतभन्दा कमले मात्र अनलाइनमार्फत काट्छन् ओपिडी टिकट

'वीर हस्पिटल' एपमा सबै सुविधा

'वीर हस्पिटल' नामक एपबाट टिकटको शुल्क पनि अनलाइनबाट तिर्न सकिने, ल्याबको रिपोर्ट मेलमा उपलब्ध हुने भए पनि प्रयोगमा नआउँदा समस्या भइरहेको उपकुलपति डा. भूपेन्द्र बस्नेत बताउँछन्। (विस्तृत पृष्ठ २)

■ जहाँ पढाइसँगै बारीको काम पनि सिकाइन्छ



विद्यार्थीले लगाउँछन् सिजनअनुसार खेती, नाफाघाटाको हिसाबकिताब पनि आफैं राख्छन् (विस्तृत पृष्ठ ३)

■ **साताको एक दिन व्यावहारिक ज्ञान सिकाउँदै काठमाडौंका विद्यालय**

नीति तथा कार्यक्रम पारित



■ सदनको छलफल विषयवस्तुभन्दा धेरै राजनीतिक घोचपेचमा केन्द्रित

■ राष्ट्रिय सभामा ४४ र प्रतिनिधिसभामा १८५ जना सांसदले सुझाव दिए, तर परिमार्जन नहुने प्रचलनका कारण सुझाव नीति तथा कार्यक्रममा प्रतिबिम्बित नहुने

■ १५ जेठमा प्रस्तुत गरिने बजेटसमेत लक भइसकेकाले सांसदका सुझाव समेटिने सम्भावना न्यून

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारको आगामी आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम संघीय संसद्को दुवै सदनबाट बहुमतले पारित भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले ५ जेठमा संघीय संसद्मा आफ्नो सम्बोधनमार्फत पेस गरेको नीति तथा कार्यक्रम कुनै परिमार्जनविना एक साताभन्दा बढी समय छलफल गरेर पारित भएको हो।

राष्ट्रिय सभाले पेरेका तीनवटा संशोधन अस्वीकृत गर्दै ९ जेठमा बहुमतले पारित गरेको थियो भने २० वटा संशोधन परेको प्रतिनिधिसभाले एउटा पनि नसमेटेर बहुमतका आधारमा हुबहु पारित गरेको हो। प्रतिनिधिसभाले १६ वटा संशोधन प्रस्ताव अस्वीकृत गऱ्यो भने चारवटा प्रस्ताव सांसदले आफैं फिर्ता लिएका थिए।

कांग्रेस, माओवादी, जसपा, एकीकृत समाजवादी, जनमत, लोसपा, नागरिक उन्मुक्तिको समर्थनमा नीति तथा कार्यक्रम पारित हुँदा एमाले, रास्वपा, राप्रपा, नेमकिपा र जनमोर्चाले असहमति राख्दै विपक्षमा उभिएका थिए। सदनमा आठ दिनसम्म छलफल भएको नीति तथा कार्यक्रममा कुनै परिमार्जन नभए पनि आएका सुझावलाई बजेट वक्तव्यमा समेट्ने प्रतिबद्धता प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरेका छन्।

साथै, अहिलेको ऐन-कानुनको व्यवस्था र प्रणालीले कमा र फुलिस्टप चेन्ज नहुने परम्परा रहेको कर्मकाण्डी र अर्थ न बर्थको छलफललाई अर्को वर्षदेखि परिमार्जन गर्न लाग्नुपर्ने उनको भनाइ थियो। 'नीति तथा कार्यक्रममा छलफल

» पृष्ठ ११ मा क्रमशः

■ जलहरी प्रकरण

सदनको रेकर्डबाट हटाइयो ओलीमाथि लगाइएको आरोप

काठमाडौं/ पशुपतिनाथ मन्दिरको जलहरी सुनको भनेर पित्तल लगाएर तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा भ्रष्टाचार भएको भन्ने माओवादी सांसद लेखनाथ दाहालको अभिव्यक्ति संसद्को रेकर्डबाट हटाइएको छ। शनिबारको बैठकमा सभामुख देवराज घिमिरेले रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिएका छन्।

सांसद दाहालले बुधबार नीति तथा कार्यक्रममाथिको छलफलमा ओलीको पालामा भ्रष्टाचारका काण्डैकाण्ड भएको भन्दै जलहरी काण्ड पनि उल्लेख गरेका थिए। जलहरी बनाउँदा करिब ११ किलो सुन गायब भएको महालेखापरीक्षकको कार्यालयले आफ्नो ५९औं प्रतिवेदनमा उल्लेख गरेको छ। त्यस्तै, यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन गरिरहेको छ।

तर, एमालेले तथ्यबिना नै आफ्नो नेतालाई भ्रष्टाचार गरेको भनेर आरोप लगाएको भन्दै शुक्रबार सदन अवरुद्ध गरेको थियो। जलहरी बनाइएको विषयमा सरकारले धारणा स्पष्ट पार्नुपर्ने, आरोप लगाउने सांसदले माफी माग्नुपर्ने र आरोप संसदको रेकर्डबाट हटाउनुपर्ने माग एमालेले राखेको थियो।

१५ जेठमा बजेट सदनमा पेस गर्नुपर्ने बाध्यतामा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नीति तथा कार्यक्रममाथिको छलफल नै प्रभावित हुने गरी सदन अवरुद्ध भएपछि एमालेसँग छलफल गरेर जलहरीमा आफ्नो पार्टीका सांसदको अभिव्यक्ति उचित नभएको भनेर स्पष्टीकरण दिने र संसद्को रेकर्डबाट हटाउने सहमति गरेका थिए।

सहमतिपछि शनिबार साँझ ५ बजे सुरु भएको संसद बैठकको सुरुवातमै बोल्दै प्रधानमन्त्री प्रचण्डले पशुपति विकास कोषसँग क्षेत्राधिकारभित्र पर्ने पशुपतिको जलहरीसम्बन्धी विषयमा प्रमुख प्रतिपक्षी दलको नेतालाई जोडेर सदनमा विचार व्यक्त हुनु उचित नभएको बताए।

'अख्तियारको समेत छानबिनमा रहेको पशुपति विकास कोषको कार्यक्षेत्रसँग सम्बन्धित पशुपतिको जलहरीसम्बन्धी विषयमा प्रमुख प्रतिपक्षी दलको नेतालाई जोडेर सदनमा विचार व्यक्त हुनु उचित होइन। यस्ता विषय संसद्को रेकर्डबाट हटाउने प्रचलन रहेकै छ,' प्रधानमन्त्री प्रचण्डले भने।

त्यसपछि सभामुख देवराज घिमिरेले माओवादी सांसद

» पृष्ठ ११ मा क्रमशः

■ रहस्यमय बन्दै विद्युतीय चुरोटभित्र लुकाएर गरिएको सुन तस्करी

भन्सारका नासुले ६५ लाख लिएको स्विकारे, सुन ल्याउने व्यक्ति अझै अज्ञात

■ हालसम्मको अनुसन्धानमा ई-सिगरेटभित्र करिब नौ किलो सुन रहेको र त्यसलाई ६ करोडमा बिक्री गरिएको खुलेको छ। तर, बिक्री भएको थोरै मात्र बरामद भएको छ। त्यो सुन विभिन्न सुन पसलमा बिक्री भएको आशंका गरिए पनि क-कसले किने भन्ने प्रस्ट हुन सकेको छैन। अझ सुन चीनबाट कुन समूहले ल्याएको थियो भन्ने नै खुल्न नसक्दा घटना रहस्यमय बनेको छ।



नवराज मैनाली/नयाँ पत्रिका

ई-सिगरेट (विद्युतीय चुरोट)भित्र लुकाएर भएको सुन तस्करीको घटना रहस्यमय बनेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले विमानस्थलस्थित भन्सार कार्यालयका नायब सुब्बासहित चारजनालाई पक्राउ गरेको दुई साता बितिसक्दा पनि तस्करीको पर्दा खुल्न सकेको छैन।

भन्सारका नासु रेवन्त खड्कासहित भन्सार एजेन्ट र दुई सुनपसलेलाई सिआइबीले थुनामा राखेर अनुसन्धान गरिरहेको छ। उनीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयको गोदाममा रहेको सुनजडित ई-सिगरेट साटिदिएका थिए। पक्राउ परेका नासु खड्काले त्यसबापत ६५ लाख रुपैयाँ लिएको खुलेको छ। उनले पैसा लिएको स्वीकार गर्दै २५ लाख प्रेमिकाको खातामा राखेको र बाँकी एक आफन्तलाई ऋण तिर्न दिएको प्रहरीको सोधपुछमा बताएका छन्।

हालसम्मको अनुसन्धानमा सुन तस्करी गर्ने र त्यसलाई चोरेर बेच्ने समूह फरक-फरक भएको खुलेको छ। गत १० पुसमा विमानस्थलस्थित भन्सार कार्यालयले ई-सिगरेट रहेका दुई सुटकेस शंका लागेपछि रोकेको थियो। एक चिनियाँ नागरिकले ठूलो मात्रामा ई-सिगरेट ल्याएकोमा शंका लागेर भन्सारले रोकेको थियो। ती सुटकेस चीनबाट ल्याइएको थियो। शंकास्पद सुटकेस लामो समय भन्सारको गोदाममा राखिएको थियो। जसलाई लिलाम

» पृष्ठ ११ मा क्रमशः

सार्वजनिक स्थलबाट ६७ ट्रक फोहोर संकलन



काठमाडौं/ काठमाडौंका विभिन्न सार्वजनिक ठाउँमा शनिबार भएको विशेष सरसफाइ अभियानबाट ६७ गाडी फोहोर संकलन भएको छ। जसमध्ये महानगरले ३१ गाडी र निजी क्षेत्रले ३६ गाडी फोहोर संकलन गरेका थिए। अभियानबाट करिब एक सय १८ मेट्रिकटन फोहोर संकलन भएको वातावरण व्यवस्थापन विभागले जनाएको छ। जनप्रतिनिधिले पद बहाली गरेको एक वर्ष पूरा भएको अवसरमा काठमाडौं महानगरका ३२ वटै वडामा एकैपटक सरसफाइ गरिएको हो।

सरसफाइका लागि ब्रुमर, जेटसहित साधन तथा उपकरण परिचालन गरिएका थिए। बिहान सात बजे सरसफाइ सुरु भएको थियो। यस क्रममा महानगरकी उपप्रमुख सुनीता डंगोल, वडा नं. १२, २० र २१ का विभिन्न स्थानमा पुगेर सफाइ कार्यमा सहभागी थिइन्। उपप्रमुख डंगोलले भनिन्, 'सरसफाइ र स्वच्छता हाम्रो दायित्व हो। यो दायित्व सहभागितामूलक व्यवस्थापन पद्धतिले मात्र दिगो बन्छ। यसकारण सरसफाइ कार्यक्रमलाई अभियानका रूपमा नियमित सञ्चालन गरेर नागरिकको सहभागिता बढाउँदै लैजानुपर्छ।'

महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले सरसफाइ र स्वच्छताका लागि महानगरपालिकाले जिम्मेवारी पूरा गर्ने बताए। यसमा नागरिकले पनि आफ्नो दायित्व पूरा गर्नुपर्ने उनको भनाइ छ। 'घर बनाउँदै गर्नुभएका महानगरवासीले सडकमा जथाभावी निर्माण सामग्री राखिदिँदा ढल बन्द भएको धेरै भेटियो,' उनले भने, 'उत्पादित फोहोरलाई सही समय र ठाउँमा राख्नुपर्नेमा समुदायले जिम्मेवारी पूरा गरेको देखिएन। यसलाई नियमन गर्नुपर्ने नाइकेको र निजी क्षेत्रको भूमिका प्रभावकारी देखिएन।'

कार्यक्रमलाई व्यवस्थित गर्न हरेक वडामा टोली प्रमुखसहित सहयोगी अधिकृत कर्मचारी, वडासचिव, सेनिटेसन सुपरभाइजर, एकजना नगर प्रहरी र नाइके कर्मचारीको टोली खटाइएको थियो। टोलीले वडाध्यक्ष, सदस्य तथा वडाका अधिकारीसँग बैठक बसेर सफाइका लागि भेट गर्ने ठाउँ, सफाइ गरिने क्षेत्रलगायत विषयमा निर्णय गरेको थियो। सफाइका क्रममा सडक, पार्क, नदी-किनारामा भेटिएको फोहोर टिपिएको थियो। यस्तै, घरका दैलो-दैलोमा पुगेर जथाभावी फोहोर बाहिर ननिकाल्न आग्रह गरिएको थियो। सफाइका क्रममा सहरलाई प्रदूषित हुनबाट रोक्ने प्रयासमा नागरिकलाई सहभागी गराइएको थियो। यस्तै, दैलोमा पुगेर फोहोरलाई स्रोतमा वर्गीकरण गर्न, उचित समयमा जिम्मेवार फोहोर संकलकको सवारीसाधनमा मात्र फोहोर जिम्मा लगाउन, जैविक फोहोरलाई घरमै व्यवस्थापन, पुनः प्रयोग र पुनः चक्रिय प्रयोगबाट घटाउन, प्लास्टिकका झोलाको प्रयोग कम गर्न अनुरोध गरिएको थियो।

■ ठूला अस्पतालमा अनलाइन टिकेटिङ

एक प्रतिशतभन्दा कमले मात्रै अनलाइनमार्फत काट्छन् ओपिडी टिकट



सिभिल अस्पतालमा अनलाइनबाट ओपिडी टिकट काट्ने व्यवस्था भए पनि लाइन लागेरै टिकट काट्दै सर्वसाधारण। **फाइल तस्बिर**

■ डा. भूपेन्द्र बस्नेत
उपकुलपति, न्याम्स



अस्पतालमै आएर टिकट लिँदा एकातिर भिडभाड बढ्ने हुन्छ भने अर्कोतिर सेवामा पनि ढिलाइ हुन्छ। बिरामीसँग आउने कुरुवासमेत गरी वीर अस्पतालमा दैनिक कम्तीमा १० हजारले भिजिट गर्छन्। अस्पतालले उपलब्ध गराएको सेवा प्रयोगमा नआउँदा झन् समस्या भइरहेको छ।

■ डा. सन्तोष पौडेल
निर्देशक, वीर अस्पताल



वीर अस्पतालले एपमार्फत टिकट लिएर ओपिडी जाँच गर्ने सुविधा ल्याएको दुई वर्ष भइसक्यो। अनलाइनबाटै टिकट लिन सकिन्छ भनेर काउन्टरअगाडि सहयोगका लागि अर्को काउन्टर पनि सञ्चालनमा ल्याएका छौं। तर, बिरामीहरू लाइन बसेरै टिकट लिइरहेका छन्।

मञ्जु टेलर/नयाँ पत्रिका

सरकारी अस्पतालमा बहिरंग (ओपिडी) सेवाका लागि अनलाइनबाट टिकट लिने व्यवस्था १५ दिनभित्र मिलाउन स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले निर्देशन दिएका छन्। सरकारी अस्पतालमा टिकटका लागि हुने भिडभाड कम गर्न अनलाइन सेवा सञ्चालनमा ल्याउन मन्त्री बस्नेतले ५ जेठमा निर्देशन दिएका हुन्।

टिकटका लागि घन्टौं लाइन बस्नुपर्ने बाध्यता हटाउन यसअघि नै अनलाइन टिकट सेवा सञ्चालनमा ल्याएका अस्पतालहरूमा समेत सेवा प्रभावकारी हुन सकेको छैन। ओपिडी र अन्य सेवाका लागि लाइन बसेर टिकट लिँदा हुने भिडभाड कम गर्न भन्दै केही अस्पतालले अनलाइन सेवा सुरु गरे पनि १ प्रतिशतभन्दा कमले मात्रै सेवा लिइरहेको तथ्यांक छ।

दुई वर्षअघि वीर अस्पतालले एपमार्फत अनलाइनबाट ओपिडीको टिकट लिन मिल्ने व्यवस्था गरे पनि १ प्रतिशतभन्दा कमले मात्र सेवा लिँदै आएका छन्। ओपिडीका लागि मात्रै दैनिक १८ सयदेखि २५ सयभन्दा बढी बिरामी पुग्ने अस्पतालमा अनलाइन टिकट लिएर दैनिक बढीमा ३५ जना अस्पताल पुग्ने गरेका छन्। ओपिडी सेवाका लागि काउन्टरमा टिकट लिनेको भिड घटाउनका लागि अनलाइन एफमार्फत सुविधा दिए पनि प्रयोगमा नआउँदा भिड घटाउन नसकिएको अस्पतालका निर्देशक डा. सन्तोष पौडेल बताउँछन्। उनी भन्छन्, 'वीर अस्पतालको एपमार्फत टिकट लिएर ओपिडी जाँच गर्ने सुविधा ल्याएको दुई वर्ष भइसक्यो। अनलाइनबाट टिकट लिन सकिन्छ भनेर काउन्टरअगाडि सहयोगका लागि काउन्टर पनि सञ्चालनमा ल्याएका छौं। तर, बिरामीहरू लाइन बसेरै टिकट लिइरहेका छन्।'

साताको ६ दिन ओपिडी सेवाका लागि सेवाग्राहीहरू बिहान सात बजेदेखि टिकटका लागि लाइनमा बस्दै आएका छन्। भिड व्यवस्थापनका लागि अस्पतालले ६ वटा काउन्टरबाट सेवा दिइरहे पनि टिकटकै लागि घन्टौंसम्म लाइन बस्छन्। बेलुका पाँच बजेसम्म खुला हुने ओपिडीमा जाँच गराउन बिरामीलाई दिउँसै चार बजेसम्म टिकट लिन सक्ने व्यवस्था छ। तर, २४सै घन्टा घरबाटै सजिलै एपमार्फत सेवा लिन सकिने भए पनि सेवाको सदुपयोग नगर्दा समस्या भइरहेको न्याम्सका उपकुलपति डा. भूपेन्द्र बस्नेतले बताए। उनी भन्छन्, 'बिरामीको चापअनुसार अस्पतालहरूमा ठाउँ पर्याप्त छैनन्। अस्पतालमै आएर टिकट लिँदा एकातिर अस्पतालमा भिडभाड बढी हुन्छ भने अर्कोतिर सेवामा पनि ढिलाइ हुन्छ। बिरामीसँग आउने कुरुवासमेत गरी दैनिक कम्तीमा १० हजारले भिजिट गर्ने अस्पतालमा उपलब्ध सेवासमेत प्रयोगमा नआउँदा समस्या उस्तै देखिएको हो।'

■ 'वीर हस्पिटल' एपमा सबै सुविधा

'वीर हस्पिटल' नामक एपबाट उपचार गराउनुपर्ने विभागको टिकट बिरामीले सजिलैसँग लिन सक्ने उपकुलपति डा. बस्नेत बताउँछन्। उनका अनुसार टिकटको शुल्क पनि अनलाइनबाट तिर्न सकिने, ल्याबको रिपोर्ट मेलमा उपलब्ध हुने भए पनि प्रयोगमा नआउँदा समस्या भइरहेको छ।

अत्यधिक भिडभाड रहने वीर अस्पतालमा ओपिडी, इमर्जेन्सी र भर्ना हुने बिरामीसमेत गरी दैनिक पाँच हजारभन्दा बढीले सेवा लिन्छन्। गत वर्षको तथ्यांक हेर्दा वर्षभरिमा तीन लाख ७९ हजार नौ सय ८७ जनाले ओपिडीमा र अन्यमा समेत गरी चार लाख ३३ हजार एक सय आठजनाले सेवा लिएका छन्।

■ अनलाइनबाट टिकट काटे पनि अस्पताल आएर टोकन लिनुपर्ने झन्झट

अनलाइनबाट ओपिडीलगायतका काम गरे पनि ओपिडी वार्डमा फेरि टोकन लिएर पालो कुर्नुपर्ने भएपछि बिरामीहरूले झन्झन्ट मान्ने गरेका छन्। भरतपुर क्यान्सर अस्पतालका सूचना अधिकारी गोपालप्रसाद पौडेलका अनुसार मंसिर ०७८ देखि नै अनलाइन टिकट सेवा सुरु गरे पनि दैनिक बढीमा सयजनाले मात्रै सेवा लिने गरेका छन्। उनी भन्छन्, 'बिमा र जनरल दुवै सेवा लिने बिरामीका लागि सेवा दिइरहेका छौं।' अनलाइनबाट काटेको टिकटको प्रिन्ट गरेर ल्याउनुपर्ने र ओपिडीमा टोकन लिएर पालो कुनुपर्ने भएकाले अनलाइन टिकटको प्रयोग निकै न्यून भइरहेको उनले बताएका हुन्। भरतपुर अस्पतालमा १५ देखि १७ सय बिरामी दैनिक ओपिडीमा आउने गरेका छन्।

■ तुलनात्मक रूपमा सिभिल र गंगालालमा अनलाइन टिकट प्रभावकारी

सधैं भिड रहने बानेश्वरस्थित सिभिल अस्पताल र बाँसबारीस्थित गंगालाल हृदयकेन्द्रले तुलनात्मक रूपमा अनलाइन टिकट सेवा प्रभावकारी रूपमा चलाइरहेका छन्। अन्य अस्पतालको तुलनामा यी दुई अस्पतालमा अनलाइनबाट सेवा लिनेको संख्या बढी छ। अनलाइन सेवा प्रभावकारी भए पनि टिकट लिनेको संख्या पनि कम नहुने अस्पतालले जनाएको छ।

महानगरस्तरीय बाल भेला सम्पन्न

काठमाडौं/ आब ०८०/८१ का लागि बालबालिकालक्षित योजना तर्जुमाका लागि महानगरस्तरीय बाल भेला सम्पन्न भएको छ। भेलामा १२ देखि १८ वर्ष उमेरसमूहका बालबालिका सहभागी थिए। भेलाका निर्णय र योजनालाई बालबालिकाले ३३ बुँदामा सूचीकृत गरेका छन्। काठमाडौं महानगरपालिकाभित्र के मन पर्छ ? के मन पर्दैन ? सुरक्षित महसुस हुन्छ कि हुँदैन ? जस्ता बाल बचाउ, अधिकार, संरक्षणसम्बन्धी सवाल भेलामा प्रस्तुतीकरण र छलफल गरिएको थियो। छलफलमा भेदभाव, दुर्व्यवहार, हिंसा, शोषण, उपेक्षा, श्रमसँगै विद्यालयबाट प्राप्त हुने सेवा, सुविधा र आचरणसम्बन्धी सवालहरू उठान गरिएका थिए।

शनिबार उपत्यकामा

शान्तिनगर : काठमाडौं महानगरपालिका-३१, शान्तिनगरस्थित सुनसरी खाजाघरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ४० वर्षीय ओमकार कार्कीसहित सातजनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरीवृत्त बानेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई शुक्रबार साँझ नगद ९५ हजार ६ सय १५ रुपैयाँ र तीन बुक तासहित पक्राउ गरेको हो।

माकलबारी : गोकर्णेश्वर नगरपालिका-८ बाट निर्यान्त्रित लागुऔषध डाइजेपाम ४९ थान, नोर्फिन ४७ थान, फेनागन ५० थान र नगद २५ हजार पाँच सय रुपैयाँसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। गोकर्णेश्वर नगरपालिका-८, माकलबारी बस्नेहरू रौतहट चन्द्रपुर नगरपालिका-३ का २४ वर्षीय सानु तामाङ र २२ वर्षीय सुर्जा तामाङ रहेका छन्। सोही नगरपालिका-८, भेनसमोड र माकलबारी एरियामा शुक्रबार लागुऔषध बिक्री भइरहेको सूचनाका आधारमा प्रहरीवृत्त बौद्धबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

गोकर्ण : जया मल्टिपल क्याम्पसका विद्यार्थीले 'रूख बचाऔं अभियान'स्वरूप गोकर्णमा 'ट्री चेन' बनाएका छन्। क्लिन अप प्रिमियर लिगको पाँचौं साताको अवसरमा उनीहरूले 'हरियो वन नेपालको धन' भन्ने सचेतनामूलक नारा लगाउँदै 'ट्री चेन' बनाएका हुन्। मैनादेवी फाउन्डेसनद्वारा आयोजित क्लिन अप प्रिमियर लिगमा जया मल्टिपलसहित उपत्यकाका १५ विद्यालय सहभागी थिए। पाँचौं सातामा विद्यार्थीले जोरपाटी माकलबारीस्थित नमुना पार्कमा फूल पनि रोपेका थिए। यसपछि रूख जोगाऔं भन्ने नारा लगाउँदै जगडोलस्थित झन्डा पार्कमा पुगेर 'गो ग्रिन गो क्लिन, स्थानीयको फोहोरको भारी स्थानीयकै जिम्मेवारी'जस्ता नारा लगाएका थिए।

साँखु : शंखरापुर नगरपालिका-६, साँखुमा डेरा गरी बस्ने सोही नगरपालिका-१ का सत्यमान तामाङले घर भाडामा लिई जुवातास खेलाइरहेको अवस्थामा तामाङसहित पाँचजनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरी प्रभाग साँखुबाट खटिएको प्रहरीले उनीहरूलाई शुक्रबार साँझ नगद २४ हजार ९५ रुपैयाँ, अमेरिकी पाँच डलर र मलेसियाको आरएम एक दरका १० वटा नोटसहित पक्राउ गरेको हो।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय गाईघाटको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय गाईघाटबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्नेतर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उधोग विकास समिति, मुख्य शाखा कार्यलय, उदयपुरमा मिति २०७३/०२/०२ मा दर्ता नं. १५६०-२०७२-०७३ दर्ता कायम भई करदाता सेवा कार्यालय गाईघाटबाट स्थायी लेखा नं ६०३६९०७४५ रहेको उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं. १२ स्थित रजिष्टर्ड कार्यालय रहेको **नेपाल स्टार एण्ड सप्लायर्स ट्रेडर्स**का प्रोप्राईटर कर्ण बहादुर राउतको बुहारी नर बहादुर कार्कीको छोरी अमिर बहादुर राउतको पत्नी उदयपुर जिल्ला, त्रियुगा गा.पा/न.पा./गा.वि.स., वडा नं.१२ स्थायी घर भई हाल उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं ०७ बस्ने **जानुका कुमारी कार्की** (ना.प्र.नं. ६२८१३, जारी मिति २०६०/०२/०६, जिल्ला प्रशासन कार्यालय उदयपुर)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. कर्ण बहादुर राउतको बुहारी, नर बहादुर कार्कीको छोरी, अमिर बहादुर राउतको पत्नी, उदयपुर जिल्ला, त्रियुगा गा.पा/न.पा./गा.वि.स., वडा नं.१२ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं ०७ बस्ने **जानुका कुमारी कार्की** (ना.प्र.नं. ६२८१३, जारी मिति २०६०/०२/०६, जिल्ला प्रशासन कार्यालय उदयपुर)।

२. बम बहादुर राउतको नाती, कर्ण बहादुर राउतको छोरा, जानुका कुमारी कार्कीको पति, उदयपुर जिल्ला, बाराहा गा.वि.स., वडा नं.५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, त्रियुगा न.पा., वडा नं ०७ बस्ने **अमिर बहादुर राउत** (ना.प्र.नं. २८९४/३४५९९, जारी मिति २०५४/०४/२१, जिल्ला प्रशासन कार्यालय उदयपुर)।

धितो सुरक्षणको विवरण:

१. **अमिर बहादुर राउत**को नाममा मालपोत कार्यालय, उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, साविक भुमरसुवा गा.वि.स., वडा नं. ८/ख स्थित कित्ता नं. १०९० को क्षेत्रफल ०-०-९ (बिगहा) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणी **नेपाल स्टार एण्ड सप्लायर्स ट्रेडर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसँग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय गाईघाट फोन नं. ०३५-४२२७९६

विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८० जेष्ठ १४ गते आइतबार)

श्री शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८०/०२/१२ गतेका दिन बसेको संचालक समितिको १०६ औं बैठकले निर्णय गरे अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८०/०२/२९ गते (तदनुसार जुन १२, २०२३), सोमबार।
समय : दिनको ०४:३० बजे।
स्थान : एनआईबिएल एस क्यापिटल लि. को सभाहल, लाजिम्पाट, काठमाण्डौं।

छलफलका विषय

क) विशेष प्रस्तावहरु :

१) यस एनआईबिएल एस क्यापिटल लिमिटेडले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति गर्ने (एक्विजिसन) सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने।

२) एनआईबिएल एस क्यापिटल लिमिटेडले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति गर्ने (एक्विजिसन) कार्य गर्दा उल्लेखित दुवै कम्पनीको मातृ संस्था तथा एकल शेयरधनी श्री नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको सञ्चालक समितिको निर्णय बमोजिम चल अचल सम्पत्ति तथा दायित्व Due Diligence Audit – DDA को आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात ११ (Share Swap Ratio) बमोजिम मेगा क्यापिटल मार्केट्स लिमिटेडको एक शेयर बराबर यस कम्पनीको एक शेयर (१:१) प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने।

३) एनआईबिएल एस क्यापिटल लिमिटेडले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति गर्ने (एक्विजिसन) कार्य पश्चात् यस कम्पनीको नाम संशोधन गरी एनआईएमबि एस क्यापिटल लिमिटेड (अंग्रेजीमा NIMB Ace Capital Limited) राख्ने सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने तथा सो को लागि प्रबन्धपत्रको दफा १, नियमावलीको नियम १, ३ (ग), (घ), (ङ) लगायतका आवश्यक दफा/नियम संशोधन गर्ने साथै नाम संशोधनको लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिन लगायत सो संग सम्बन्धि गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव समेत पारित गर्ने।

४) एनआईबिएल एस क्यापिटल लिमिटेडले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति गर्ने (एक्विजिसन) सम्बन्धमा भएको सम्झौता (स्किम अफ एरेन्जमेण्ट) तथा सो सम्बन्धमा भए गरेका अन्य सम्पूर्ण निर्णय एवं काम-कारवाहिहरुलाई अनुमोदन गरी स्वीकृत गर्ने विशेष प्रस्ताव पारित गर्ने।

५) एनआईबिएल एस क्यापिटल लिमिटेडले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति गर्ने (एक्विजिसन) प्रयोजनका लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन गर्ने र प्राप्ति गर्ने (एक्विजिसन) सम्बन्धि प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अख्तियारप्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देश गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने गराउने, प्राप्ति गर्ने (एक्विजिसन) सम्बन्धमा गनुपर्ने अन्य सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने।

६) एनआईबिएल एस क्यापिटल लिमिटेडले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति गर्ने (एक्विजिसन) कार्य पश्चात् दुवै कम्पनीहरुको पूंजी समाहित भै बन्ने यस कम्पनीको जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि हुने हुँदा सोही मुताबिक यस कम्पनीको प्रबन्धपत्रको दफा ६ (ख) र दफा ६ (ग) संशोधन गरि जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने।

७) एनआईबिएल एस क्यापिटल लिमिटेडले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति गर्ने (एक्विजिसन) कार्य पश्चात् बन्ने यस कम्पनीको नियमावलीको नियम २७ (२) विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम ९ को व्यवस्था बमोजिम सम्शोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने।

८) एनआईबिएल एस क्यापिटल लिमिटेडले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति गर्ने (एक्विजिसन) कार्य पश्चात् उक्त मेगा क्यापिटल मार्केट्स लिमिटेड यस एनआईबिएल एस क्यापिटल लिमिटेडमा समाहित भै यस कम्पनीको नाम समेत संशोधन हुने हुँदा उक्त मेगा क्यापिटल मार्केट्स लिमिटेडको सम्पूर्ण सम्पत्ति तथा दायित्व यस कम्पनीले सकार गर्ने गरी प्राप्ति गर्ने (एक्विजिसन) विशेष प्रस्ताव पारित गर्ने।

९) यस कम्पनीको नियमावलीको नियम १८ (३) संशोधन गरी विशेष साधारण सभाका गर्नका लागि दिनुपर्ने सूचनाको अवधि परिवर्तन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने।

१०) विशेष प्रस्तावका उल्लेखित संशोधनहरुबाट प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन/थप उपर वा प्राप्ति गर्ने (एक्विजिसन) सम्बन्धि सम्झौता पत्र वा अन्य कुनै विषयमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न वा कुनै थप निर्णय गर्नु कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पारित गर्ने।

ख) विविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiaryof NIMB

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

काठमाडौं भ्यु टावरमा १२ देखि १४ तला थप्ने तयारी

काठमाडौं/ निर्माणाधीन काठमाडौं दृश्यावलोकन स्तम्भ (भ्यु टावर)मा १२ देखि १४ तला थप्ने तयारी भएको छ। साबिक पुरानो बसपार्कमा रहेको टावरको १२ तला सम्पन्न भइसकेको छ। १२औं तला निर्माणबारे प्राविधिक जाँचका लागि पुल्चोक इन्जिनियरिङ क्याम्पसले अध्ययन गरी काठमाडौं महानगरलाई प्रतिवेदन बुझाइसकेको छ। प्रतिवेदनअनुसार निर्माण मापदण्डअनुसार नै काम भएको र अझै तला थप्न सकिने जनाएकाले कामपाको प्राविधिक टोलीले उक्त प्रतिवेदनको अध्ययन गरी तला थपका लागि अनुमति दिने तयारी गरेको छ।

०७२ सालको भूकम्पअघि उक्त टावर २९ तलाको बनाउने तयारी थियो। भूकम्पपछि १२ तलामा सीमित गरिएको थियो। अहिले १२ तलालाई बढाएर २४ देखि २६ तलासम्म बनाउने तयारी भइरहेको कामपा सार्वजनिक निजी साझेदारी एकाइका प्रमुख महेश काफ्लेले जानकारी दिए। उनका अनुसार कामपाको प्राविधिक टोलीले प्रतिवेदन अध्ययन गरेपछि कति तला थप्नेबारे यकिन हुनेछ।

टावर निर्माण गरिरहेको कम्पनीले तला थपका लागि कामपालाई निवेदन दिनुपर्छ। सोहीअनुसार कामपाले कानुनी प्रक्रिया पूरा गरी तला थपका लागि नक्सा स्वीकृत गर्नेछ। प्रमुख काफ्लेका अनुसार भूकम्प जानुअघि २९ तला नै बनाउने योजना थियो, भूकम्प गएसँगै १२ तला बनाउने भन्दै सोहीअनुसार निर्माण अघि बढाइएको हो। 'हालसम्म निर्माण भएको संरचना कस्तो छ, निर्माण सामग्री कस्तो प्रयोग गरिएको छ, तला थप्न मिल्छ कि मिल्दैनजस्ता विषयबारे पुल्चोक क्याम्पसले अध्ययन गरेको हो,' काफ्लेले भने।

टावर निर्माणको काम जलेश्वर, स्वच्छन्द र बिकोईले ०७३ साउनदेखि सुरु गरेको हो। टावर निर्माणका लागि कामपा र जलेश्वर, स्वच्छन्द र बिकोई कम्पनीबीच २२ फागुन ०७१ मा सम्झौता भएको थियो। सम्झौताअनुसार पाँच वर्षभित्र कम्पनीले आफ्नो लगानीमा भवन बनाएर ३० वर्षसम्म भोगचलन गर्न सक्नेछ। टावरका लागि २३ रोपनी पाँच आना जग्गा छुट्याइएको छ। उक्त टावर नेपाली कला संस्कृति झल्किने किसिमको हुने उल्लेख छ।

कुल क्षेत्रफलको ४० प्रतिशत भूभागमा टावर बन्नेछ भने ६० प्रतिशत भाग खाली हुनेछ। ६० प्रतिशत जग्गामा बगैंचा, बस्ने ठाउँ तथा विभिन्न मनोरञ्जनका सामग्री राखिने योजना छ। टावरमा दुईतले भूमिगत पार्किङ हुनेछ। जसमा चार सयवटा सवारीसाधन अटाउनेछन्। भुइँतलामा मोटरसाइकल पार्किङ रहनेछ। टावरमा अत्याधुनिक सिनेमा हल, बैंक तथा वित्तीय संस्था, स्वास्थ्य सेवा प्रवाह गर्ने स्थान, रेस्टुरेन्ट तथा पुस्तकालय हुनेछन्।

■ वैशाखदेखि पार्किङ खुला

निर्माणाधीन भ्यु टावरको बेसमेन्ट (भूमिगत क्षेत्र)मा गत २२ वैशाखदेखि निजी सवारीसाधन पार्किङका लागि खुलेको छ। चारपाग्रे साना सवारीसाधन र दुईपाग्रे सवारीसाधन उक्त स्थानमा राख्न गरिएको छ। सुरुवाती समयमा निःशुल्क पार्किङको व्यवस्था गरिए पनि केही दिनबाट थप व्यवस्थापनसहित शुल्क लिएर पार्किङको व्यवस्थापन मिलाइने बताइएको छ। प्रमुख काफ्लेका अनुसार चार सयवटा साना सवारीसाधन र एक हजारवटा मोटरसाइकल अट्ने पार्किङ गत २२ वैशाखदेखि नै सञ्चालनमा आएको हो। टावर निर्माणको साउन ०७२ बाट बसपार्कलाई खुलामञ्चमा स्थानान्तरण गरिएको थियो। -रासस

जहाँ पढाइसँगै बारीको काम पनि सिकाइन्छ

विद्यार्थीले लगाउँछन् सिजनअनुसार खेती, नाफाघाटाको हिसाबकिताब पनि आफैं राख्छन्

शिवहरि घिमिरे/नयाँ पत्रिका

कोही हुर्कँदै गरेका हरिया मकैका बोटमा उकेरा लगाउँदै जरामा पानी र मल राख्दै छन् । कोही भटमास र फर्सीका बिरुवा रोप्न व्यस्त देखिन्छन् । त्यसको केही पर भवनको कोठामा कोही फिल्म हेर्न मस्त छन् । बाहिरपट्टि रहेको खुला ठाउँमा कोही चेस, लुँडो, फुटबललगायत खेलमा मग्न छन् । कोही लाइब्रेरी विभागभित्र किताबमा एकाग्र छन् । कोही रंगीबिरंगी चित्र कोरिरहेका छन् त कोही सारंगी रेट्दै म्युजिक र डान्समा झुमिरहेका छन् । व्यस्त सहर काठमाडौंकै एउटा स्कुलभित्र बिहीबार देखिएको दृश्य हो यो ।

बाफलस्थित हर्टल्यान्ड एकेडेमीले बिहीबार 'डेमोक्रेटिक डे' मनाउने गर्छ । यस दिन स्कुलमा विद्यार्थीको रोजाइ चल्छ । सातामा पाँच दिन शिक्षकको रोजाइअनुसार को शिक्षा र एक दिन भने विद्यार्थीको रोजाइमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने भएकाले यस दिनलाई 'डेमोक्रेटिक डे' भनिएको छ । बिहीबार नयाँ पत्रिकाकर्मी स्कुल प्रांगणमा पुग्दा विद्यार्थीहरू आ-आफ्नै धुनमा देखिन्थे । स्कुल ड्रेसमा सजिएका कक्षा १ देखि १० सम्मका विद्यार्थीहरूको कापी-किताब थिएन । उनीहरू थरीथरी क्रियाकलापमा व्यस्त थिए । उनीहरूलाई 'डेमोक्रेटिक डे' पर्वझैं लाग्छ । गीत गाउन, बारीमा काम गर्न, खेल्न, ल्याबका काम गर्न, कम्प्युटर सिक्न, डान्स गर्न, किचेनमा कामलगायत गतिविधिमा सहभागी हुन पाउँदा विद्यार्थीहरू निकै खुसी देखिन्छन् ।

किताबका भन्दा फरक कुरा सिकाउने भएकाले बिहीबारको कक्षा निकै रमाइलो हुने कक्षा ८ मा अध्ययनरत संजोग बस्नेत बताउँछन् । 'बिहीबार हामी अरू दिनभन्दा फरक कुरा सिक्ने अवसर पाउँछौं,' उनले सुनाए, 'आज मैले एक घन्टा मकैबारीमा काम गरैं, कम्प्युटर ल्याबमा कम्प्युटर सिकैं, म्याथम्याटिक्स गेम खेल्ने, चेस खेल्ने, गीत गाउनेलगायत काम गरैं ।' कक्षा ९ मा अध्ययरत निरुता रेग्मीलाई पनि बिहीबारको कक्षा छुट्टै लाग्छ । बिहीबार उनले एक घन्टा स्कुलपछाडि रहेको बारीमा गोडमेल गरिन् । खुर्सानी र भान्टाको बिरुवा रोपिन् ।

त्यसपछि उनी साइन्स ल्याबमा बसेर प्रयोगात्मक कुरा सिकेर अन्तिममा लुँडो खेलेर पढाइ सकिन् । 'बिहीबार हाम्रा लागि कुनै पर्वजस्तै हो, किनभने हामीले यस दिन आफूले चाहेको कुरा सिक्न पाउँछौं, यसमा शिक्षकले कुनै दबाब दिनुहुन्न ।' कक्षा १० मा अध्ययनरत एन्जिला केसीले पनि बिहीबारका दिन आफूहरूको सिर्जनशीलता प्रयोग गर्ने र बाहिरी कुरा सिक्ने अवसर मिलेको बताइन् ।

हर्टल्यान्ड एकेडेमी करिब आठ रोपनी क्षेत्रफलमा बनेको छ । कृषि गतिविधि सिकाउन करिब दुई रोपनी क्षेत्रफल जग्गा सहुलियत भाडामा लिइएको छ । ०५६ देखि सुरु भएको विद्यालयले बिहीबार फरक प्रकारको सिकाइ क्रियाकलाप सञ्चालन गर्दै आएको १३ वर्ष भयो । विद्यार्थीलाई किताबीज्ञान मात्रै नभएर उनीहरूको जीवनमा काम लाग्ने कुराहरू सिकाउन स्वतन्त्र सिकाइको



बाफलस्थित हर्टल्यान्ड एकेडेमीमा 'डेमोक्रेटिक डे'का दिन मकै खेतीमा सहभागी हुँदै विद्यार्थी । तस्बिर : संजित परियार

अवधारणाअनुसार यस्तो गतिविधि सुरु गरिएको हो ।

विद्यार्थीलाई बिहीबार व्यावहारिक सिकाइका लागि बाजा, ट्रम, मादल, बाँसुरीलयात सामग्री राखिएको छ । त्यस्तै, डान्स सिक्नेहरूका लागि छुट्टै विभाग छ । कृषि तथा खेतीपाती सिक्न छुट्टै बारी छ । किचेनसम्बन्धी काम सिक्न क्यान्टिन छ । विद्यार्थीलाई सम्झाइबुझाइ गर्न मनोपरामर्श विभागसमेत छ । हरेक विभागको लिडर तोकिएको छ । बिहीबार १० देखि बेलुकी ४ बजेसम्म विद्यार्थीहरूले एक एक घन्टाको दरले लगभग सबै विभागमा गएर सिक्न र मनोरञ्जन लिन पाउँछन् । बिहीबार 'क्लास फ्री डे' पनि हो, जुनसुकै कक्षाका विद्यार्थी पनि आफूलाई रुचिको क्रियाकलापमा भाग लिन पाउँछन् ।



विद्यालयका प्रशासक भीमसिंह साउदले बिहीबारको कक्षा सञ्चालनका लागि छुट्टै स्रोतसाधनसमेत रहेको बताए । उनका अनुसार रहेक विभागमा शिक्षकहरू तोकेर विद्यार्थीलाई स्वेच्छाअनुसारको कुरा सिकाइन्छ ।

स्कुलले बिहीबारको सिकाइ क्रियाकलापलाई व्यवस्थित बनाउन विभाग छुट्याएको छ । करिब १० वटा विभाग विभाजन गरेर शिक्षण सिकाइ क्रियाकलाप व्यावहारिक बनाएको स्कुलका प्रिन्सिपल करणसिंह गोयलले बताए । उनका अनुसार बिहीबारको सिकाइ विद्यार्थीको रोजाइअनुसार नै गरिन्छ ।

मनोपरामर्श विभाग, आर्ट एन्ड क्राफ्ट, म्याथ ल्याब, लाइब्रेरी, साइन्स, कम्प्युटर, कुकिङ टेक्नोलोजी, कृषि, स्पोर्टस्लगायत विभाग छन् । यी विभागमा शिक्षक तोकेर बिहीबारको सिकाइ अघि बढाइन्छ । विद्यार्थी जे सिक्न चाहन्छन्, त्यही क्रियाकलापमा सहभागी हुन पाउँछन् । त्यहाँ शिक्षकको रोहवर रहन्छ । 'हामीले अपनाउँदै आएको यस्तो सिकाइ क्रियाकलापप्रति विद्यार्थीको रुचि बढ्दो छ, अन्य दिन शिक्षकले भनेको विद्यार्थीले मान्नुपर्छ, तर बिहीबार विद्यार्थीले भनेको शिक्षकले मान्नुपर्छ,' गोयलले भने, 'यो दिन बच्चाका लागि चाडबाडजस्तै दिन हो । बिरामी भएको बच्चा पनि उठेर स्कुल आउँछन् ।'

करिब दुई रोपनी जग्गामा विद्यार्थीहरूले सिजनअनुसारको खेती गर्छन् । उनीहरूले लगानी र उत्पादनपछिको नाफाघाटाको हिसाब पनि राख्छन् । उनीहरूले गरेको मकै, धान र तरकारी खेती शिक्षक र अभिभावकले किन्छन् । सुरुको लगानीदेखि त्यसको उत्पादनपछि प्रतिफल लिँदासम्मको नजिता आफैंले अनुभव गर्न पाउने भएकाले विद्यार्थीका लागि यो ठूलो व्यावहारिक सिकाइ भएको प्रशासक साउदले बताए । हर्टल्यान्ड एकेडेमीले अन्य निजी विद्यालयले जसरी चर्को शुल्क असुल्दैन । कक्षा १० सम्म मासिक दुई हजारदेखि तीन हजारसम्म शुल्क लिन्छ । विद्यालयले प्रदान गर्ने सेवासुविधा र शिक्षण सिकाइको हिसाबले यो निकै कम शुल्क भएको प्रिन्सिपल गोयलको दाबी छ । उनका अनुसार विद्यालयले हरेक कक्षामा २५ जना मात्रै विद्यार्थी भर्ना लिने गरेको छ । हाल विद्यालयमा नर्सरीदेखि कक्षा १२ सम्म अध्ययन गर्ने पाँच सय हाराहारी विद्यार्थी छन् ।

सातको एक दिन व्यावहारिक ज्ञान सिकाउँदै काठमाडौंका विद्यालय

चाबहिल महांकालमा रहेको जनकल्याण माविमा कक्षा ९ मा अध्ययनरत अंकित गौतम शुक्रबार झोला र पुस्तक नबोकी स्कुल गए । यो दिन उनले मःमः, सेलरोटी र आलुको अचार बनाउन सिके । 'झोला नबोके पनि व्यावहारिक कुरा सिकें, यो सीप घर व्यवहारमा प्रयोग गर्न सक्छु,' उनले भने । अंकितसँगै शिला खड्काले पनि घर, बगैंचा र आँगन सरसफाइसम्बन्धी ज्ञान सिकिन् ।

नयाँबानेश्वर शान्तिनगरस्थित सिद्धेश्वर माविमा कक्षा ८ मा अध्ययनरत समर थापा पनि शुक्रबार झोला नबोकी स्कुल जान थालेका छन् । किताब र कापी नबोकी स्कुल पुग्दा अनौठो महसुस भएको उनी बताउँछन् । अघिल्लो शुक्रबारदेखि 'बुक फ्री फ्राइडे' लागू भएपछि विद्यार्थीहरू खुसी छन् । झोला नबोकी स्कुल गएपछि अन्य कुरा सिक्न पाइन्छ भन्ने उनीहरूलाई थाहा भइसकेको छ । 'झोला बोकेर आउँदा-जाँदा थकाइ लाग्थ्यो, तर झोला नबोकी स्कुल आउँदा जाँदा फरक महसुस भएको छ,' उनले भने, 'किताबको सट्टामा अरू कुरा सिक्न पाउँदा खुसी लागेको छ ।' ८ कक्षामा अध्ययनरत अनुष्का पाठक किताबभन्दा बाहिरको कुरा सिक्न पाउँदा रमाइलो लाग्ने बताउँछिन् । शुक्रबार शिक्षकहरूले गीत गाउन, कविता लेख्न, कागजको पारासुट बनाउन, कविता लेख्नलगायत व्यावहारिक ज्ञान सिकाएको उनले बताइन् ।



● बालेन्द्र साह, मेयर, काठमाडौं महानगरपालिका

पुस्तकविहीन शुक्रबार कार्यक्रमअन्तर्गतको तालिमबाट विद्यार्थीले व्यावहारिक र जीवनोपयोगी सीप प्राप्त गर्न सक्नेछन् । विद्यालय तह पूरा गर्दा कम्तीमा एउटा प्राविधिक क्षेत्रमा स्वरोजगार हुन सक्ने जनशक्ति तयार गर्नु तालिमको मुख्य उद्देश्य हो ।

दरबार हाइस्कल, पद्मोदय मावि, रत्नराज्य स्कुल, जनकल्याण माध्यमिक विद्यालयलगायत उपत्यकाका उत्कृष्ट सामुदायिक विद्यालयहरूले हरेक शुक्रबार विद्यार्थीलाई फरक एवं व्यावहारिक ज्ञान सिकाउन थालेका छन् । अन्य दिनको भन्दा फरक कुरा सिक्न पाइने भएपछि विद्यार्थीमा कौतुहलता बढेको जनकल्याण माध्यमिक विद्यालयकी गणित संयोजक मञ्जु मगरातीले जानकारी दिइन् । उनका अनुसार काठमाडौं महानगरले हरेक शुक्रबार कक्षा ४ देखि १० कक्षासम्म क्विज गराउने भनेर तालिका पठाएको छ । सोहीअनुसार समूहमा राखेर विद्यार्थीलाई क्विज गर्न लगाएको मगरातीले बताइन् । 'बुक फ्री डे' निकै प्रभावकारी हुने देखिएको छ । फरक कुरा सिक्न पाइने भएपछि विद्यार्थी पनि जागरुक बनेका छन्,' उनले भनिन्, 'बरु थप गृहकार्यको आवश्यकता छ ।'

काठमाडौं महानगरले शिक्षामा सीप योजनालाई अघि सार्दै हरेक शुक्रबार कक्षा १० सम्म 'बुक फ्री डे' बनाउनुपर्ने नियम लागू गरिसकेको छ । ५ जेठमा यो नियम लागू भएसँगै विद्यालयले विद्यार्थीलाई व्यावहारिक र जीवनोपयोगी ज्ञानसीप सिकाउन थालेका छन् । सधैं किताब-कपीको भारी बोकेर स्कुल हिँड्ने विद्यार्थी शुक्रबार नजिकिएसँगै खुसी हुन थालेका छन् । अरू दिन स्कुल जान कर गर्नुपर्ने बालबालिका शुक्रबार भने खुसीखुसी जाने गरेको अभिभावकहरू बताउँछन् । 'हरेक दिन किताब र कापीको झोला बोक्दा उनीहरू थाकेका हुँदा रहेछन्, स्कुल जाने वेला अनुहार नै उज्यालो बनाउँदैनथे, तर अचेल शुक्रबार आएपछि स्कुल जाँदा खुसी हुन्छन्,' शान्तिनगरका धीरज बस्नेतले भने, 'त्यो दिन छोराछोरीले स्कुलमा पनि नयाँ कुरा सिक्न पाउँछन् भन्ने सुन्दा हामीलाई पनि खुशी लाग्छ ।'

'बुक फ्री डे' सुरु भएसँगै शिक्षकहरूले पनि किताबी गृहकार्य दिन छाडेका छन् । बरु उनीहरूलाई शुक्रबार गराउने परियोजनाबारे आवश्यक सामान जुटाउन सहयोग गर्न थालेका छन् । सिद्धेश्वर माविकी विज्ञान शिक्षक हेमलत्ता डाँगीले विद्यार्थीले झोला बोकेर नआउँदाको दिन शिक्षकलाई पनि सहज हुने र फरक किसिमको शिक्षण सिकाइ क्रियाकलापको अभ्यास गर्न सघाउ पुग्ने बताइन् । 'अन्य दिन विद्यार्थीलाई किताबी कुरामै बढी ध्यान दिएर पढाउनुपर्छ, तर शुक्रबार फरक कुरा सिकाउन पाइन्छ, यसले शिक्षकहरूलाई पनि सहज र सिर्जनशील बनाउँछ,' उनले सुनाइन्, 'हामीले आ-आफ्नो विषयअनुसार विद्यार्थीलाई परियोजना सिकाउँछौं ।

'बुक फ्री डे'को पहिलो दिन अन्य दिनमा भन्दा कम विद्यार्थी आएका थिए । दरबार हाइस्कुल, रत्नराज्य स्कुल, जनकल्याण मावि, सिद्धेश्वर मावि, ज्ञानोदय माविलगायतमा अन्य दिनभन्दा कम विद्यार्थी आएको जनाइएको छ । पढाइ नहुने भएपछि विद्यार्थीको उपस्थिति दर घटेको विद्यालयहरूले जनाएका छन् ।

■ अर्को वर्षदेखि निजीमा पनि लागू हुने

विद्यार्थीलाई मनोरञ्जन, व्यावहारिक ज्ञान र इच्छाअनुसारको सिकाइ क्रियाकलाप गर्न महानगरले यस्तो नियम ल्याएको हो । यो कार्यक्रम कार्यान्वयन गर्न महानगरले प्रत्येक माध्यमिक विद्यालयलाई एक लाखका दरले बजेट वितरण गरिसकेको छ । यो बजेट आगामी वर्ष बढाएर कम्तीमा दुई लाख बनाउने महानगरका शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले बताए । अर्को वर्षदेखि निजी विद्यालयलाई पनि यो नियम अनिवार्य गरिने उनको भनाइ छ ।

स्वस्थ आलोचनाले कांग्रेसलाई 'करेक्सन'को मौका दिन्छ : देउवा

नयाँ पत्रिका



कांग्रेस सभापति शेरबहादुर देउवाले स्वच्छ आलोचनाले पार्टीलाई कमीकजोरी सुधारेर अघि बढ्न सहयोग गर्ने बताएका छन् । नेपाल प्रेस युनियनको ३२औं स्थापना दिवसको अवसरमा शनिबार आयोजित कार्यक्रममा उनले कांग्रेस आलोचनाबाट नडराउने उल्लेख गर्दै स्वस्थ आलोचनालाई सधैं मनन गरेर जान तयार रहेको बताए ।

कांग्रेसमा आलोचनाका लागि आलोचना मात्रै हुने गरेको संकेत गर्दै उनले उचित आलोचनाले उत्साह बढाउने र समस्या समाधानमा सहयोग पुग्ने उल्लेख गरे । 'कांग्रेस आलोचनाबाट डराउने पार्टी होइन । डराउँदैन पनि । कतिपय उचित आलोचना हुन्छन् । त्यस्ता आलोचनाले आगामी दिनमा काम गर्न झन् उत्साह हुन्छ । केही समस्या भए करेक्सन पनि हुन्छ,' उनले भने ।

देउवाले देशका केही शक्ति प्रजातन्त्रको विरुद्धमा लागेको जिकिर गरे । उनले प्रजातन्त्रको विकल्प प्रजातन्त्र नै भएकाले सुदृढीकरणमा सबै दलको भूमिका आवश्यक रहेको बताए । 'अहिले देशमा चुनौती आएको छ । लामो लडाइँपछि प्रजातन्त्र आएको हो । यसको खिलापमा एकथरी लागेका छन् । त्यसकारण यस्तो हुनुलाई अन्यथा लिनुहुँदैन । हामी सबै एकजुट भएर प्रजातन्त्रको सुदृढीकरण गर्ने काममा सुधार्दै अगाडि बढ्नुपर्दछ । प्रजातन्त्रको विकल्प प्रजातन्त्र नै हो । अरू कुनै हुन सक्दैन । यो कुरा सबैले बुझ्नुपर्दछ,' उनले भने । देउवाले प्रजातन्त्रको सुदृढीकरणमा प्रेस युनियनले योगदान पुऱ्याएको भन्दै प्रशंसासमेत गरे । स्थापना दिवसको अवसर पारेर युनियनले ०८० लाई प्रशिक्षण वर्ष बनाउने घोषणा गरेको छ ।

■ डेढ वर्षपछि कांग्रेसको विभाग गठन

प्रचार विभाग संयोजकमा विश्वकर्मा अझै २७ विभागको टुंगो छैन

१४औं महाधिवेशनको डेढ वर्षपछि कांग्रेस सभापति शेरबहादुर देउवाले विभाग गठन थालेका छन् । मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार सभापति देउवाले महाधिवेशनपछि पहिलोपटक सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुखमा केन्द्रीय सदस्य मीन विश्वकर्मालाई संयोजक तोकेका हुन् । यसअघि प्रवक्ता नै प्रचार विभाग प्रमुख रहने प्रचलन कांग्रेसमा रहँदै आएको थियो । यसपटक भने प्रवक्तामा डा. प्रकाशशरण महत नै रहने गरी विश्वकर्मालाई सो जिम्मेवारी दिइएको हो ।



विधानमा महाधिवेशनको ६ महिनाभित्र केन्द्रीय विभागहरू गठन गर्नुपर्ने व्यवस्था रहे पनि देउवाले ढिलो मात्र विभाग गठनको प्रक्रिया थालेका हुन् । अझै २७ विभागको संयोजक भने तोकिएको छैन । विभाग संयोजकमा केन्द्रीय सदस्य प्रमुख रहने र ५१ जनासम्म सदस्य रहने व्यवस्था छ । केन्द्रीय सभापतिले विभागका प्रमुख, उपप्रमुख, एकजना सचिव र सदस्यहरूको नियुक्ति गर्नेछन् । देउवाले लामो समयसम्म विभाग गठन नगर्दा आलोचना हुँदै आएको छ । विभाग प्रमुख तोकिन बाँकी विभागहरूमा संगठन विभाग, अन्तर्राष्ट्रिय सम्बन्ध विभाग, संवैधानिक कानुन तथा संसदीय मामिला विभाग, संघीय मामिला तथा स्थानीय तह विभाग, पेसागत तथा बुद्धिजीवी विभाग, भाषा, साहित्य, कला तथा संस्कृति विभाग, शिक्षा, विज्ञान तथा प्रविधि विभाग, गैरसरकारी संस्था तथा सामाजिक सेवा विभाग, अनुगमन, मूल्यांकन तथा अभिलेख विभाग, उद्योग तथा वाणिज्य विभाग, पर्यटन विभाग, कृषि तथा भूमिसुधार विभाग, युवा तथा खेलकुद विभाग, प्राकृतिक स्रोत, जल तथा ऊर्जा विभाग, शान्ति, सुरक्षा तथा प्रशासन सेवा विभाग, श्रमिक तथा ट्रेड युनियन विभाग, जनसम्पर्क समिति समन्वय, वैदेशिक रोजगार तथा आप्रवासन विभाग, द्वन्द्व व्यवस्थापन तथा मेलमिलाप विभाग, स्वास्थ्य विभाग, वन, वातावरण तथा विपत् व्यवस्थापन विभाग, महिला, लैंगिक समता, सामाजिक सुरक्षा एवं कल्याण विभाग, आर्थिक नीति तथा योजना विभाग, भौतिक पूर्वाधार, निर्माण तथा यातायात विभाग, अन्य पार्टी सम्पर्क विभाग, सहकारी विभाग, भ्रातृ संघ समन्वय विभाग र शुभेच्छुक संस्था समन्वय विभाग छन् ।

कर्मचारी आवश्यकतासम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०/२/११ गते

नेपाल सरकार फिनल्याण्ड सरकार तथा यस दार्मा गाउँपालिकाको संयुक्त सहकार्यमा यस गाउँपालिकामा सञ्चालन हुने सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (SUSWA) परियोजनाका लागि तपशिलबमोजिमका पदमा सेवा करार पदपूर्ति गर्नका लागि निम्नबमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूका लागि आफ्नो काम गर्न चाहेको पदमा वैयक्तिक विवरण र निवेदनसहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालयमा दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

क्र.सं.	विज्ञापन नम्बर	पद	संख्या
१.	SUSWA-१-०७९-०८०	खानेपानी सरसफाई तथा स्वच्छता संयोजक (WASH Coordinator)	१
२.	SUSWA-२-०७९-०८०	प्राविधिक सहजकर्ता (Technical Facilitator)	१
३.	SUSWA-३-०७९-०८०	खानेपानी सरसफाई तथा स्वच्छता (वास) सहजकर्ता (WASH Facilitator)	१
४.	SUSWA-४-०७९-०८०	खानेपानी सरसफाई तथा स्वच्छता (वास) प्राविधिक (WASH Technician)	४
५.	SUSWA-५-०७९-०८०	सामाजिक परिचालक	४

१. **आवश्यक न्युनतम् योग्यता तथा अनुभव**

१.१ **खानेपानी सरसफाई तथा स्वच्छता संयोजक (विज्ञापन नं. SUSWA-१-०७९-०८०, आवश्यक संख्या : १ (एक))**
- कम्तीमा स्नातक तह (ग्रामीण विकास, समाजशास्त्र, व्यवस्थापन वा सो सरह) उत्तीर्ण गरी कम्तीमा ५ वर्षको ग्रामीण विकास, योजना तर्जुमा र व्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनुपर्ने साथै खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा अनिवार्य कम्तीमा ३ वर्ष काम गरेको हुनुपर्ने ।
- सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको
- आधारभुत कम्प्युटर (MS word, Excel, power point) को ज्ञान र प्रतिवेदन क्षमता भएको ।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरूअन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा कार्य गरेकोलाई विशेष ग्राह्यता दिइने ।
- सम्बन्धित स्थानीय नागरिकलाई विशेष प्राथमिकता दिइने छ ।

१.२ **प्राविधिक सहजकर्ता (विज्ञापन नं. SUSWA-२-०७९-०८०, आवश्यक संख्या : १ (एक))**
- कम्तीमा सिभिल इन्जिनियरिङ विषयमा प्रवीणता प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी ३ वर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा सर्भे डिजाइन इष्टिमेट, अनुगमन मूल्याङ्कनसम्बन्धी कार्य गरेको हुनुपर्ने ।
- आधारभुत कम्प्युटर (MS word, Excel, power point) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको ।
- AutoCAD लगायतका सफ्टवेयरको ज्ञान भएको ।
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनुपर्ने ।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरूअन्तर्गत कार्य गरेकोलाई विशेष ग्राह्यता दिइने ।
- सम्बन्धित स्थानीय नागरिकलाई विशेष प्राथमिकता दिइने छ ।

१.३ **खानेपानी सरसफाई तथा स्वच्छता सहजकर्ता (विज्ञापन नं. SUSWA-३-०७९-०८०, आवश्यक संख्या : १ (एक))**
- कम्तीमा जनस्वास्थ्य वा सो सरहका विषयमा प्रवीणता तह उतीर्ण गरी ५ वर्ष खानेपानी सरसफाई तथा स्वच्छता, मर्यादित महिनावारी, सामुदायाक स्वास्थ्यका क्षेत्रमा कार्य गरेको हुनुपर्ने ।
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सीप भएको हुनुपर्ने ।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरूअन्तर्गत कार्य गरेकोलाई विशेष ग्राह्यता दिइने ।
- आधारभुत कम्प्युटर (MS word, Excel, power point) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको ।
- सम्बन्धित स्थानिय नागरिकलाई विशेष प्राथमिकता दिइने छ ।

१.४ **खानेपानी सरसफाई तथा स्वच्छता (वास) प्राबिधिक (विज्ञापन नं. SUSWA-४-०७९-०८० आवश्यक संख्या : ४ जना**
- CTEVT बाट सिभिल इन्जिनियरिङ विषयमा कम्तीमा TSLC उत्तीर्ण गरेको वा खानेपानी तथा सरसफाई क्षेत्रमा मान्यता प्राप्त संस्था बाट ३० दिने तालिम प्राप्त गरेको र (कम्तीमा २ वर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा कार्य अनुभव भएको र ५ वटा खानेपानी योजना निर्माण गरेको ।
- सामाजिक परिचालन, तालिम सहजीकरणमा राम्रो अनुभव भएको ।

१.५ **सामाजिक परिचालक (Social Mobilizer) (विज्ञापन नं. SUSWA-५-०७९-०८०, आवश्यक संख्या : ४ जना**
- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था तथा विश्वविद्यालयबाट कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको ।
- ग्रामीण परिवेशमा कम्तीमा दुई वर्ष सामाजिक परिचालन वा सामुदायिक विकासको क्षेत्रमा काम गरेको र कम्तीमा एक वर्ष खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गरेको ।
- खानेपानी, सरसफाइ तथा सामाजिक परिचालनसम्बन्धी तालिम लिएको ।
- स्थानीय सरकारको अधिनमा रही दातृ संस्थाद्वारा सञ्चालित परियोजनाहरूमा काम गरेको ।

२. दरखास्त दिने स्थान : दार्मा गाउँपालिकाको कार्यालय, फारुलाचौर, सल्यान ।

३. दरखास्त दिने अन्तिम मिति : २०८०/०२/२५ गते

४. आवेदन दस्तुर : खानेपानी सरसफाई तथा स्वच्छता संयोजकका लागि रु १०००।- (एक हजार मात्र), प्राविधिक सहजकर्ता, वास सहजकर्ता, खानेपानी सरसफाई तथा स्वच्छता (वास) प्राविधिक (WASH Technician) र सामाजिक परिचालकले रु ५००।- (अक्षरेपी पाँच सय मात्र) गाउँपालिकाको आन्तरिक राजश्व खाता ०७३०१९१७५००२७५ (DARMA GA.PA GA 1.1) मा जम्मा गरेको भौचर संलग्न राख्नु पर्ने छ ।

५. छनौटको किसिम : प्रारम्भिक योग्यताका क्रमको सूची प्रकाशन, लिखित तथा मौखिक परीक्षा वास संयोजक, प्राविधिक सहजकर्ता, वास सहजकर्ताका लागि कम्प्युटर परीक्षण पनि गरिनेछ ।

६. आवेदनका साथ संलग्न राख्नु पर्ने कागजातहरू : आवेदक स्वयंले प्रमाणित गरेको देहायबमोजिमका कागजातहरूको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।

१. नागरिकता	२.चारीत्रिक प्रमाणपत्र	३.कामसँग सम्बन्धित अनुभवका कागजातहरू
४.न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र	५.वैयक्तिक विवरण (बायोडाटा)	६.कामसँग सम्बन्धित तालिमका प्रमाणपत्रहरू

७. अन्य : कामसँग सम्बन्धित कार्य विवरण गाउँपालिका Website : www.darmamun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

लमजुङका भूमिहीनले पाउने भए लालपुर्जा

लमजुङ/ लमजुङका भूमिहीनले जग्गासहित आफ्नो नामको लालपुर्जा पाउने भएका छन् । वर्षौंदेखि जिल्लाका विभिन्न ठाउँमा बसोवास गर्दै आएका भूमिहीन तथा सुकुमबासीले अब आफ्नो नाममा लालपुर्जा पाउने भएका हुन् ।

राष्ट्रिय भूमि आयोग लमजुङका अध्यक्ष दामोदर अधिकारीले जिल्लामा घरबारविहीन भएका भूमिहीनलाई उनीहरूकै नाममा लालपुर्जा दिने तयारी अन्तिम चरणमा पुगेको बताए । जो वास्तविक भूमिहीन हुन्, जो वर्षौंदेखि सार्वजनिक जग्गामा घर कटेरो बनाएर बसेका छन्, तिनीहरूको पहिचान गर्ने र उनीहरूलाई दिने जग्गाको खोजी गरिसकेको र अबका केही दिनमा जग्गाधनी लालपुर्जा वितरण गर्ने आयोगले तयारी गरेको अधिकारीले बताए ।

सबैभन्दा पहिले सुन्दरबजारमा बसोवास गरिरहेका भूमिहीन दलित तथा सुकुमबासीलाई लालपुर्जा दिइनेछ । सुन्दरबजार नगरपालिकामा नौ घर भूमिहीन दलित र ३६ घर भूमिहीन सुकुमबासी गरी ४५ घरपरिवारलाई लालपुर्जा दिने आयोगको तयारी छ । आयोगले जिल्लाका आठ स्थानीय तहमा अव्यवस्थित बसोवास भएका, भूमिहीन दलित र भूमिहीन सुकुमबासी गरी तीन प्रकृतिको लगत संकलन गरेको छ । जसमा भूमिहीन दलितको ३०२, भूमिहीन सुकुमबासी ३११ र अव्यवस्थित बसोबासी ९३७ ले फारम भरेका थिए । पहिला भूमिहीनको व्यवस्थापन गरिसकेपछि अव्यवस्थित बसोबासीको सम्बोधन गरिने अध्यक्ष अधिकारीले बताए । धेरै वर्षअघिदेखि बसोवास गर्दै आएका सुकुमबासी आफ्नो नाममा लालपुर्जा पाउने भएपछि खुसी भएका छन् । भूमिहीन परिवारलाई साढे चार आना जग्गाको लालपुर्जा दिने आयोगले जनाएको छ ।

■ ०४८ मै बनेको थियो आयोग

०४८ मा कांग्रेसले बहुमतको सरकार चलाएको वेलामा लमजुङमा पहिलोपटक भूमिसम्बन्धी समस्या समाधान आयोग बनेको थियो । सोहीअनुसार लमजुङमा मोहनसिंह घिमिरे आयोगको अध्यक्ष बनेका थिए । उनको पालामा केही सुकुमबासीले जग्गा पाए । त्यसपछि ०५१ मा एमालेको नेतृत्वमा बनेको सरकारको पालामा महेन्द्रलाल श्रेष्ठ आयोग लमजुङको अध्यक्ष भए । उनको पालामा सुन्दरबजार पाउँदीका सुकुमबासीले जग्गाधनी लालपुर्जा प्राप्त गरे । त्यसपछि गोविन्द धितालु अध्यक्ष बने । उनको पालामा पनि केही काम भएको थियो । त्यसपछि बमबहादुर थापा अध्यक्ष बनेका थिए । उनले वास्तविक सुकुमबासी को-को हुन् भनी नामावली तयार गरे पनि सोही अवधिमा सुकुमबासी आयोग विघटन भएको थियो । ०७४ मा नेकपाको बहुमत सरकारका पालामा मोहनहरि पौडेल अध्यक्ष बनेका थिए । पौडेलले जिम्मेवारी लिएको ६ महिनामै समिति विघटन भयो ।

■ ट्रकको ठक्करबाट बसका यात्रुको हात चुँडियो

मकवानपुर/ मनहरी गाउँपालिकामा ट्रकको ठक्करबाट बसमा सवार यात्रुको दायाँ हात चुडिँदा मृत्यु भएको छ । मनहरी- ९ रजैयास्थित पूर्व-पश्चिम राजमार्गमा शनिबार दिउँसो हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ग१क २२९७ नम्बरको मिनी ट्रकले विपरीत दिशाबाट आउँदै गरेको बा३ख ८३९४ नम्बरको बसमा सवार नाम र ठेगाना नखुलेका यात्रुलाई ठक्कर दिँदा उनको दायाँ हात चुँडिएको थियो ।

उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । बसको ड्राइभरको सिटभन्दा पछाडि बसी झ्यालबाट हातबाहिर निकालेको अवस्थामा मिनी ट्रकले ती व्यक्तिको दाहिने हातको पाताभन्दा मुनिको भाग लाछेको र निधारमा समेत चोट लागेको प्रहरीले जानकारी दिएको छ ।

■ आगलागीबाट एक घर जल्यो

ताप्लेजुङ/ फुङलिङ नगरपालिका- ८ आगलागी हुँदा एउटा घर जलेको छ । शनिबार बिहान भएको आगलागीबाट पूर्ववडाध्यक्ष पदमसुन्दर पालुङवाको घर जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी सूचना अधिकारी तथा प्रहरी निरीक्षक कुशराम कार्कीले आगलागी हुँदा सबै मालसामान जलेर नष्ट भएको बताए । आगलागीबाट करिब ४० लाखबराबरको क

अस्पतालको गेटमा बेवारिसे शिशु फेला



लहान / सिराहाको लहानस्थित प्रादेशिक अस्पतालको गेटमा फालिएको अवस्थामा नवजात शिशु भेटिएको छ। इलाका प्रहरी कार्यालय लहानका अनुसार शनिबार राति करिब साढे १२ बजेतिर फालिएको अवस्थामा करिब १६ दिनकी शिशु फेला परेको हो।

सुरक्षा गार्डले बच्चा रोएको सुनेपछि तत्काल अस्पतालका चिकित्सक, नर्ससहित प्रहरीको टोलीले नवजात शिशुको उद्धार गरी अस्पतालस्थित एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी)को जिम्मामा राखिएको लहान प्रहरीका प्रहरी निरीक्षक कोमल ठाकुरले जानकारी दिए।

अस्पतालका सुरक्षा गार्डका अनुसार मध्यरातमा केटिएम मोटरसाइकलमा बच्चासहित मास्क लगाएका पुरुष र महिला आएका थिए। 'उपचारका लागि आएका होलान् भनेर त्यति ध्यान दिइनँ,' उनले भने, 'पछि बच्चा रोएको सुनेपछि पुगेर हेर्दा मोटरसाइकलमा दुईजना नै गायब थिए, तिनले नै छाडेर गएको हुन सक्छ।'

प्रहरी निरीक्षक ठाकुरका अनुसार नवजात शिशु अस्पतालमा छाडेर गएका दुईजनाको खोजी भइरहेको र फेला परेपछि मात्र शिशु फालिनुको कारण बताउन सकिने बताए। शिशुलाई अभिभावक फेला नपरूञ्जेल ओसिएमसीको जिम्मा रहने गरी उपचारसहित हेरचाह गर्ने गरी राखिएको छ।

■ दार्चुलामा प्रभावकारी भएन पोषण कार्यक्रम

२४ हजार पाँच सय ६६ मध्ये पाँच सय ८३ बालबालिकामा कुपोषण

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

दार्चुलाको लेकम गाउँपालिकामा जिल्लाकै सबैभन्दा बढी ५२ जना कुपोषित बालबालिका भेटिएका छन्। स्वास्थ्य कार्यालय दार्चुलाका अनुसार बच्चाहरूको नापतौल लिने क्रममा बालबालिकाको कुपोषणको अवस्था देखिएको हो।

नौवटा स्थानीय तह रहेको दार्चुलाका २४ हजार पाँच सय ६६ जना बालबालिकाको नापजाँच गर्दा चालू आर्थिक वर्षमा तीन सय ५६ जना कुपोषित बालबालिका भेटिएका हुन्। जिल्लामा अघिल्लो आर्थिक वर्ष ०७९/८० मा ५८३ जना कुपोषित बालबालिका थिए। अघिल्लो वर्षभन्दा सुधार भए पनि लगानीअनुसार जिल्लामा बालबालिकाको कुपोषण सुधार हुन सकेको छैन।

स्वास्थ्य कार्यालय दार्चुलाका खोप सुपरभाइजर वीरेन्द्र भट्टका अनुसार सबैभन्दा कम कुपोषित बालबालिका अपी हिमाल गाउँपालिकामा छन्। त्यहाँ २० बालबालिका कुपोषित छन्। व्याँस गाउँपालिकामा ४९, दुहुँ गाउँपालिकामा ४३, महाकाली नगरपालिकामा ४७, नौगाड गाउँपालिकामा ३८, मार्मा गाउँपालिकामा ३६, मालिकार्जुन गाउँपालिकामा ३८ र शैल्यशिखर नगरपालिकामा ३३ जना कुपोषित बालबालिका छन्। स्वास्थ्यकर्मीले पछिल्लो समय स्वास्थ्य संस्थाहरूमा जेडस्कोर मापन अभियान सञ्चालन गरेर कुपोषण भएका जिल्लाभरिका बालबालिकाको खोजी भइरहेको भट्टले बताए।

कुपोषण नियन्त्रणका लागि स्वास्थ्य कार्यालय दार्चुला, नौवटै स्थानीय तह र गैरसरकारी संघसंस्थामार्फत ठूलो लगानी भइरहेको छ। हरेक स्थानीय तहले सुनौलो एक हजार दिनलाई लक्षित गरी उपमेयर/उपाध्यक्ष कोसेली कार्यक्रम हरेक वर्ष भइरहेका छन्। यस्तै, बाल पोषण सुदृढीकरणका लागि बालबालिकाको पोषणमैत्री जन्म दिन मनाउने, कुखुरा दिनेजस्ता काम भइरहेका छन्। स्थानीय तहले पोषणमा लाखौँ रकम लगानी गर्दै आइरहेका छन्।





● **माधवी जोशी, उपाध्यक्ष, लेकम गाउँपालिका**

सुनौला हजार दिनको महिलाका लागि सुत्केरीसँग उपाध्यक्ष कोसेली कार्यक्रम सञ्चालनमा ल्याएका हो। यो वर्ष लेकम गाउँपालिकाको वडा नम्बर ३ छनोट गरी कार्यक्रम गरेका छौं। विगतमा पनि यस्ता कार्यक्रम गर्दै आएका हौं। तर, सबै वडामा एकैपटक कार्यक्रम गर्दा प्रभावकारी नदेखिँदा वडा छनोट गरेका छौं।

लेकम गाउँपालिकाले सुनौला हजार दिनका महिलाका लागि सुत्केरीसँग उपाध्यक्ष कोसेली कार्यक्रम सञ्चालनमा ल्याएको गाउँपालिका उपाध्यक्ष माधवी जोशीले बताइन्। उनले भनिन्, 'यो वर्ष लेकम गाउँपालिकाको वडा नम्बर ३ छनोट गरी कार्यक्रम गरेका छौं।' सो कार्यक्रमअन्तर्गत दुई लाख ५० हजार बजेट विनियोजन गरिएको छ। 'विगतमा पनि यस्ता कार्यक्रम गर्दै आएका हौं,' उनले भनिन्, 'तर, सबै वडामा एकैपटक कार्यक्रम गर्दा प्रभावकारी नदेखिँदा वडा छनोट गरेका छौं।' अन्य वडामा अरू कार्यक्रममार्फत पोषणमा सहयोग भइरहेको उनले बताइन्। पोषणकै क्षेत्रमा सुआहारा कार्यक्रमले दार्चुलामा सन् २०१६ देखि सन् २०२२ सम्म ६ करोड ३९ लाख ८५ हजार दुई सय ४९ रुपैयाँ खर्च गरेको जनाएको छ। कुल ६ करोड ७८ लाख ५६ हजार पाँच सय ८८ रुपैयाँ बजेट रहेकोमा कोभिडलगायतका कारणले सबै बजेट खर्च हुन नसकेको सुआहारा दोस्रो कार्यक्रम दार्चुलाका संयोजक नागेन्द्रसिंह धामीले बताए। सुआहारा पहिलो चरण सन् २०१२ बाट सुरु भएको थियो। सुआहारा ले ६१ वटै वडामा स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन, दुई वर्षमुनिका बालबालिका र गर्भवती महिलाको पोषण स्थितिमा सुधार ल्याउन, महिला र तिनका परिवारमा पोषित खानाको उपभोगमा वृद्धि तथा पोषणसम्बन्धी काम गरेको उनले बताए। सुआहाराले जिल्लामा ३३ हजार तीन सय ३० घरधुरीलाई परामर्श सेवा, सुनौलो एक हजार दिनका आमाहरूको मातृशिशु पोषणमा सुधार गर्नुका साथै शीघ्र कुपोषण भएका नौ सय ५८ बालबालिकालाई स्वास्थ्य संस्थामा उपचारका लागि पठाइएको उनले बताए।

यस्तै, पाँच सय ६ महिनावारी र सरसफाइसम्बन्धी किशोरीहरूलाई तालिम प्रदान गरेको, ५१ महिला कृषकहरूलाई तालिम दिएको, एक हजार दुई सय ७६ वटा पोसिलो खाना प्रदर्शनी, हजार दिने आमाहरूलाई पोषण सन्देशसहित म्यासेज पठाउनेलगायतका काम गरेको सुआहाराले जनाएको छ। गैरसरकारी संस्था, स्थानीय सरकार, संघीय सरकारले पोषणमा ठूलो बजेट खर्च गर्दा पनि अझै अपेक्षाकृत पोषण र स्वास्थ्यमा सुधार हुन नसकेको जिल्ला समन्वय समिति प्रमुख महादेव बडू बताउँछन्। 'हामीले हरेक कुरालाई नेगेटिभ मात्रै हेर्नुहुँदैन,' उनले भने, 'तर, आगामी दिनमा पोषणका कार्यक्रम गर्दा प्रतिफल दिने गरी काम गर्नुपर्छ।' सुआहारा कार्यक्रमका वरिष्ठ पोषण व्यवस्थापक फेमिला सापकोटा सबैको सहाकार्यले पहिलेको तुलनामा सुधार हुँदै गएको दाबी गरिन्। उनले भनिन्, 'सुआहारा कार्यक्रम लागू भएका जिल्ला र नभएका जिल्ला तुलना गर्दा हाम्रो कार्यक्रम लागू भएका ठाउँमा पोषणमा सुधार आएको डाटाले बोल्छ।'

स्वास्थ्य कार्यालय दार्चुलाका खोप सुपरभाइजर अहिले विगतको तुलनामा पोषणमा सुधारको संकेत देखिएको बताउँछन्। स्थानीय तहहरूले पनि कुनै न कुनै तवरले पोषणमा लगानी गरिरहेका छन्। स्वास्थ्य कार्यालय दार्चुलाले बालबालिकाको खोप कार्डअनुसार पाखुराको नाप लिन गरेको छ। जसमा नाप लिँदा टेपमा रातो, पहेँलो, हरियो रङ हुने गरेको छ।

विपन्नका घर बनाउन एक करोड बजेट, तर अझै सम्झौता हुन सकेन

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सरकारले कञ्चनपुरको भीमदत्त नगरपालिकामा २८ विपन्न दलित, एकल महिला, सीमान्तकृतका लागि दुईकोठे घर बनाउन एक करोड विनियोजन गरेको छ। तर, आर्थिक वर्ष सकिन डेढ महिना मात्र बाँकी छँदा पनि घर निर्माणका लागि सरकारले सम्झौतासमेत गर्न सकेको छैन।

जनता आवास कार्यक्रमअन्तर्गत यस वर्ष विपन्नका घर निर्माण नहुने पक्कापक्की भएको छ। साढे तीन लाखको लागतमा टिनको छानो तथा इँटा र सिमेन्टको भित्ता भएको दुईकोठे घर निर्माण गर्ने स्टिमेट छ। कुल लागतको १० प्रतिशत श्रमदानका रूपमा लाभग्राहीले लगानी गर्नुपर्ने व्यवस्था छ।

घर निर्माणका लागि हालै मात्र भीमदत्त नगरमा दुईवटा उपभोक्ता समिति गठन भएका छन्। जनता आवास कार्यक्रम कार्यान्वयन गरिरहेको सहरी विकास तथा भवन कार्यालय कैलाली प्रमुख गोविन्दप्रसाद देवकोटाले घर निर्माण गर्नुपर्ने लाभग्राही परिवार छनोट भइसकेको र अब दुई सातामित्र निर्माण सम्झौता गरिसक्ने बताए। 'दुईकोठे घर बनाउने हो। निर्माण समितिले राम्ररी काम गर्ने हो भने एक महिनामा सबै काम सकिन्छ,' उनले भने, 'यस वर्ष घर निर्माणको काम पूरा नभए अर्को वर्ष गर्छौं।'



दुईवटा उपभोक्ता समितिलाई १४-१४ वटा घर निर्माणको जिम्मा दिइने देवकोटाले बताए।

सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यको संयोजकत्वमा रहने समितिले लाभग्राही परिवार छनोट गर्ने मापदण्ड रहेको छ। त्यस्तै, घरवासका लागि आफ्नो जमिन भएको, विपन्न दलित, सीमान्तकृत, एकल महिलालाई छनोट गर्नुपर्ने मापदण्ड छ।

एउटा घरलाई तीन लाख ५० हजार बजेट छुट्याइएको छ। तर, स्टिमेटअनुसार घर निर्माणका लागि यो रकम अपुग हुने सहरी विकास तथा भवन कार्यालयका प्राविधिक बताउँछन्। घर निर्माणका लागि कम्तीमा पाँच लाख आवश्यक पर्ने उनीहरूको भनाइ छ। लाभग्राही परिवारले घर निर्माण छिटो गरिदिन आग्रह गरेका छन्।

आर्थिक वर्ष सकिने डेढ महिना बाँकी रहँदा जनता आवासलगायत प्रदेश सरकारका कतिपय कार्यक्रम अझै कार्यान्वयनमा जान सकेका छैनन्। समयमै योजना कार्यान्वयन नहुँदा चालू आर्थिक वर्षको १० महिनाको अवधिमा प्रदेश सरकारको पुँजीगत खर्च करिब ३३ प्रतिशत मात्र छ।

कर्मचारीको ढिलासुस्ती, केही हदसम्म जनशक्तिको अभाव, चुनाव, लामो समयदेखि प्रदेशका मन्त्रालय मन्त्रीविहीन हुनुजस्ता कारणले यस वर्ष बजेट कार्यान्वयन प्रभावित बनेको हो।

सबै मिलेर जाऔं : पूर्वराजा शाह



सुर्खेत / पूर्वराजा ज्ञानेन्द्र शाहले सबै मिलेर जान आवश्यक रहेको बताएका छन्। सुर्खेतमा आयोजना गरिएको नागरिक अभिनन्दन कार्यक्रममा उनले नेपालको पीरमर्का बुझ्न नेपाली मनले मात्र सक्ने बताए।

'अब हामी भन्छौं, मिलौं। हामी सबै मिलौं। त्यसैले हामी भन्दछौं, जुटौं। हामी सबै एक भएर जुटौं। त्यसैले हामी भन्दछौं, हामी नफुटौं,' शाहले भने, 'परस्परमा सहकार्य गरेर विकासका निम्ति डटौं। त्यसैले फेरि पनि भन्छौं, जुटौं, खटौं र डटौं।'

शाहले नेपालमा अहिले विकास नभएर देशमा कुरा धेरै भएको बताए। 'अहिले जेसुकै वादका कुरा गरे पनि देशको विकास भएको छैन,' उनले भने, 'कुरा मात्र धेरै भएको छ।' आफ्नो पहिचान हाम्रो सान भएको शाहले बताए। 'आफ्नो मौलिकता र सभ्यता हाम्रो स्वाभिमान हो,' उनले भने, 'कसैको अगाडि लम्पसार परेर बाँच्नु हाम्रो अपमान हो।'

बाँके निकुञ्जमा वन्यजन्तुका लागि पानी



वन्यजन्तुका लागि बाँके राष्ट्रिय निकुञ्जभित्रको पोखरीमा सोलारमार्फत हेन्डपम्पको पानी तान्दै। तस्बिर : नयाँ पत्रिका

बाँके / बाँके राष्ट्रिय निकुञ्जमा रहेका ८० वटा पोखरीमा पानीका लागि डिप बोरिङ र हेन्डपम्पको व्यवस्था गरिएको छ। अत्यधिक गर्मीसँगै पोखरीको पानी सुक्न थालेपछि तराई भू-परिधि कार्यक्रम नेपाल (ताल)को आर्थिक सहयोगमा बाँके निकुञ्जले पोखरीमा पानीको व्यवस्था गरेको हो।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत श्यामकुमार साहका अनुसार प्राकृतिक र मानवनिर्मित पोखरीमा पानीको व्यवस्थाका लागि सोलारमार्फत डिप बोरिङ र हेन्डपम्पको व्यवस्था गरिएपछि अब निकुञ्जभित्रका वन्यजन्तुका लागि सहज हुनेछ। 'प्राकृतिक ताल र पोखरीलाई व्यवस्थित गरेर ड्याम बनाएर बग्ने पानीलाई संग्रह गरिएको छ,' साहले भने, 'यसले निकुञ्जभित्रका वन्यजन्तु पानीका लागि बाहिर जानुपर्ने बाध्यता हट्नेछ।' तालका सहनिर्देशक कमलराज राईले पछिल्ला दुई वर्षमा पाँचवटा पोखरीमा पानीको व्यवस्थापनको काम भइरहेको बताए।

बाँके निकुञ्ज क्षेत्रमा २५ वटा पाटेबाघ रहेको सरकारी तथ्यांक छ। तत्कालीन वन्यजन्तु आरक्षलाई ०६७ मा निकुञ्ज बनाइएको हो। यहाँ चौका, चित्तल, नीलगाईको संख्या पनि बढेको छ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७५/०१/२५ मा योजना संचालन अनुमति प्राप्त २०७५/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८० बैशाख मसान्तको खुद सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
१	शेयर	४९९,८९०,९४३	४९५,६४९,३४२
२	ऋणपत्र	-	-
	सुचीकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	३०,३३५,२७७	१९,०४८,३०५
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१४०,०००,०००	१४०,०००,०००
	कुल लगानी (क)	**६७०,२२६,२२०**	**६५४,६५७,६४७**
	चालू सम्पति		
१	बैंक मौज्दात	३१७,०७३,९९०	४०२,४०३,८२०
२	अन्य सम्पति	२२,४९६,७१५	१३,४०७,६०१
	जम्मा (ख)	**३३५,५७०,७०५**	**४१५,८११,४२१**
	चालू दायित्व		
१	चालू दायित्व	-	३,०४१,७५१
२	भुक्तानी दिनुपर्ने शुल्क	४,५१३,७५९	३२,४३३,२३१
	जम्मा (ग)	**४,५१३,७५५**	**३५,४७४,४८२**
	कुल सम्पत्ति (क+ख-ग)	**१,००५,२८३,१६७**	**१,०३५,०३४,०८६**
१	योजना व्यवस्थापक शुल्क	१,२८०,७०३	१,२७६,०६९
२	डिपोजीटरी शुल्क	१७०,७६०	१७०,१४३
३	कोष सुपरीवेक्षक शुल्क	८५,३८०	८५,०७१
	खुद सम्पत्ति	**१,००३,७४६,३२३**	**१,०३३,५०२,८०३**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**५.८४**	**१०.१३**

२०८० बैशाख मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	५५,१९९,९७५	५४,३७३,३७७
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	(४७,०८६,७९८)	(१८,०७९,३९३)
	जम्मा आम्दानी	**८,११३,१७७**	**३६,२५३,५८४**
	खर्च		
१	सुचना तथा प्रकाशन स्वर्च	११७,७४५	१०४,७५६
२	बैंक शुल्क	७०८	६४३
३	योजना व्यवस्थापन शुल्क	१२,७७१,५११	११,४९०,८०७
४	डिपोजीटरी शुल्क	१,७०२,८३८	१,५३२,०७८
५	कोष सुपरीवेक्षक शुल्क	८५१,४३५	७६६,०५४
६	योजना लेखा परीक्षण शुल्क	८३,३३३	७५,०००
७	सिडिएसि वार्षिक शुल्क	१७०,०००	१७०,०००
८	बुक बिल्डिङ्ग शुल्क	१०,०००	१०,०००
९	सफटवेयर स्वर्च	६६,२९३	४१,४३३
	जम्मा खर्च	**१५,७७३,८६३**	**१४,१५०,७७१**
	कुल नाफा/(नोक्सान)	**(७,६६०,६८६)**	**२२,१०३,२१३**

नोट: १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० बैशाख मसान्तसम्म गरेको लगानीको परल मुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.५७९,३९१,९८३.४० रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेवसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मुल्य (रु.)
	क) वाणिज्य बैंक		
१	एनएमबि बैंक लिमिटेड	८४,३२२	१९,९६७,४५०
२	कृषि विकास बैंक लिमिटेड	६७,०४४	१५,२१८,९८८
३	सानिमा बैंक लिमिटेड	८०,२५९	१९,०२१,३८३
४	लक्ष्मी बैंक लिमिटेड	५९,३२२	१०,३३३,८९२
५	नेपाल बैंक लिमिटेड	७१,५११	१७,८०६,२३९
६	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१६,९९८	८,९०६,९५२
७	प्रभु बैंक लिमिटेड	८५,२७५	१४,१५५,६५०
८	एभरेष्ट बैंक लिमिटेड	३६,७७१	१९,२३२,२३३
९	प्राइम कमर्सियल बैंक लिमिटेड	८८,०४५	१६,९७५,०७६
१०	माछापुच्छे बैंक लिमिटेड	५६,०००	१२,६५६,०००
११	नबिल बैंक लिमिटेड	३७,६९१	२२,०४५,४६६
	ख) विकास बैंक		
१	गरिमा विकास बैंक लिमिटेड	६२,५७८	२१,४०१,६७६
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	६१,२०४	२३,४७१,७३४
३	महालक्ष्मी विकास बैंक लिमिटेड	६४,३६४	१८,९२३,०१६
४	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	६३,६२९	२०,०२४,०४६
	ग) जीवन विमा कम्पनी		
१	एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५२,२९६	२७,६१२,२८८
२	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	३५,१९५	१९,९९०,७६०
	घ) निर्जीवन विमा कम्पनी		
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१०,०६१	६,०४१,६३१
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	१५,९५८	८,३७६,३५४
३	आई एम ई जनरल इन्सुरेन्स लिमिटेड	५,०००	१,८६५,०००
४	प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	५,१६६	१,८९९,०२२
	ङ) हाइड्रोपावर कम्पनी		
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	५७,३१२	२६,५९२,७६८
२	बुटवल पावर कम्पनी लिमिटेड	५४,४३४	१६,७७६,५५९
३	पिपुल्स पावर लिमिटेड	२	५०९
४	सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड	३,६८६	९,६६,८३८
५	मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड	२,०३४	४२८,९७१
६	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१३,४५०	३,५३७,३५०
७	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	२८,९९६	९,३१३,५१५
८	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२०,०००	५,४०२,०००
९	सगरमाथा जलविद्युत कम्पनी लिमिटेड	३,२३८	७७८,०९१
१०	मकर जितुमाया सुरी हाइड्रोपावर कम्पनी लिमिटेड	१,१८०	२८१,६६६
११	माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड	१,२२६	११२,६००
	च) म्युचुअल फण्ड		
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	३,९००,०००
२	एनएमबि सुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	२,४०९,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	११,७००,०००
४	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	११,५९५,०००
५	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,५००,०००
६	नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड ग्रोथ फण्ड	२,०००,०००	१५,१८०,०००
	छ) लघुवित्त वित्तिय संस्था		
१	आरएमडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,९९४	१४,१४९,९५६
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	२५,९८४	१४,००२,७७८
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१४,७२७	१२,०१७,२३२
४	श्रीजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड	२०२	२१८,८०६
५	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,०००	९,४२०,०००
६	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१,९८९	१,०१४,७८८
७	बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड	७१	१८,६१६
८	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	१५०	१०९,०६५
	ज) लगानी		
१	नागरिक लगानी कोष	५,२३४	१०,९३९,०६०
	झ) होटल एण्ड ट्रिजम		
१	कालिञ्चोक दर्शन लिमिटेड	८५५	६०१,९२०
	जम्मा	**७,३८४,२५३**	**४४५,८४०,४४३**

कोष प्रवर्द्धक: NIC ASIA — एन आई सी एशिया बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं पडा नं. ११, फोन नं. ९७७-०१-५१११७७७/७८/८८, फ्याक्सः ९७७-०१-५१११९८०, टोल फ्री नं. : १६८०-०१-००७७१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL — एन आई सी एशिया क्यापिटल लिमिटेड, पोखरी तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं, फोन: ९७७-१-५७०५९२४, फ्याक्सः ९७७-१-५७०६५४८, Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एनआईबिएल सहभागिता फण्ड

(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८० बैशाख मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८० बैशाख मसान्त रकम (रु.)	२०७९ चैत्र मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	७१,२८,५२,९६०	६५,८८,७८,७१०
२	बैंक मुद्दती निक्षेप	२३,८०,००,०००	२१,८०,००,०००
३	ऋणपत्र /बन्ड	१३,००,६८,८१०	१२,०१,५७,८१०
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर /अन्य सूचीकृत नभएको	१६,७६,१२,५४९	१६,३७,८५,७७७
	जम्मा	**१,२४,८५,३४,३१५**	**१,१६,०८,२२,२५७**
	चालू सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	३५,५०,४७,७०४	३६,८३,१३,४७६
२	अन्य सम्पत्ति	१,२६,१६,०१०	१,५३,५०,५१७
	जम्मा	**३६,७६,६३,७१४**	**३८,३६,६३,४५३**
	चालू दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	८६,२६,७०१	१,०८,३८,७२३
	जम्मा	**८६,२६,७०१**	**१,०८,३८,७२३**
	खुद सम्पत्ति (ग्रस)	**१,६०,७५,७१,३३२**	**१,५३,३६,४७,५६७**
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१९,७९,७३५	४८,८७,८९७
	कोष सुपरिवेक्षक शुल्क	१,६३,८४०	४,०४,५१६
	खुद सम्पत्ति	**१,६०,५४,२७,७५६**	**१,५२,८३,५५,१५४**
	जम्मा इकाई	१६,०९,८९,५७३	१४,९५,७४,४८१
	प्रति इकाई खुद मूल्य	**९.४७**	**१०.२२**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० बैशाख मसान्त रकम (रु.)	२०७९ चैत्र मसान्त रकम (रु.)
१	प्राप्त भइ सकेको आम्दानी	५७,७३१,६९६	५,०७,४६,७९९
२	प्राप्त भइ नसकेको आम्दानी	(६,२९,८१,६३९)	(२,००,२८,७९२)
	जम्मा आम्दानी	**(५२,४५,५४४)**	**३,७७,१८,००७**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	२२,९९,३२३	२२,१८,३०४
२	योजना लेखापरीक्षण शुल्क	९३,४९६	८३,८९९
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१,३०,३४,७७०	१,१०,५५,०३५
४	कोष सुपरिवेक्षक शुल्क	१०,७८,७३९	९,१४,८९९
	जम्मा खर्च	**१,६५,७६,३२८**	**१,४२,७२,९३७**
	कुल आय/(व्यय)	**(२,१७,५६,२७२)**	**१,६४,४५,८७०**

नोट:
- सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको।
- योजनाको २०८० बैशाख मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.१,४१,०५,०२,५२८ रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	वाणिज्य बैंक समूह		
सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
१	प्रभु बैंक लिमिटेड	८८,५५०	१४,६९९,३००
२	कुमारी बैंक लिमिटेड	३१,७८४	५,१९९,८६२
३	सिद्धार्थ बैंक लिमिटेड	६२,६६७	१५,४१६,०८२
४	ग्लोबल आईएमई बैंक लिमिटेड	७५,८१८	१३,९५०,५१२
५	नबिल बैंक लिमिटेड	६०,५४६	३५,१९३,३५५
६	प्राईम कर्मसियल बैंक लिमिटेड	९७,८२३	१८,८६०,२७४
७	माछापुच्छे बैंक लिमिटेड	८९,१५८	२०,१४९,७०८
८	एनआईसी एसिया बैंक लिमिटेड	८२,५३४	५७,६९१,२६६
९	नेपाल बैंक लिमिटेड	८३,४६४	२०,७८२,५३६
१०	सनराईज बैंक लिमिटेड	२६,९८६	४,७६८,४२६
११	एन एम बि बैंक लिमिटेड	७७,०४२	१८,२४३,५४६
१२	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (साबिक को मेगा बैंक लि.)	३०,३६७	५,४४१,७६६
१३	हिमालयन बैंक लिमिटेड	२३,३९२	५,०९९,४५६
	विकास बैंक समूह		
१	मुक्तिनाथ विकास बैंक लिमिटेड	८९,४५३	३४,३०५,२२६
२	गरिमा बिकास बैंक लिमिटेड	७५,३२४	२५,७६०,८०८
३	महालक्ष्मी बिकास बैंक लिमिटेड	३०,९७५	९,१०६,६५०
४	ज्योति बिकास बैंक लिमिटेड	२२,३७६	५,६५६,६५३
५	शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	७७,६४५	२४,४३४,८८२
६	मितेरी डे

निर्देशक सुदिप्तो सेन अस्पताल भर्ना




द केरल स्टोरीका निर्देशक सुदिप्तो सेन अस्पताल भर्ना भएका छन् । शरीरमा पानीको कमी र इन्फेक्सन भएका कारण उनलाई अस्पताल भर्ना गरिएको हो । यद्यपि, उनको स्वास्थ्य अवस्थामा सुधार भइसकेको छ । उनले अस्पतालबाटै आफ्ना फ्यानहरूलाई चिन्ता नलिन सन्देश पठाएका छन् ।

स्मिता दाहालको 'आँखामा गाजल' सार्वजनिक



गायिका स्मिता दाहालको नयाँ गीत सार्वजनिक भएको छ । रोमान्टिक शैलीको यस गीतमा राजनराज सिवाकोटीको शब्द र संगीत छ । देवेश राईको ऐरेन्ज रहेको गीतको भिडियोमा स्मिता स्वयंले मोडलिङ गरेकी छिन् । सुदीप बरालको छायांकन र भूपेन्द्र अधिकारीको सम्पादन रहेको भिडियोको निर्देशन सरोज ओलीले गरेका हुन् ।

मोटोपन कम गर्न





डा. जनकबहादुर बस्नेत
प्राकृतिक चिकित्सा/मेडिकल निर्देशक
वेलनेस हस्पिटल, काठमाडौं

पर्याप्त व्यायामको कमी, अव्यवस्थित खानपान र खराब जीवनशैलीका कारण मोटोपनको समस्या बढिरहेको छ । विशेषगरी, सहरी क्षेत्रमा मानिसहरू धेरै व्यस्त हुन्छन् र आफ्नो जीवनशैली र स्वास्थ्यबारे पर्याप्त ख्याल राख्न पाउँदैनन् । जसकारण, धेरैमा मोटोपनको समस्या देखिने गरेको छ । मोटोपनले मानिसलाई भद्दा देखाउने मात्रै होइन, अन्य स्वास्थ्य समस्या निम्त्याउने जोखिमसमेत रहन्छ । त्यसैले हामीले आफ्नो हाइटअनुसार तौल छ वा छैन भन्ने विषय ख्याल गर्नुपर्छ ।

कसरी हुन्छ ?

- यसको प्रमुख कारण अव्यवस्थित जीवनशैली हो । मैदाबाट बनेका खानेकुरा खाँदा, होटेलका परिकार खाँदा पनि मोटोपन हुने गर्छ ।
- टेबल वर्क गर्नेहरूको शारीरिक कसरत निकै कम हुन्छ । उनीहरू व्यायामका लागि पनि समय निकालिरहेका हुँदैनन्, जसकारण तौल बढ्न थाल्छ ।
- हाइपोथाइराइड भन्ने हर्मोन परिवर्तन हुँदा पनि मोटोपन हुन्छ । पछिल्लो समय अधिकांश मानिसलाई हाइपोथाइराइड हर्मोनको मात्रा कमी हुँदा मोटोपन भएको देखिएको छ । यस्तो हर्मोनको डिसब्यालेन्सले मोटोपन निम्त्याउँछ ।
- कतिपयमा वंशानुगत कारणले पनि मोटोपन हुन्छ । यस्ता मानिस खाना कम खाए पनि, बढी खाए पनि मोटाउने गरेको पाइन्छ ।

कसरी घटाउने ?

- हाम्रो दैनिक खानपानमा परिवर्तन ल्याउनुपर्छ । होटेलमा तयार भएका र प्याकेटका खानेकुरा (जंकफुड) कम गर्नुपर्छ । मैदाबाट बनेका खानेकुरा सकेसम्म खानुहुन्न ।
- कार्बोहाइड्रेटको मात्रा कम भएका खानेकुरा खानुपर्छ । फोलिलो र पोषक खानेकुरा धेरै खानुपर्छ । फाइबर भएका खानेकुरा जस्तै, हरियो सागपात बढी खायो भने पेट भरिन्छ, तर क्यालोरी कम प्राप्त हुन्छ र स्वास्थ्य पनि राम्रो हुन्छ । फोलिलो पदार्थ जुस, सुपलगायत धेरै खानुपर्छ । तेलमा तारेको, भुटेको खानेकुरा खानुहुँदैन ।
- हामीले शारीरिक क्रियाकलापलाई जोड गर्नुपर्छ । मर्निङवाक गर्ने, योग अभ्यास गर्ने, जिम जाने गर्नुपर्छ । त्यस्तै, स्विमिङ, साइक्लिङ गर्ने वा फुटसल, ब्याडमिन्टन, टेबलटेनिसलगायत खेल खेल्न सकिन्छ ।
- घरको सामान्य क्रियाकलापमा सक्रिय हुनुपर्छ । यसले शरीरलाई सन्तुलनमा राख्न सहयोग गर्छ ।
- पछिल्लो समय १६ घन्टे फास्टिङ पनि मोटोपन कम गर्ने प्रभावकारी विधि बनेको छ । आठ घन्टे फास्टिङमा पनि बेलुकीको खाना लाइट गर्नुपर्छ । यसले केही हदसम्म मोटोपन कम हुन्छ ।
- कतिपयमा पर्याप्त शारीरिक व्यायाम गर्दा पनि तौल नियन्त्रण भएको देखिन्न । शरीरमा अन्य रोगका कारणले गर्दा पनि मोटोपन नघटेको हुन सक्छ । त्यसैले तौल बढिसकेपछि त्यसलाई नियन्त्रण गर्नेभन्दा पनि तौल अनावश्यक रूपमा बढ्न नदिनु नै राम्रो हुन्छ । समयमै मोटोपन पहिचान गरेर नियन्त्रणका लागि जीवनशैलीमा सुधार ल्याउनुपर्छ ।
- महिलामा पाठेघरको समस्या देखिन सक्छ । मोटोपन भएपछि पाठेघरमा सिस्ट भएर बच्चा नहुनेसम्म खतरा हुन सक्छ । त्यसका लागि जाँच गरेर समयमै उपचार गर्नुपर्छ । आफ्नो शरीरको तौल सन्तुलनमा राख्न जरुरी छ ।
- मोटोपनले धेरै रोगको जोखिम निम्त्याउँछ । मोटोपन भएपछि ब्लडप्रेसर, सुगर, कोलेस्ट्रोललगायत बढ्छ । जसका कारण मुटुको समस्या देखिन सक्छ । त्यसैले कुनै समस्या देखिएमा चिकित्सकसँग परामर्श गरेर चेकजाँच गर्नुपर्छ, औषधि सेवन गर्नुपर्छ । रक्तचाप उच्च हुँदा हृदयाघातको जोखिम बढ्ने भएकाले यसलाई नियन्त्रणमा राख्नुपर्छ । समय-समयमा चेकजाँच गर्नुपर्छ ।
- मोटोपन बढ्नेबित्तिकै घुँडाको समस्या हुन सक्छ । घुँडाको हड्डी खिइने समस्या देखिन सक्छ । साथै, कम्मर दुख्ने, ढाड दुख्ने समस्या हुन सक्छ । चिकित्सकसँग परामर्श लिएर औषधि सेवन गर्नुपर्छ ।

मिस नेपालको ताज श्रीच्छालाई



काठमाडौंकी श्रीच्छा प्रधानले मिस नेपाल वर्ल्ड २०२३ को उपाधि जितेकी छिन् । द हिडेन ट्रेजरले गोदावरीस्थित सनराइज सम्मेलन हलमा आयोजना गरेको ग्रान्ड फिनालेमा २३ प्रतिस्पर्धीलाई उछिन्दै उनले ताज जितेकी हुन् । साबिक मिस नेपाल वर्ल्ड प्रियंका रानी जोशीले उनलाई ताज लगाइदिइन् ।

रैना मजगैयाँले मिस नेपाल अर्थ र प्रसिद्धि शाहले मिस नेपाल इन्टरनेसनलको उपाधि जिते । 'मैले आफ्नो लक्ष्यलाई हरेक कदममा याद गरिराखेकै कारण यो सफलता हासिल गरेँ । यससँगै मेरो ठूलो उत्तरदायित्व छ भन्ने पनि बुझेको छु । म आजको दिन आमालाई सम्झन चाहन्छु । उहाँको साथ पाएकै कारण म यहाँसम्म छु,' उपाधि जितेपछि प्रधानले भनिन् । उनले सबैप्रति करुणाको भाव राख्न आग्रह गरिन् । मिस नेपाल विजेता प्रधानले 'फेस अफ द इयर' र 'मिस डिएचआई' क्याटेगोरीमा पनि अवार्ड जितिन् । उनी वातावरण विज्ञानमा स्नातकमा अध्ययनरत छिन् । उनी आफूलाई जलवायु अभियन्ताका रूपमा चिनाउन चाहन्छिन् । 'मेरो लक्ष्य र उद्देश्यमा साथ दिनुभएकोमा धन्यवाद । म तपाईंहरूलाई निराश तुल्याउनेछैन । मलाई आशा छ, हामी सबै मिलेर विश्वलाई हरियाली राख्नेछौं,' उनले भनिन् ।

> द हिडेन ट्रेजरले गोदावरीस्थित सनराइज सम्मेलन हलमा आयोजना गरेको ग्रान्ड फिनालेमा २३ प्रतिस्पर्धीलाई उछिन्दै श्रीच्छा प्रधानले ताज जितेकी हुन् । साबिक मिस नेपाल वर्ल्ड प्रियंका रानी जोशीले उनलाई ताज लगाइदिइन् ।

मिस नेपाल अर्थ रैना मजगैयाँले अन्तर्राष्ट्रियस्तरमा नेपालको जैविक विविधतालाई चिनाउने प्रयास गर्ने बताइन् । 'नेपालको जैविक विविधतालाई विश्वभर चिनाउन सकिन्छ । नेपालको प्रतिनिधित्व गरेर हाम्रो देशका प्राकृतिक स्रोतको महत्त्वलाई अन्तर्राष्ट्रिय तहमा फैलाउन सक्दो योगदान गर्नेछु,' उनले भनिन् ।

मिस नेपाल इन्टरनेसनलको ताज जितेकी प्रसिद्धि शाहले आफ्नो परिवारको साथ र सहयोगकै कारण सफलता सम्भव भएको बताइन् । रोचक संयोग, उनकी आमा रुबि राणाले सन् १९९४ मा मिस नेपालको पहिलो संस्करणको उपाधि जितेकी थिइन् । 'परिवारको साथ पाएरै यहाँसम्म छु । ममीको लिगेसीभन्दा पनि मेरो इच्छा र आत्मबलले जितेकी हुँ । आत्मबलविना इच्छा पूरा हुँदैन । मिस इन्टरनेसनलका रूपमा ममीको लिगेसीलाई निरन्तरता दिन पाउँदा खुसी छु,' उनले भनिन् ।

तनाव कम गर्न यस्ता क्रियाकलाप



- **श्वासप्रश्वासको अभ्यास गर्नुहोस् :** आफ्नो ढाडलाई सीधा राख्नुहोस् । आँखा बन्द गर्ने र गहिरो लामो श्वास लिने, गहिरो लामो श्वास छोड्ने गर्नुहोस् । यसो गर्दा आराम मिल्छ । शरीर र मन शान्त हुन्छ । तनाव कम भएर जान्छ । नियमित योग वा ध्यान गर्नाले पनि मन शान्त हुन्छ ।
- **संगीत सुन्नुहोस् :** काम गर्दागर्दै पनि आफ्नो अनुकूलताअनुसार आफूलाई मन पर्ने गीत-संगीत सुन्न सकिन्छ । संगीतले मानसिक तनाव कम गर्छ ।
- **आराम :** आफ्नो दौडधुपपूर्ण दिनचर्याबाट केही समय छुट्टी लिनाले कामको तनाव कम भएर जान्छ । सधैं एकैनास काम गर्दा काम गर्ने क्षमता र सिर्जनशीलता घट्छ । काम पनि राम्रो हुँदैन । छुट्टीको वेला प्राकृतिक दृश्यावलोकन गर्नका लागि घुमफिरमा निस्कन सक्नुहुन्छ ।
- **पानी प्रशस्त पिउनुहोस् :** काम गर्दा प्रशस्त पानी पिउनुपर्दछ । शरीरमा पानीको मात्रा कम भयो भने पनि थकाइ लाग्ने, आलस्य हुने, तनाव बढ्ने हुन्छ ।
- **खेल खेल्नुस् :** आफूलाई मन परेको खेल खेल्नुस् । यसले तनाव कम गर्छ र शरीरलाई फिट राख्न पनि सहयोग गर्छ ।
- **समस्याको हल खोज्नुहोस् :** काम गर्ने क्रममा समस्या पनि आउन सक्छन् । यसले तनाव दिन सक्छ । समस्याको बारेमा आफ्ना साथीभाइ, सहयोगी तथा सहकर्मीहरूसँग छलफल गर्ने, आफ्नो अवस्था र समस्याको बारेमा जानकारी गराउने र सहयोग लिने गर्नुपर्छ । समस्याको सिर्जनशील र रचनात्मक रूपमा समाधान खोज्नुपर्छ ।
- **मनोपरामर्श सेवा लिनुहोस् :** कामको तनाव झेल्न गाह्रो भएमा वा कामको तनावले दैनिक जीवनमा असर पर्न थालेमा वा अन्य मानसिक स्वास्थ्य समस्या देखा परेमा आवश्यकताअनुसार मनोविद्सँग परामर्श गर्न सक्नुहुन्छ ।



गोपाल ढकाल
मनोविद्
मार्क नेपाल मनोसेवा केन्द्र

यस्तो ड्रेसअपले देखाउँछ फिट





रोविन परियार
फेसन डिजाइनर
रोविन क्रिएसन

पहिरनले मानिसको व्यक्तित्व झल्काउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कतिपयलाई महँगो लगाउँदा व्यक्तित्व कायम राख्छ भन्ने भ्रम पनि हुन्छ । जुन कपडा लगाए पनि त्यसले तपाईंलाई कस्तो देखाउँछ, त्यो बढी महत्त्वपूर्ण हुन्छ । कपडा सस्तो भए पनि शरीर सुहाउँदो हुनुपर्छ, त्यसले तपाईंको व्यक्तित्वमा थप निखार ल्याउँछ ।

- कालो तथा कुनै गाढा रङको कपडाले शरीरलाई स्लिम देखाउँछ । त्यसैले पार्टीमा जाँदा मोटो शरीर भएका धेरैले कालो रङको पहिरन लगाउने गर्छन् ।
- विवाह पार्टी वा औपचारिक कार्यक्रममा जाँदा प्रयोग गरिने पहिरनको बुट्टा ठूलो प्रिन्ट भएको हुनुहुँदैन । त्यसले तपाईंको शरीरलाई झन् भद्दा देखाउँछ ।
- कम्मर पातलो देखिनका लागि सकेसम्म 'अफ द टप ड्रेस' लगाउनु राम्रो हुन्छ ।
- कतिपयले शरीर मोटो छ भनेर पूरै ढाक्ने पहिरन लगाएको देखिन्छ । शरीर पूरै ढाक्ने पहिरन लगाउनु हुँदैन । त्यसले तपाईंलाई झन् भद्दा देखाउँछ ।
- पार्टीमा जाँदा सकेसम्म तलदेखि माथिसम्मको ड्रेसअप उस्तै रङको लगाउँदा राम्रो हुन्छ ।
- तपाईंले गाउन लगाउँदै हुनुहुन्छ भने कम्मर र चेस्टको भागलाई फिटिङ गर्दा राम्रो हुन्छ ।
- जर्सेट, सिफनको साडी छनोट गर्दा राम्रो हुन्छ ।
- पहिरनको लुक्स पर्फेक्ट देखाउन तथा सजिलो बनाउन अन्डर गार्मेन्टको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसैले सही साइज र कपडा छनोट गर्नु अनिवार्य हुन्छ ।
- हेयर स्टाइल, जुत्ता वा हिलमा ख्याल गर्नुपर्ने हुन्छ ।
- फ्याट स्यान्डल लगाउँदा होचो देखिनुका साथै केही मोटो पनि देखिन्छ । त्यसैले हाई हिल नलगाएर प्लेटफर्म हिल लगाउँदा राम्रो हुन्छ ।
- धेरै हेभी गहना लगाउनुभन्दा पनि घाँटीमा ज्वेलरी र कानमा एयररिङ मिलाएर लगाउँदा हुन्छ ।

एलर्जीबाट छालालाई जोगाउन

दिउँसोको समय बाहिर निस्कँदा हामीले छालाको सुरक्षाका लागि विशेष उपायहरू अपनाउनुपर्ने हुन्छ । चर्को घामले मानिसको छालामा विभिन्न एलर्जी हुनुका साथै छाला कालो हुन्छ । बढ्दो प्रदूषण र धुवाँधुलोका कारण छालामा समस्या देखिन्छ । प्रदूषणका कारण छालामा दाग आउने, डन्डिफोर आउने समस्या देखिन सक्छ । चर्को घाममा धेरै हिँड्दा छाला सुक्खा हुने, रातो हुने, फुस्रो हुने, डढ्ने हुन सक्छ । तसर्थ, हामीले घरबाहिर निस्कँदा बडीलोसन, सनस्क्रिन क्रिमको प्रयोग गर्नुपर्छ । जसकारण घामले छाला डढ्न पाउँदैन ।

- अनुहारको छालाको सुरक्षाका लागि सनग्लास र मास्क प्रयोग गर्नुपर्छ । सकेसम्म घरबाट बाहिर निस्कँदा छाता प्रयोग गर्दा छाला डढ्नबाट जोगिन्छ ।
- हामीले सनस्क्रिन लगाउने तरिका पनि जान्नुपर्छ । हामी घरबाट निस्कने वेला मात्रै सनस्क्रिन लगाउँछौं । तर, घरबाहिर निस्किनुभन्दा १५ मिनेट पहिले सनस्क्रिन लगाउनुपर्छ । हामीले दुई-तीन घन्टा घरबाहिर भएपछि फेरि सनस्क्रिन लगाउनुपर्छ । यसो गर्दा छाला जोगिन्छ ।
- आफ्नो छाला कस्तो प्रकारको हो भन्नेबारे चिकित्सकसँग परामर्श लिएर मात्रै सनस्किन क्रिम र लोसन प्रयोग गर्दा राम्रो हुन्छ ।

घरमै पाउरोटी कसरी बनाउने ?



आवश्यक सामान

मैदा एक केजी, चिनी ५० ग्राम, इस्ट २० ग्राम, नुन १० ग्राम, ब्रेड इम्प्रुभर १० ग्राम, बटर १०० ग्राम, अन्डा तीनवटा, पानी ६ सय मिलि लिटर, ओभन ।

पकाउने विधि

एउटा सफा भाँडामा मैदा, चिनी, इस्ट, बटर, नुन, अन्डा र ब्रेड इम्प्रुभर मिक्स गर्नुस् । यसमा पानी हालेर राम्रोसँग नरम हुने गरी १० मिनेटसम्म मुछ्नुस् । त्यसलाई सानो-सानो रोल बनाउनुस् ।

त्यसपछि डोभ बनाएर फुलाउनुस् । र, १८० डिग्रीमा ओभनमा १० मिनेटसम्म पकाउनुस् । आधा घन्टा चिसो बनाउने र पाकिसकेपछि यसलाई सानो बर्गरजस्तो बनाएर खान पनि मिल्छ । कोदो, फापरको पिठोबाट पनि ब्रेड बनाउन सकिन्छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
दुई पाङ्ग्रे सवारी साधनहरू बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८०/०२/१४

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमका सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८०/०२/२९ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटिपथ , काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ ।

क्र.स.	सवारीको नाम	बनेको साल	दर्ता. नं.	सवारी रहेको स्थान
१.	Bajaj Pulsar	२०१४	वा ६५ प ६२३२	सुर्खेत शाखा, सुर्खेत
२.	Bajaj Discover	२०१५	वा ७० प ८०३	भैंसेपाटी शाखा, काठमाण्डौ
३.	Bajaj Discover	२०१५	वा ७० प ८५४७	दमक शाखा, झापा
४.	Yamaha YBR	२०१२	ज ५ प ६३९८	विद्यापती चोक शाखा, धनुषा
५.	Honda Unicorn Dazzler	२०१०	ज ३ प ९०९२	विद्यापती चोक शाखा, धनुषा
६.	Bajaj Discover	२०१५	लु २२ प ५०९०	लुम्बिनी प्रादेशिक कार्यालय, बुटवल(रुपन्देही)
७.	Hero Glamour	२०१४	ज ७ प ४६२९	बर्दीबास शाखा, महोत्तरी
८.	Bajaj Discover	२०१४	लु २० प ३२८१	साउ फर्सातिकार शाखा, रुपन्देही
९.	Bajaj Discover	२०१४	वा ६८ प ९७२९	गौशाला शाखा, महोत्तरी
१०.	Honda Shine	२०१३	लु १६ प ६४९७	सेमरा शाखा, रुपन्देही
११.	Bajaj Discover	२०१३	लु १६ प २५२३	कालिकानगर शाखा, रुपन्देही

शर्तहरु

१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिन्छ ।
२. बोलपत्रसाथ बोलपत्रदाताले जमानत बापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९-०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लगि बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटिपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।
६. प्रस्तावित बोलपत्र मिति २०८०/०२/२२ गते बैंकको नारायणहिटिपथ केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

सि. नं.	मालवस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पत्तिको मूलुक राष्ट्र	इकाई	प्रति इकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP)
1	TRUCK CHASSIS	HD	EICHER	20.16 K CBC	4948 CC	INDIA	1	4,105,000.00
2	TRUCK	HD	EICHER	20.16 K HSD	4948 CC	INDIA	1	4,365,000.00
3	CONTAINER	HD	EICHER	20.16 M STCONT	4948 CC	INDIA	1	4,565,000.00
4	TRUCK	HD	EICHER	Pro 5031 M HSDSF	4948 CC	INDIA	1	6,398,000.00
5	TIPPER	HD	EICHER	TERRA 16 XP E FET	4948 CC	INDIA	1	4,798,000.00
6	TIPPER	HD	EICHER	TERRA25 G BOGI 9S	5883 CC	INDIA	1	7,698,000.00
7	TIPPER CHASSIS	HD	EICHER	Pro 6025T G CBC	7698 CC	INDIA	1	8,425,000.00
8	TRUCK	LMD	EICHER	Pro 1049 C HSD	3298 CC	INDIA	1	2,385,000.00
9	TRUCK	LMD	EICHER	Pro 1059 C HSD	3298 CC	INDIA	1	2,449,000.00
10	TRUCK	LMD	EICHER	Pro1059XP E HSD	3298 CC	INDIA	1	2,705,000.00
11	TRUCK	LMD	EICHER	Pro 1055 C DSD	3298 CC	INDIA	1	2,475,000.00
12	TRUCK CHASSIS	LMD	EICHER	Pro 1055 C CBC	3298 CC	INDIA	1	2,350,000.00
13	TRUCK	LMD	EICHER	Pro 1080 E HSD	3298 CC	INDIA	1	2,995,000.00
14	TRUCK	LMD	EICHER	Pro1080XP C DSD	3298 CC	INDIA	1	2,998,000.00
15	TRUCK CHASSIS	LMD	EICHER	Pro1080XP C CBC	3298 CC	INDIA	1	2,898,000.00
16	TRUCK	LMD	EICHER	Pro 1095XP E HSD	3298 CC	INDIA	1	3,150,000.00
17	TRUCK	LMD	EICHER	Pro 10.95 XP H HSD	3298 CC	INDIA	1	3,280,000.00
18	TRUCK CHASSIS	LMD	EICHER	Pro 1112XP H CBC	3298 CC	INDIA	1	3,598,000.00
19	TRUCK	LMD	EICHER	Pro 1112XP H HSD 20FT EXP	3298 CC	INDIA	1	3,655,000.00
20	TRUCK	LMD	EICHER	Pro 1112XP H HSD 19FT EXP	3298 CC	INDIA	1	3,598,000.00
21	TRUCK	LMD	EICHER	Pro 1112XP G HSD 17FT EXP	3298 CC	INDIA	1	3,555,000.00
22	TRUCK CHASSIS	LMD	EICHER	Pro1112XP L CBC 22FT	3298 CC	INDIA	1	3,425,000.00
23	TRUCK CHASSIS	LMD	EICHER	Pro 1112XP G CBC 17FT	3298 CC	INDIA	1	3,395,000.00
24	TRUCK	LMD	EICHER	Pro1114XP H HSD	3298 CC	INDIA	1	3,998,000.00
25	TRUCK	LMD	EICHER	Pro3015 J SLP HSD	3770 CC	INDIA	1	4,245,000.00
26	TIPPER CHASSIS	LMD	EICHER	Pro 1055T C CBC PTO	3298 CC	INDIA	1	2,425,000.00
27	TIPPER	LMD	EICHER	Pro 1080XP C FBT	3298 CC	INDIA	1	3,445,000.00
28	TIPPER CHASSIS	LMD	EICHER	Pro 1095T E CBC PTO	3298 CC	INDIA	1	2,925,000.00
29	TIPPER	LMD	EICHER	Pro1112XPT E UBT	3770 CC	INDIA	1	4,045,000.00
30	BUS	BUS	EICHER	10.90 L SRL B 3x2 SCL BUS(50+1)	3298 CC	INDIA	1	5,010,000.00
31	BUS	BUS	EICHER	10.75 H BUS SCL SKL(32+1)	3298 CC	INDIA	1	4,885,000.00
32	BUS	BUS	EICHER	10.75 H SRL B 3x2 SCL BUS(40+1)	3298 CC	INDIA	1	4,858,000.00
33	BUS	BUS	EICHER	10.75 E BUS AB PS SRL-B(28+1)	3298 CC	INDIA	1	4,560,000.00
34	BUS	BUS	EICHER	10.75 H SRL B RP AB PS(32+1)	3298 CC	INDIA	1	4,950,000.00
35	BUS	BUS	EICHER	10.75 E SRL B AB PS 3x2 SCL BUS(30+1)	3298 CC	INDIA	1	4,015,000.00
36	BUS	BUS	EICHER	10.75 H SRL B 3x2 SCL BUS(38+1)	3298 CC	INDIA	1	4,520,000.00
37	BUS	BUS	EICHER	10.50 D School 3X2 LAYOUT BS4	3298 CC	INDIA	1	4,265,000.00

बिक्रेताको फर्मको नाम : १. बतास एम.ए.डब्लु कमर्सिल मेहिकल्स प्रा.लि स्थायी लेखा नं : ६१०४३४५६७
२. ईष्टर्न एजेन्सीज प्रा.लि. स्थायी लेखा नं : ६०२४८४१२४
ठेगाना : टंगाल, काठमाडौं, फोन नं. : ९८०२३११६५५

कांग्रेसमा यसकारण रूपान्तरण अभियान

नाम मात्रको नीति महाधिवेशन गर्ने कि साँच्चै परिवर्तनका लागि विशेष महाधिवेशनमा जाने भन्ने विषयमा कांग्रेसभित्र गम्भीर मन्थन जरुरी छ



● भूपेन्द्रजंग शाही

अग्रलेख

नेपाली कांग्रेसभित्र यतिबेला केही बहस उठेका छन्, कांग्रेसको हिजोको इतिहास, गौरव र वैभव अहिलेकै सुस्त पारा र यथास्थितिमै रुमल्लिएर रहँदा के भोलिका दिनमा कांग्रेसको भविष्य सुरक्षित रहला ? कांग्रेसमा आबद्ध लाखौं कार्यकर्ताको भविष्य कस्तो रहला ? पार्टीको आजकै अवस्थाले अगाडि देखिएका चुनौती चिरफार गरेर खरो उत्रिन सक्ला ? पार्टी यथास्थितिमै रमाउने कि व्यापक रूपमा परिवर्तन गर्ने, गल्तीहरूको पुनरावृत्ति गर्ने कि सुधारको यात्रा तय गर्ने ? सत्तास्वार्थमा मात्रै रोमाञ्चित हुने कि जनताका ससाना पीडामा मलम लगाउन अग्रसर हुने ? पार्टीलाई केही व्यक्ति, गुट, स्वार्थ समूहले परम्परावादी रूपमा सञ्चालन गर्ने कि कांग्रेसमा आमूल रुपान्तरण गर्ने ? यी प्रश्न अहिले कांग्रेसभित्र उठिरहेका छन् । अब कांग्रेस यथास्थिति, गुटबन्दी, परम्परावादी, व्यक्तिवादी र सत्तावादी भएर चल्न सक्दैन । पार्टीमा तत्काल परिवर्तन आवश्यक छ भनेर युवा नेताहरूको पहलमा कांग्रेस रुपान्तरण अभियान प्रारम्भ भएको छ । यही ११ जेठमा मधेस प्रदेशबाट सुरु भएको अभियान सातै प्रदेशमा बृहत् भेला र व्यापक अन्तर्क्रिया गरेर पार्टीका जिल्ला र गाउँ तहका नेता तथा शुभेच्छुकको विचार, धारणा, सुझाबसँगै अघि बढ्नेछ ।

अहिले पार्टीभित्र समीक्षा गर्नुपर्ने धेरै विषय छन् । कांग्रेसलाई सशक्त, लोकप्रिय र गतिशील बनाउनु हामी सबैको दायित्व हो । यसैलाई आत्मसात् गर्दै हामीले गुट निरपेक्ष अभियान सुरु गरेका हौं । यो कसैलाई कमजोर बनाउने र कसैको जयजयकार गर्ने तथा निश्चित समूहको स्वार्थ र हितमा काम गर्ने अभियान नभई सिंगो पार्टीलाई बलियो बनाउने अभियान हो । इतिहासको यो गम्भीर मोडमा कांग्रेसले आफैंतिर फर्किएर गत निर्वाचन, अपवित्र गठबन्धन, सरकार निर्माणको फोहोरी खेल, उपनिर्वाचनको नमिठो सन्देश, पार्टी पंक्ति परिचालनमा सुस्तता र हिजो सरकारमा हुँदा भएका कमी-कमजारीबारे गम्भीर समीक्षा गर्न जरुरी छ । वर्तमानमा देखिएका चुनौती चिरफार गर्दै पार्टी अब रुपान्तरित भएर अगाडि बढ्न सकेन भने भविष्यमा ठूलो क्षति व्यहोर्नुपर्नेछ । पार्टी केन्द्रीय समितिले अझै पूर्णता पाएको छैन, विभागहरू रिक्त छन् । ४८ विभागमा ५१ सदस्यका दरले झन्डै २५ सय नेताले पाउनुपर्ने जिम्मेवारी पाएका छैनन् । पार्टीमा बेरोजगार भएर बस्नुपर्ने अवस्था छ । पार्टीको मेरुदण्डका रूपमा रहेका भ्रातृसंस्था निष्प्रभावी छन् । हामीलाई लाखौं युवाको मत चाहिएको छ, तर नेतृत्वले तरुण दल र नेविसंघलाई अध्यक्षमा मात्रै सीमित राखेर संगठनमा पसिना रगत बगाएका ऊर्जाशील युवाको अपमान गरिरहेको छ । यतिबेला पार्टीभित्र पूरै शून्यता, रिक्तता र सन्नाटा छाएको छ ।

कांग्रेसका संस्थापक बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, सुवर्ण शमशेरसहित कांग्रेस भएबापत तत्कालीन सत्ताबाट प्रताडना झेल्नुभएका र विभिन्न कालखण्डमा कांग्रेसमा आस्था राखेबापत जीवन बलिदान गर्नुभएका, विस्थापित हुनुभएका सबैप्रति उच्च सम्मान अर्पण गर्दै देशका कुनाकन्दरामा बसेर कांग्रेसको संगठन विस्तारमा अहोरात्र खटिइरहनुभएका ती तमाम कांग्रेस नेता-कार्यकर्ताको भावनाको कदर गर्दै जनताका आधारभूत आवश्यकता पूर्तिका लागि पहल गर्ने र जनताको सुखदुःखमा साथ दिने पार्टी बनाउन जरुरी छ । बीपीको विचार, गणेशमानको दृढता, किसुनजीको त्याग, सुवर्ण शमशेरको उदारता, गिरिजाप्रसाद कोइरालाको साहस र सुशील कोइरालाको सरलताको बलियो जग हामी नयाँ पुस्ताका लागि प्रेरणाको विश्वविद्यालय हो । हामीले गर्व गर्ने हाम्रो आफ्नै विचार छ, नेताहरू हुनुहुन्छ । कम्युनिस्ट पार्टीजस्तो आयातीत तस्बिर अघिल्तिर उभिएर मुठी उचालेर कसम खानुपर्ने र संसारभरबाट विस्थापित भइसकेको थोत्रो विचारधाराको सहारा लिनुपर्ने बाध्यताबाट कांग्रेस मुक्त छ । तर, कांग्रेसले वर्तमानका चुनौतीलाई ध्यान नदिई तथा जनताका गुनासा र भावना नसुनी एकांगी ढंगले हिँड्न खोज्यो भने दुर्घटना निश्चित छ ।

कांग्रेसको राणा, पञ्चायत र राजा फ्याँकेको, पटक-पटक क्रान्तिको नेतृत्व गरेको सुनौलो विरासत छ । तर, सत्ताका लागि जायज-नाजायज सम्झौता, विचारविहीन गठबन्धन, जनताका आधारभूत आवश्यकतासँग बेखबर, भ्रष्टाचार नियन्त्रण र सुशासनको सवालमा सुस्त, नैतिकतापूर्ण राजनीतिको खडेरी, युवाको भविष्यप्रति बेवास्ता, जनताको आवाजको अपमान, सामाजिक सेवा र सुरक्षाको बेमतलब तथा पार्टीलाई केबल सत्ता, शक्ति र स्वार्थ प्राप्तिको भर्‍याङ मात्रै ठान्ने हो भने कांग्रेसको भविष्य के होला ? सामूहिकताको भावनाविपरीत व्यक्तिवाद, नातावाद, कृपावाद, परिवारवादका आधारमा पार्टी चलाउन खोज्ने हो भने भोलिका दिनमा पार्टी कस्तो संकटमा पर्ला ? गम्भीर भएर एकपटक सबैले सोच्नुपर्ने वेला आएको छ ।

कांग्रेसभित्र आपसी भ्रातृत्व र आत्मीयताको कमी देखिन थालेको छ । अब पार्टीमा गुटबन्दीको समूल अन्त्य गर्दै सबैलाई एकढिक्का बनाउन जरुरी भएको छ । यसका लागि पार्टीमा गुट, नातावाद, चाकरीवाद र आर्थिक सम्पन्नताका आधारमा होइन, योगदान, समर्पण, सक्रियता, निरन्तरता, प्रतिबद्धता र क्षमताका आधारमा जिम्मेवारी र सबैलाई समान अवसर प्रदान गर्ने परिपाटीको विकास गर्नुपर्छ । कांग्रेसलाई गुटगत स्वार्थ पूरा गर्ने विभिन्न समूहको मोर्चा बन्न दिनु हुँदैन । सत्ताको भोगचलन र पदीय भागबन्डाको सर्धै किचलो गरिराख्ने पार्टी बन्न दिनु हुँदैन । सामूहिक हित, साझा भावना र जनसेवामा समर्पित पार्टी बनाउनुपर्छ ।



नेता र कार्यकर्ताबीच देखिएको अन्तर र बढेको दूरी घटाएर पार्टीभित्र सानो र ठूलो भन्ने मान्यता हटाएर हामी एउटै परिवार हौं भन्ने भ्रातृत्वको भावना विकास गरी तल जनतासम्म सुमधुर सम्बन्ध कायम गर्न सबै नेता-कार्यकर्तामा नैतिकता, समानता रसरलतापूर्ण बोली व्यवहार जरुरी छ । व्यक्तिवादी चरित्र र अनुशासनहीनता अन्त्य हुनुपर्छ । लोकतन्त्रमा नेता शासक होइन, सेवक हो । गणतन्त्रमा नेता राजा भएर बलियो हुने होइन, जनता बलियो हुने हो । जनतालाई नोकर सम्झने नेता र पार्टिको भविष्य सुरक्षित हुँदैन, जनताको सुखदुःखमा साथ नदिने र जनतालाई सम्मानका दृष्टिले नहेर्ने कुनै पनि राजनीतिक दलको आयु लामो हुँदैन । कांग्रेस जनताका मुद्दा र भावनासँग गहिरो गरी जोडिन जरुरी छ ।

> सत्ताका लागि जायज-नाजायज सम्झौता, विचारविहीन गठबन्धन, जनताका आधारभूत आवश्यकतासँग बेखबर, भ्रष्टाचार नियन्त्रण र सुशासनको सवालमा सुस्त, नैतिकतापूर्ण राजनीतिको खडेरी, युवाको भविष्यप्रति बेवास्ता तथा जनताको आवाजको अपमान गरी पार्टीलाई केवल सत्ता, शक्ति र स्वार्थ प्राप्तिको भर्‍याङ मात्रै ठान्ने हो भने कांग्रेसको भविष्य के होला ?

पार्टीलाई शुद्धीकरण र सुदृढीकरण गर्न केन्द्र, जिल्ला र गाउँ तहसम्म विचार, सिद्धान्त र एजेन्डामा आधारित वैचारिक जागरण अभियान आवश्यक छ । कांग्रेसले चाँडै १६५ संघीय र ३३० प्रदेश निर्वाचन क्षेत्रमा केन्द्रीय प्रतिनिधि खटाएर 'पिपुल टु पिपुल' अभियान सञ्चालन गर्नुपर्छ । यसका लागि पार्टीका नेता र कार्यकर्ता सहरकेन्द्रित होइन, गाउँकेन्द्रित हुन जरुरी छ । गाउँकेन्द्रित भएर गाउँ-गाउँ र टोल-टोलमा पुगेर 'जनजनमा कांग्रेस मनमनमा कांग्रेस' अभियान चलाउनुपर्छ ।

सहिद परिवार तथा द्वन्द्वपीडित परिवारलाई उच्च सम्मान, पार्टीमा अवसर र उचित स्थानको ग्यारेन्टी गर्दै समानुपातिकबाट एकपटक सांसद बनेको व्यक्तिलाई कुनै हालतमा दोहोऱ्याउनु हुँदैन । दोहोऱ्याउनु समानुपातिक समावेशी सिद्धान्तविपरीत हुन्छ । पार्टीको आन्तरिक निर्वाचनमा पनि समावेशिताबाट प्रतिनिधित्व गर्ने पदमा एकपटकभन्दा बढी अवसर नपाउने व्यवस्था कडाइसाथ लागू गर्नुपर्छ । यसका साथै एउटै व्यक्ति बारम्बार एउटै पदमा दोहोरिने, तेहरिने अवस्था अन्त्य हुनुपर्छ । एउटै व्यक्तिलाई भएभरको जिम्मेवारी दिएर हुँदैन, कामको बाँडफाँड हुनुपर्छ । अब पार्टीमा 'एक व्यक्ति : एक जिम्मेवारी' हुनुपर्छ ।

महाधिवेशनको मुखमा आएर मात्रै क्रियाशील सदस्यता वितरण गर्ने परम्परा अन्त्य गरी हरेक वर्ष पारदर्शी रूपमा क्रियाशील सदस्यता वितरण गर्नुपर्छ । महाधिवेशनको वर्ष क्रियाशील सदस्यता वितरण गर्न नपाउने नियम बनाउनुपर्छ । पार्टी महाधिवेशनका लागि मात्र गाउँ अधिवेशन गर्ने परम्परा अन्त्य गरी वडा तहको अधिवेशन हरेक दुई वर्षमा गर्ने व्यवस्था गर्नुपर्छ । पार्टीको राष्ट्रिय महाधिवेशन पनि आमनिर्वाचनको कम्तीमा दुई वर्ष अगाडि गरेर आन्तरिक भमेला सुल्झाई निर्वाचनको तयारीमा जुट्नुपर्छ । केन्द्रीय सभापतिको निर्वाचन सम्पूर्ण क्रियाशील सदस्यमार्फत प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्नुपर्छ ।

गएको निर्वाचनमा पनि सिद्धान्तहीन, विचारहीन, गठबन्धन गर्नुहुन्न भन्ने आमकार्यकर्ताको आवाज हुदाँहुँदै पनि सत्तालाई मात्रै ध्यान दिएर बनेको बृहत् गठबन्धनले सोचेजस्तो परिणाम आएन । त्यसैले, निर्वाचन समीक्षाका लागि टालटुले पारामा होइन, गहन छलफल गरेर अबका निर्वाचनमा कहिल्यै गठबन्धन नगर्ने प्रतिबद्धतासाथ अरूको बैसाखी टेकेर नभई आफ्नै संगठनको बलमा एक्लै निर्वाचन जित्ने तयारीमा लाग्नुपर्छ । अब पार्टी संगठनले मात्रै हुँदैन, जनतासँग नजोडिई अघि बढ्न सकिन्न । सरकारी काममा जतासुकै ढिलासुस्ती, सेवा प्रवाहमा असमानता छ । भनसुनको प्रभाव छ । सरकारी कार्यालयबाट सेवा लिन जनता अपमानित हुनुपर्ने अवस्था छ । सबै दलप्रति जनताको विश्वास घटिरहेको समयमा निर्वाचनमा मत परिवर्तनको संकेत देखिनु स्वाभाविक हो । यसैलाई मध्यनजर गरी कांग्रेसले सरकारलाई नागरिकका गुनासो र आक्रोशलाई सम्बोधन गर्न दबाब दिँदै आफ्ना मन्त्रीलाई प्रभावकारी परिणाम आउने गरी दिनरात खटेर काम गर्न निर्देशन दिनुपर्छ । देश विकासको बाधकका रूपमा रहेको भ्रष्टाचारलाई निर्मूल पार्न वाइडबडी काण्ड, एनसेल काण्ड, सुनकाण्ड, ललिता निवास काण्ड र अहिले लाजमर्दो रूपमा आएको पशुपतिनाथको जलहरी काण्डलगायत सबैको छानबिन गरी भ्रष्टाचारीलाई कडा कारबाही गराउने अभियान चलाउन कांग्रेसले विशेष अगुवाइ गर्दै 'भ्रष्टाचारमुक्त नेपाल, सुशासनयुक्त नेपाल' अभियान देशभर सञ्चालन गर्नुपर्छ । देशको जर्जर आर्थिक अवस्था र यसले ल्याउन सक्ने भयावह आर्थिक संकटबाट देशलाई जोगाउन अर्थतन्त्र सुधार गरी अर्थतन्त्रलाई मजबुत बनाउने विशेष कार्यक्रम सरकारले सञ्चालन गर्नुपर्छ । हरेक राजनीतिक परिवर्तनको नेतृत्व गर्दै आएको कांग्रेसले अब मुलुकको समुन्नति र समृद्धिका लागि आर्थिक क्रान्तिको थालनी गर्नुपर्छ । यसका लागि आर्थिक विकासको सम्भाव्यता पहिचान गरी आर्थिक विकासको सम्भाव्यता भएको क्षेत्र, पर्यटन, कृषि, जडीबुटी र जलस्रोतमा व्यापक लगानीको वातावरण सिर्जना गरी गाउँगाउँमा विकास र युवालाई स्वदेशमै रोजगारीको अवसर प्रदान गर्न कांग्रेसको नेतृत्वमा 'सुन्दर नेपाल-समृद्ध नेपाल' अभियान सुरु गर्नुपर्छ ।

समग्रमा यो रुपान्तरण अभियानमार्फत देशैभरि गाउँगाउँ र टोलटोलसम्म पुगेर आमपार्टीका नेता, समर्थक, शुभेच्छुक, सर्वसाधारण, बुद्धिजीवी र आमनागरिकको सल्लाह सुझाबलाई सुनेर अब कसरी अगाडि बढ्ने ? आगामी रणनीति के लिने ? परम्परावादी र यथास्थितिमा रुमल्लिने कि रुपान्तरणको यात्रा तय गर्ने ? अब नाम मात्रको नीति महाधिवेशन गर्ने कि साँच्चै परिवर्तनका लागि विशेष महाधिवेशनमा जाने ? यी विषयमा बहस गर्न अति जरुरी छ । व्यक्ति होइन विचार, पद होइन पद्धति, सत्ता होइन समाज, नेता होइन नीतिको मूल मर्म र आदर्शमा आधारित नैतिक मूल्य-मान्यतासहितको राजनीति सुरुवात गर्न कांग्रेसले ढिलो गर्नुहुन्न ।

अन्त्यमा, यो रुपान्तरण अभियानमार्फत कांग्रेसलाई ऊर्जाशील, गतिशील, क्रियाशील, सबल, सुदृढ, सशक्त र बलियो बनाउनु नै हो । यस अभियानमार्फत पार्टीमा नयाँ आशा, समर्थकमा नयाँ भरोसा र आमनागरिकमा नयाँ विश्वास जगाउनु नै हाम्रो मुख्य उद्देश्य हो ।

(शाही नेपाली कांग्रेसका युवानेता हुन्)

३ प्रश्न

पूर्वपरराष्ट्रमन्त्री **रमेशनाथ पाण्डे**लाई



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आसन्न भारत भ्रमणलाई कसरी हेर्नुभएको छ ?

परिस्थिति विगतमा भन्दा बिल्कुलै फरक छ । इतिहासले थाती राखेका मनोमालिन्यको बोझासँगै बदलिँदो विश्व शक्ति सन्तुलनले थपेको उल्झन पनि छ । वर्तमान र भविष्यको आवश्यकतालाई पनि यो भ्रमणले सम्बोधन गर्नुपर्ने छ । यी सबै एजेन्डा एउटा भेटमा व्यवस्थापन हुन सक्दैनन् । तर, दुई देशबीच रित्तिँदै गएको विश्वासको सञ्चिति र समझदारीलाई भ्रमणले बढाउनुपर्छ ।

भ्रमणको तयारीका क्रममा सकारले केकस्तो गृहकार्य गरेको पाउनुहुन्छ ?

प्रधानमन्त्री स्तरमा हुने भ्रमणका लागि दुई देशबीच पूर्वसंवाद, समझदारी र सहमतिको नुस्खा र विवरणको निर्क्योल तथा भविष्यका लागि दुई प्रधानमन्त्रीबीचको प्रत्यक्ष तथा पत्यारिलो सम्बन्धको आधार र विधि तयार पार्नु पूर्वतयारी हो । कुन योजना, कुन सहायताजस्ता तपसिलका विषयको बोझा प्रधानमन्त्रीको भ्रमणलाई बोकाउनु कमजोर कुटनीति हो । पाँच महिनादेखि भ्रमणको चर्चा भइरहे पनि नियमित कूटनीतिक स्तर सक्रिय भएको देखिएको छैन । यसैले, प्रधानमन्त्रीले एजेन्डाहरूको निक्कै गरुंगो भारी बोकेर दिल्ली जानुपर्ला जस्तो लागेको छ ।

यस भ्रमणमा नेपालका तर्फबाट केकस्ता एजेन्डा तय गरिनु उपयुक्त हुन्छ ?

प्रधानमन्त्रीले भनेजस्तै भ्रमणलाई ऐतिहासिक बनाउने हो भने दुई देशबीच विश्वासलाई स्थापित गर्नुपर्छ । विश्वासको आधारमा पत्यार र समझदारी हुन्छ । दुई देशबीच विश्वासको सम्बन्ध बन्यो भन्ने सार्वजनिक गर्न इतिहासले छाडेका इस्युहरू सुल्झाउने भरपर्दो विधि र आधारमा सहमति बनाउनुपर्छ ।

प्रेरक प्रसंग

सैनिकको अपमान

नेता सुभाषचन्द्र बोस आइसिएस पास गरेपछि भारत फर्किए । उनी भारत फर्किएपछि एउटा जागिरको खोजीमा लागे । त्यहाँ उनले एउटा कम्पनीमा कर्मचारी चाहिएको जानकारी पाए । सो पदका लागि उनको शैक्षिक योग्यता पनि उपयुक्त थियो । त्यसैले उनी सो लिखित परीक्षामा सामेल भए । परीक्षाका लागि आवश्यक तयारी गरेर उनी परीक्षा सञ्चालन हुने दिन तोकिएको समयमै परीक्षा केन्द्रमा पुगे । परीक्षा सुरु भयो । परीक्षार्थीलाई प्रश्नपत्र वितरण गरियो । बडो उत्सुकताले उनले सर्सर्ती सो प्रश्नपत्र हेरे ।



प्रश्नपत्र हेर्दै जाँदा एउटा प्रश्नमा पुगेपछि उनका आँखा टक्क रोकिए । सो प्रश्न देखेपछि उनका आँखा तिर्मिराए । त्यो प्रश्नपत्रमा अनुवादका लागि एउटा अंग्रेजी वाक्य दिइएको थियो, 'इन्डियन सोल्जर्स आर जनरल्ली डिसअनेस्ट' अर्थात् अभारतीय सैनिकहरू सामान्यतया बेइमान हुन्छन् ।

परीक्षार्थीले यस वाक्यलाई आ-आफ्नो मातृभाषामा अनुवाद गर्नुपर्ने थियो ।

सुभाषचन्द्रले यो प्रश्नको विरोध गरे । उनले निरीक्षकसँग भने, 'तपाईं यो प्रश्न तुरुन्त काटिहाल्नुस् र अर्को प्रश्न यसमा सामेल गर्नुस् ।' उनको विरोध सुनेपछि निरीक्षकले भने, 'यो प्रश्न आवश्यक रूपेरखाअनुसार नै राखिएको हो । त्यसैले यसलाई काट्न मिल्दैन । यदि तपाईंले यस प्रश्नको हल गर्न सक्नुभएन भने यति ठूलो नोकरी हात पार्ने मौका गुमाउनुहुनेछ,' निरीक्षकले बडो निरस भाकामा जवाफ दिए ।

निरीक्षकको यस्तो जवाफ सुनेर सुभाषचन्द्र रिसले चुर भए । उनले प्रश्नपत्र च्यात्दै भने, 'लैजा, यही होइन तेरो नोकरी ? आफ्नो मातृभूमिका मानिसको निन्दा र अपमान सहनुभन्दा भोकै मर्नु धेरै राम्रो हो । मलाई यस्तो नोकरी चाहिँदैन ।' यति भन्दै उनी परीक्षा भवनबाट बाहिर निस्किए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बिजुलीको मूल्य घटाऊ

महँगो बिजुलीको मूल्यले आमजनतालाई असहज बनाइरहेको छ । नेपाल विद्युत् प्राधिकरणले हिजो देशभित्र कम मात्रामा बिजुली उत्पादन हुने हुँदा महँगो मूल्य लिँदै आएको थियो । तर, अब देशभित्रै व्यापक परिमाणमा बिजुली उत्पादन हुने भएकाले अब मूल्यमा केही सुधार गर्नुपर्छ । अब नेपालमा विद्युत्को बिल साधारण विपन्न परिवारका प्रतियुनिट पाँच रुपैयाँभन्दा बढी राख्नुहुँदैन । साथै, सो मूल्य तोकेर प्रत्येक महिनाको १० महसुल तिरिसक्नुपर्ने अन्यथा अहिलेकै दरमा महसुल बुझाउनुपर्ने नियम बनाएर लागू गर्नुपर्ने देखिन्छ । त्यसैगरी बिलमा अन्य कुनै पनि थप शुल्क लिन नपाइने व्यवस्था पनि लागू गर्नुपर्छ ।

● **हेमकुमार थापा**, भक्तपुर
hemkth@yahoo.com

साहित्यिक स्तम्भ पनि चाहियो

म नयाँ पत्रिकाको नियमित पाठक हुँ । हरेक बिहान अरू जुनसुकै पत्रिका पढे पनि नयाँ पत्रिका नपढी चित्तै बुझ्दैन । किनकि, त्यसमा अत्यन्तै सकारात्मक ऊर्जा दिने 'प्रेरक प्रसंग'प्रकाशित भएको हुन्छ । जसमार्फत, यो पत्रिका पढ्दा बिहानै रोचक, ज्ञानवर्धक र नैतिक शिक्षा दिने मिठो खुराक पाइन्छ । यस पत्रिकामा एउटा दैनिक साहित्यिक स्तम्भ पनि भइदिए सुनमा सुगन्ध हुने थियो ।

● **नरबहादुर बिसी**
बानियाँटार, काठमाडौं

जलहरी काण्ड छानबिन गर

तत्कालीन सरकारले पशुपतिमा चढाएको सुनको जलहरीमा प्रयोग भएको भनिएको सुनमा ठूलो घोटाला भएको संकेत महालेखा परीक्षकको कार्यालयले समेत गरिसकेपछि त्यसलाई कानुनी रूपमा टुंगोमा पुऱ्याउनैपर्छ । यस विषयमा दलहरूले प्रणालीलाई काम गर्न दिनुपर्छ, संसद्मा विवाद गरेर या संसद् अवरोध गरेर हुँदैन । एमाले नेतामाथि प्रश्न उठिसकेपछि उनीहरूले संसद् अवरोध गर्नुको साटो, छानबिनमा सहयोग पुऱ्याउन सक्नुपर्छ । त्यसैले, जलहरी काण्डको छानबिन गर ।

● **अमृता विश्वकर्मा**
हात्तीगौंडा, काठमाडौं

प्रश्न गर्ने नपाउने गलत प्रवृत्ति

बुढाखाडा नेताले आर्थिक अनुशासन, सुशासन र आर्थिक समृद्धिबारे घोक्रो सुक्ने गरी चिच्याए पनि तिनको यथार्थ फरक छ । स्थानीय सरकारदेखि केन्द्र सरकार सञ्चालक व्यक्ति वा पार्टीले सुशासनको प्रत्याभूति दिन सकेका छैनन् । अस्तित्वमा रहेका सबै दलका प्रायः नेता कुनै न कुनै काण्डमा आरोपित नै छन् । नीति, नियम निर्माण थलो संसद् पनि आरोप-प्रत्यारोपमै रमाइरहेको छ । ठूला दलका नाम चलेका नेता ढाँट्न र दिउँसै रात पार्ने कसरतमा छन् ।

सरकारको नीति र कार्यक्रम जहिल्यै राम्रो आइरहेको छ, तर बजेट त्यस दिशातर्फ उन्मुख देखिँदैन । आफ्नो गाउँ आफैं बनाऔं, नौ स, गरिबसँग विश्वेश्वरलगायत दर्जनौं कार्यक्रम लोकप्रिय नै थिए तर कार्यान्वयनको पाटो एकदम कमजोर रह्यो । नीति तथा कार्यक्रममा हप्तौं र बजेटमा महिनौं छलफल भए पनि त्यो कहिल्यै परिमार्जन भएको देखिँदैन । परिमार्जन नहुने जस्ताको त्यस्तै पास गर्नुपर्ने भएपछि संसद्को साधन, स्रोत र समय व्यर्थमा खेर फाल्नुको अर्थ के हो ?

आफ्ना शीर्ष नेतालाई कुनै आरोप लाग्नै हुँदैन भन्ने सोच दलका माननीयको देखिन्छ । लडाकु प्रकरणमा प्रचण्ड, भुटानी शरणार्थीमा आरजु राणामार्फत देउवा, सुनको जलहरी काण्डमा केपी ओलीको नाम जोडिएकै हो । त्यही विषय संसद्मा उठ्दा संसद् नै अवरुद्ध नहुनुपर्ने थियो । सबै नेता, कार्यकर्ता आफ्नाले चाहिँ गल्ती गर्दैनन् भन्ने गलत मान्यता राख्छन् । उनीहरू निर्दोष छन् भन्ने तथ्य त अनुसन्धान र प्रमाणले पुष्टि गर्ने कुरा हो । हामी चहन्छौं, शीर्षहरूको विभिन्न काण्डमा संलग्नता झुटो साबित होस् । तर, प्रश्न गर्ने नपाउने प्रवृत्ति भने गलत हो ।

● **रामकृष्ण पराजुली**, लामोसाँघु, सिन्धुपाल्चोक
rakipali2025@gmail.com

भारतको उच्च आर्थिक वृद्धिको भाष्य एक खतरनाक मिथक

भारतीय अभिजात वर्ग, पूर्वानुमानकर्ता र अन्तर्राष्ट्रिय मिडियाले भारतको अर्थतन्त्र फस्टाउँदै गरेको बताए पनि तथ्यांक हेर्दा यथार्थ भिन्न देखिन्छ



देश / विदेश

● अशोक मोदी

अन्तर्राष्ट्रिय मुद्रा कोषले यस वर्ष भारतको कुल गार्हस्थ उत्पादन (जिडिपी) ६.१ प्रतिशत र अर्को वर्ष ६.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ । त्यसो भए भारत विश्वको सबभन्दा द्रुत वृद्धि हुने अर्थतन्त्रमध्ये एक हुनेछ । अन्य अन्तर्राष्ट्रिय टिप्पणीकारले अझ सकारात्मक प्रक्षेपण गर्दै 'भारतीय दशक' वा 'भारतीय शताब्दी'को आगमनको चरणमा रहेको घोषणा गर्न थालेका छन् । तर, वास्तविकतामा भने भारतीय अर्थतन्त्रले एक जोखिमपूर्ण गिरावटको सामना गरिरहेको छ । अहिले जेजति उत्साहप्रद प्रक्षेपण र घोषणा भइरहेका छन्, ती सबै केही कमजोर धरातलका अंकगणितमा आधारित छन् । सन् २०२० देखि २०२२ सम्मका तीन आर्थिक वर्षमा भारतले धेरै अर्थतन्त्रको तुलनामा बढी उतारचढावको सामना गऱ्यो । कोभिड-१९ का कारण अर्थतन्त्रले दुईपटक तीव्र गिरावटको सामना गरी कठिनाइसाथ महामारीपूर्वको स्तरमा उचालियो । यी तीन वर्षमा यसको वार्षिक वृद्धिदर झिनो ३.५ प्रतिशत थियो, जुन कोभिड संकटभन्दा अघिल्लो वर्षको हराहारी हो । महामारी-सम्बन्धित अवरोधको अन्त्यपछि पनि सन् २०२२ को दोस्रो ६ महिनामा अर्थव्यवस्था सुस्त गतिमा बढ्यो, जुन यस वर्ष पनि कायम छ । भारतलाई उच्च वृद्धियुक्त अर्थतन्त्रका रूपमा व्याख्या गर्नु भनेको यथार्थभन्दा बढी सदिच्छा हो ।

उच्च आर्थिक वृद्धिको हल्लाले स्वतन्त्रतापछिका ७५ वर्षमा रहेको समस्या ढाकछोप गर्न सघाइरहेको छ, त्यो हो न्यून रोजगार सिर्जना । आगामी दशकमा काम गर्ने उमेरका जनसंख्यालाई रोजगारी दिन भारतलाई कुल २० करोड अतिरिक्त रोजगारीको आवश्यकता पर्नेछ । निकट विगत हर्दा यो लक्ष्य भेट्टाउन निकै गाह्रो छ । गत दशकमा भारतीय अर्थतन्त्र पूर्णतः नयाँ क्षेत्रमा रोजगारी थप्न असफल भयो, जबकि यस अवधिमा प्रत्येक वर्ष ७० देखि ९० लाख रोजगार बजारमा प्रवेश गरिरहेका थिए । यो जनसांख्यिकीय दबाबले प्रायः आक्रोश जन्माउने गरेको छ । विरोध र समय-समयमा देखिने हिंसा यसैका उपज हुन् । सन् २०१९ मा भारतीय रेल्वेले ३५ हजार पदका लागि कर्मचारी माग गर्दा एक करोड २५ लाखभन्दा बढी आवेदन पर्नु रोजगार अभावकै ज्वलन्त उदाहरण हो । सन् २०२२ जनवरीमा रेलवे अधिकारीले तीन वर्षअघि खुलाएको आवेदनको पदपूर्ति गर्न नसक्ने जानकारी दिए । आवेदक हडतालमा उत्रिए, रेलका डिब्बा जलाइए र रेलवे स्टेसनमा तोडफोड भयो ।

महामारीको समयमा सहरमा जागिर ठप्पप्रायः भएपछि करोडौं श्रमिक तिनका गाउँ फर्किए र निर्वाह गर्न मात्र पुग्ने कृषिले धानिए । अझै धेरै गाउँमै तिनै पेसा गरेर बसेका छन् । पहिले नै संकटग्रस्त भारतको कृषि क्षेत्रले अहिले देशको ४५ प्रतिशत श्रमशक्तिलाई रोजगारी दिन्छ । जमिनको पुस्तौनी अंशबन्डाका कारण निरन्तर घट्दै गएको खेतमा सीमित काम हुने भएकाले कृषक परिवार अल्प-रोजगारीबाट ग्रस्त छन् । ठूलो संख्यामा किसानले आत्महत्या गरिरहेका छन् । धेरै भारतीय देशको अर्थतन्त्र खराब रहेको मान्छन् । समस्या देशको साना र अप्रतिस्पर्धी उत्पादन क्षेत्रमा छ ।

सन् १९८० को दशकको मध्यबाट सुरु भएको उदारीकरणमुखी सुधारयता जिडिपीमा उत्पादन क्षेत्रको अंश केही घटेर करिब १४ प्रतिशत पुगेको छ । तुलनाका लागि जिडिपीमा उत्पादन क्षेत्रको अंश चीनमा २७ प्रतिशत र भियतनाममा २५ प्रतिशत छ । भारतले उत्पादन निर्यातमा दुई प्रतिशतभन्दा कम विश्वव्यापी हिस्सा ओगटेको छ र सन् २०२२ को



दोस्रो अवधिमा यसको अर्थतन्त्र सुस्त हुँदा उत्पादन क्षेत्र थप संकुचित भएको छ । जबकि श्रमकेन्द्रित उत्पादनको निर्यातमार्फत ताइवान, दक्षिण कोरिया, चीन र पछिल्लो समय भियतनामले ठूलो संख्यामा आफ्ना मानिसलाई रोजगारी दिएको छ । १.४ अर्ब जनसंख्या भएको भारतले १० करोड जनसंख्या भएको भियतनामबराबर उत्पादित वस्तुको निर्यात गर्छ र भियतनामले भारतलाई उछिन्ने प्रक्षेपण गरिएको छ ।

भारतको वृद्धिको प्रक्षेपण गर्नेहरूले सामान्यतया पहिलोपटक एप्पल ठेकेदारहरूले भारतमा उच्च-प्रविधिको आइफोन एसेम्बलमा प्रारम्भिक लगानीलाई औंल्याउने गर्छन् । उत्पादकहरू चीनबाट बाहिरिने क्रम बढ्दा भारतलाई थप फाइदा हुने तिनको अनुमान छ । निःसन्देह यसको सम्भावना नभएको होइन, तर चीनको तटीय क्षेत्र महँगो हुँदै गएकाले श्रमकेन्द्रित व्यवसायले उत्पादन लागत कम गर्न मुख्यतः चीनकै कम विकसित भित्री भागमा स्थानान्तरण हुने अनुमान छ । यसबाहेक, चीनबाट बाहिरिने लगानीकर्ता मुख्यतया भियतनाम र दक्षिणपूर्वी एसियाका अन्य देशमा गइरहेका देखिन्छन्,

> जुन मुलुक (चीनसँगै) क्षेत्रीय व्यापक आर्थिक साझेदारीका सदस्य हुन् । भारतलाई पनि त्यस साझेदारीमा आमन्त्रण गरिएको थियो, तर देशका उत्पादक क्षेत्रको दबाबमा उसले सदस्यता लिएन । अन्य सदस्य राष्ट्रले भारतीय बजारमा सहज पहुँच प्राप्त गरेपछि आफूहरू प्रतिस्पर्धा गर्न सक्षम नहुने तिनको डर थियो ।

भारतीय स्टार्टअपहरूको उदय पनि पछिल्लो समय मत्थर भएको छ । यिनको उदय मुख्यतः महामारीको समयमा अनलाइन खरिदमा भएको वृद्धिमा आधारित थियो । अहिले आएर अधिकांश स्टार्टअपको नाफा घट्दै गएको छ । धेरै कोभिडकालमा लागू अवरोध हटाइए

खामेनी नै हुन सक्छन् इरानका अन्तिम 'सर्वोच्च नेता'

आयतुल्लाह खामेनीपछि इरानको बागडोर कसले समात्नेछ भन्ने कसैलाई थाहा छैन

सन् १९८९ मा जब इरानका इस्लामिक क्रान्तिका करिज्म्याटिक नेता आयतुल्लाह रुहोल्लाह खुमेनीको मृत्यु भयो अब के हुने हो भन्ने भयले करोडौँ शोकसन्तप्त इरानी सडकमा भेला भएका थिए। तर,अहिलेको मनस्थिति त्यसभन्दा एकदम फरक छ। आम इरानी ६ महिनाभन्दा बढी समयदेखि इस्लामिक गणतन्त्रका संस्थापक उनै खुमेनीका उत्तराधिकारी एवं वर्तमान 'सर्वोच्च नेता' आयतुल्लाह अली खामेनीविरुद्ध मुर्दावादको नारा लगाउँदै आमजनता प्रदर्शन गरिरहेका छन्। र, उनको शेषपछि सर्वोच्च नेताको स्थान कसले लिनेछ भन्ने अहिलेसम्म कसैलाई थाहा छैन। मध्यपूर्वको यस अन्तिम धर्मतन्त्र वास्तवमै जीवित रहन्छ कि रहँदैन भन्ने पनि कसैलाई थाहा छैन।



विभिन्न क्यान्सरका बाबजुद वर्तमान ८४ वर्षीय सर्वोच्च नेता खामेनी अझै केही वर्ष बाँच्न सक्छन्। यद्यपि, सर्वोच्च नेताको स्वास्थ्य र मौलवी शासन प्रणालीको शक्तिबारे आशंका गर्नेहरू भने बढ्दै गइरहेका छन्। धार्मिक सोच भएका इरानीले पनि यो धर्मतन्त्रप्रतिको विश्वास गुमाउन थालेका छन्। यो शासन व्यवस्था अलोकप्रिय रहेकोमा कुनै सन्देह छैन। निर्वाचन लामो समयदेखि एउटा छलछाम मात्र भएको छ। चीन र रुससँग लहसिन पुग्दा विदेश नीतिमा असंलग्नताको नीति पनि केवल शब्दमै सीमित देखिएको छ। 'उत्तराधिकारको प्रश्नले यथास्थितिलाई हल्लाउने निश्चित छ। यसले पूर्ण अधिनायकवादी सत्तातर्फ पनि लैजान सक्छ, लोकतान्त्रिक संक्रमणलाई गति दिन पनि सक्छ,' इटलीको ट्रेन्टो विश्वविद्यालयका पेजमान अब्दोल मोहम्मदी भन्छन्।

> राज्यका सबै मामिलामा सर्वोच्च नेता निर्णायक हुन्छन्। यही कारण हरेक चार वर्षमा अलोकतान्त्रिक ढंगले निर्वाचित भएर आउने राष्ट्रपतिभन्दा खामेनीको स्थान निकै माथि छ।

कागजमा यो उत्तराधिकार निकै सहज लाग्छ। राज्यका सबै मामिलामा सर्वोच्च नेता निर्णायक हुन्छन्। यही कारण हरेक चार वर्षमा अलोकतान्त्रिक परिस्थितिबाट निर्वाचित भएर आउने राष्ट्रपतिभन्दा उनको स्थान निकै माथि छ। यसविपरीत, सर्वोच्च नेता भने ८८ जना धर्मगुरुको भेलाबाट छानिएर आएका हुन्। धर्मको ठेक्का पाएका मौलवीहरूको समूहले सर्वोच्च नेताको छनोट गर्न सकेन भने राष्ट्रपति, प्रधानन्यायाधीश र वरिष्ठ न्यायाधीशहरू सम्मिलित त्रिपक्षीय समूहले यसबारे निर्णय गर्नेछ र उनीहरूको छनोटलाई जनमत संग्रहबाट अनुमोदन गराइनेछ। सन् १९८९ मा खुमेनीका छोरासहित तीनजनाले राष्ट्रपति भइसकेका मध्यमस्तरका धर्मगुरु खामेनी (वर्तमान सर्वोच्च नेता)लाई मनोनय गरेका थिए, जसलाई विधिवत् रूपमा संवैधानिक जनमत संग्रह गरेर अनुमोदन गरिएको थियो।

यसको करिब तीन दशकपछि खामेनी भने आफ्नो उत्तराधिकारीको नाम दिन असमर्थ छन्। यसैबीच गत सेप्टेम्बरमा तथाकथित 'नैतिकता प्रहरी'को हिरासतमा एक युवतीको मृत्यु भएपछि चर्किएको प्रदर्शन र विरोधले यो शासन व्यवस्थालाई नै हल्लाएको छ। अहिलेका दुई प्रमुख दाबेदारको धार्मिक विरासत खामेनीको भन्दा पनि कमजोर छ। पूर्वप्रधान्यायाधीश इब्राहिम राइसी, जो वर्तमान राष्ट्रपति पनि हुन्, उनले मदरसाहरूमा अध्ययन गर्न अपेक्षाकृत छोटो समय बिताएका छन्। 'उनी केवल मस्जिदका इमामजत्ति मात्रै योग्य छन्,' इरानका घटनाक्रमलाई नजिकबाट नियालिरहेका लेबनानका सिया मुस्लिम शिक्षाविद् मुस्तफा फाहास भन्छन्। राइसीका ससुरा चरम पुरातनपन्थी धर्मगुरु हुन्, जो अन्य कुराका साथै संगीतमा पनि प्रतिबन्ध लगाउन चाहन्छन्।

सर्वोच्च नेताको दाबेदारीमा खामेनीका दोस्रो छोरा मोज्तबा पनि अग्रपंक्तिमा छन्। उनी अहिले सर्वोच्च नेताको कार्यालय हाँक्छन् र इस्लामिक सत्ताका रक्षाकवच स्लामिक रिभोलुसनरी गार्ड कर्पस् (आइआरजिसी)का प्रमुख होसेन ताइबसँग नजिक छन्। पछिल्लो समय सरकारी टिभीमा यी खामेनी जुनियर (मोज्तबा)को धर्मगुरुहरूको सर्वोच्च ओहदाको आयतुल्लाहको रूपमा प्रस्तुत गरिँदै छ, तर उनले कहिल्यै पनि आधिकारिक पद धारण गरेका छैनन् र सार्वजनिक रूपमा बिरलै देखिएका छन्। शाह रेजापल्लवीलाई सिंहासनबाट च्युत गरेपछि नै इस्लामिक क्रान्तिको जग बसेको थियो। त्यसैले धेरै दिग्गज वंशवादी उत्तराधिकारलाई रुचाउँदैनन्।

सन् १९८९ र अहिलेको परिस्थितिमा एउटा मात्रै र निकै ठूलो भिन्नता छ, त्यो हो- आइआरजिसीको उदय। अहिले मौलवीहरूमाथि यसैको नियन्त्रण छ। यसलाई तीन दशकदेखि खामेनीले सडकमा विरोधी तह लगाउन उपयोग गरेका छन्। लन्डनस्थित थिंक ट्यांक चाथम हाउसका अनुसार सन् १९८० मा (इस्लामिक क्रान्तिको एक वर्षपछि) संसद्मा ६ प्रतिशत रहेको आइआरजिसीको सदस्यता आज बढेर २६ प्रतिशत पुगेको छ भने धर्मगुरुहरूको प्रतिनिधित्व ५२ प्रतिशतबाट घटेर ११ प्रतिशतमा झरेको छ। 'पहिले धर्मगुरुहरूले आइआरजिसीका एकाइमा मौलवीहरू पठाउँथे अहिले आइआरजिसीले नै आफूलाई चाहिने धर्मगुरु उत्पादन गर्छ र तिनलाई मदरसाहरूमा पठाउँछ,' इरानको नेतृत्व-उत्तराधिकारमाथि पुस्तक लेख्ने अमेरिकामा रहेका विद्वान् अली अल्फोनेह भन्छन्।

> सन् १९८९ मा खुमेनीका छोरासहित तीनजनाले राष्ट्रपति भइसकेका मध्यमस्तरका धर्मगुरु खामेनी (वर्तमान सर्वोच्च नेता)लाई मनोनयन गरेका थिए, जसलाई विधिवत् रूपमा संवैधानिक जनमत संग्रह गरेर अनुमोदन गरिएको थियो।

आइआरजिसी बलियो हुँदै गएको नियालिरहेका धेरैजसो अवलोकनकर्ता रिभोलुसनरी गार्डस्का कमान्डरहरूले सर्वोच्च नेतालाई आफ्नो प्रभावमा राख्ने र उनलाई नाम मात्रका सर्वोच्च नेतामा सीमित गर्न सक्ने ठान्छन्। अर्का इरानविद् सइद गोलकरका विचारमा यसका लागि उपयुक्त पात्र वर्तमान राष्ट्रपति रायसी हुन्। सम्भवतः शासनसत्ता आइआरजिसीले नै लिन र धर्मतन्त्रको शासनलाई पूर्ण रूपमा रद्द गर्न पनि सक्छ तर त्यो पनि अहिलेकै वा त्यसभन्दा पनि अधिनायकवादी हुन सक्छ। आइआरजिसी मौलवीहरूभन्दा बढी व्यावहारिक हुन सक्ने र उसले पहिलेबाटै असन्तुष्ट मध्यम वर्गसँगको संघर्षबाट जोगिने प्रयास गर्न सक्ने आकलन पनि छ। तथापि, विदेश नीतिमा खामेनीले आणविक हतियारविरुद्धको प्रतिबन्धको परित्याग र आणविक बम निर्माणको खुलादौड अँगाले जस्तै आमूल परिवर्तन गर्न सक्छ। खाडीमा अमेरिकाको उपस्थितिको निरन्तर विरोध गर्दागर्दै ऊ 'सबैभन्दा ठूलो सैतान (शत्रु)'सँग वार्ता गर्न लचिलो हुन सक्छ।

केहीचाहिँ आइआरजिसीले नयाँ सामाजिक सम्झौता लागू गर्न सक्ने र इरानीहरूलाई उनीहरूको इच्छाअनुसारको पहिरन लगाउन, खानपिन र मनोरञ्जन पछ्याउन थप स्वतन्त्रता प्राप्त हुने तर्क गर्छन्। यसो भयो भने इरानमा ४० वर्षयता पहिलोपटक महिला शिक्षामन्त्री हुन सक्नेछिन् (अन्तिमलाई सन् १९८० मा इस्लामिक फायरिङ स्क्वाडले गोली हानेर मारेको थियो।) तथापि, राजनीतिक स्वतन्त्रता भने अझै खुम्चिनेछ। त्यो प्रक्रिया सुरु भइसकेको पनि हुन सक्छ। नैतिकता प्रहरीले बुर्का नलगाएका महिलालाई अक्सर छोड्न थालेको छ। तर, असहमति र अपराधविरुद्ध भने दमन सदाझैँ कठोर छ। गतवर्ष मृत्युदण्डको संख्यामा ८० प्रतिशत वृद्धि भएर ५७६ पुगेको छ।

यदि अधिनायकवादी आइआरजिसी शासनले निजत्वमाथिको नियन्त्रणलाई खुकुलो पार्दै स्थिरता ल्याउने हो भने धेरै इरानीले उसलाई स्वीकार गर्न सक्छन्।

तर, सच्चा सुधारवादीले आइआरजिसी वा धर्मतन्त्रको सट्टा धर्मनिरपेक्ष नागरिक प्रणालीको वकालतलाई जारी राख्नेछन्। यसै वर्षको सुरुमा पूर्वराष्ट्रपति मोहम्मद खातामीले 'आधारभूत परिवर्तन'को आह्वान गरेका छन्। १२ वर्षको नजरबन्दपछि पूर्वराष्ट्रपति पदका लोकप्रिय उम्मेदवार मीर हुसेन मौसावीले पनि इरानलाई इस्लामिक गणतन्त्रका रूपमा राख्ने कि नराख्ने भन्ने विषयमा जनमत संग्रहको माग गर्दै आफ्नो मौनता तोडेका छन्।

संक्रमणको रूप जस्तोसुकै भए पनि त्यो अन्योलपूर्ण हुन सक्ने सम्भावना छ। 'एउटा कुरा सुनिश्चित छ, खामेनी नै 'वास्तविक र अन्तिम फकिह (सर्वोच्च नेता)'हुनेछन्,' खामेनी सत्ताका धर्मगुरुहरूसँग नजिक रहेका फाहास भन्छन्। अर्को शब्दमा भन्दा इरानमा सन् १९७९ को क्रान्तिका संस्थापक आयतुल्लाह रुहोल्लाह खुमेनीले परिकल्पना गरेअनुसारको धर्मगुरुहरूको तन्त्र समाप्त हुनेछ।

- द इकोनोमिस्ट

इतिहासमा आज

मे २८

सन् १९६१ : एम्नेस्टी इन्टरनेसनल स्थापना। यस संस्थाले सन् १९७७ मा शान्तिका लागि नोबेल पुरस्कार प्राप्त गरेको थियो।

सन् १९९८ : पाकिस्तानद्वारा पाँचवटा एटम बम विस्फोट। भारतले गरेको परीक्षणको जवाफस्वरूप पाकिस्तानले आणविक परीक्षण गरेको थियो।

सन् १९८७ : जर्मनीका माथियास रस्टद्वारा मस्कोको रेड स्क्वायरमा अवैधानिक रूपमा विमान अवतरण। पश्चिम जर्मनीका १९ वर्षीय एमेच्योर पाइलटले शीतयुद्धको उच्च समयमा रुसको राजधानी मस्कोमा अवैध अवतरण गरेका थिए।

सन् १९९९ : दुई दशकको पुनर्स्थापना कार्यपछि मिलानको सान्ता मारिया डेले ग्राजीमा लियोनार्दो दा भिन्चीको लास्ट सुपर सर्वसाधारणका लागि पुनः खुला।

सन् १८०४ : नेपोलियन बोनापार्टले फ्रान्सेली साम्राज्यको स्थापनाको घोषणा गरे।

ग्लोबल आइएमई बैंक लिमिटेडको

आन्तरिक सजावट (निर्माण) कार्यबारे शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०८०/०२/१४

यस बैंकको उल्लेखित शाखा कार्यालयको आन्तरिक सजावट (निर्माण) कार्यका लागि नेपाल सरकारमा दर्ता रहेको फर्म वा कम्पनीबाट निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरी रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

क्र.सं.	शाखा
१	टिकापुर शाखा, कैलाली
२	तुल्सिपुर शाखा, दाङ्ग

शर्तहरु:

१) बोलपत्र फाराम प्रति शाखा/कार्यालयका लागि रु. ३,०००/- (रुपैर्या तिन हजार मात्र) मा पछि फिर्ता नहुने गरी यस बैंकको कुनै पनि शाखामा OTHER INCOME MISC A/C NO 003700524005 शीर्षकमा जम्मा गरेको भौचर पेश गरी मिति २०८० जेठ २१ गते ११:०० बजे सम्म यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागबाट खरिद गर्न सकिनेछ।

२) खरिद भएको बोलपत्र मिति २०८० जेठ २१ गते ५:०० बजे भित्र यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागमा उल्लेखित प्रमाण-पत्रहरु संलग्न राखी शिलबन्दी गरी पेश गर्नुपर्नेछ। यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा Technical Proposal/Financial Proposal छुट्टा छुटै खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट रुपमा लेखी दाखिला गर्नुपर्नेछ। साथै खाममा Technical Proposa/Financial Proposal प्रष्ट लेख्नु पर्नेछ।

३) प्राप्त भएका शिलबन्दी बोलपत्रहरु मिति २०८० जेठ २२ बिहान ११ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस बैंकको कमलादी कार्यालयमा खोलिनेछ। तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) शिलबन्दी बोलपत्र खरिद गर्ने दाखिला गर्ने, एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५) बोलपत्र फाराम भर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सहि छाप हुनुपर्नेछ।

६) बोलपत्र फारमका साथ आफुले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखाबाट EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO 002610524002 शीर्षकमा जम्मा गरेको भौचर वा सो बराबरको बैंक ग्यारेन्टी (विड बण्ड) पेश गर्नुपर्नेछ। सो बैंक ग्यारेन्टी (विड बण्ड) को म्याद न्यूनतम अवधि बोलपत्र पेश गर्ने अन्तिम मितीबाट ९० दिनको हुनुपर्ने छ।

७) बोलपत्रका साथ निम्न कागजात समेत पेश गर्नुपर्नेछ,
क) अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
ख) मूल्यअभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि,
ग) कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile),
घ) वाणिज्य बैंकाको कम्तिमा ३ वटा शाखा निर्माण गरेको कार्य अनुभवको प्रमाणपत्र। यसरी निर्माण गरेका शाखाको लागत रु.२० लाख भन्दा माथि हुनुपर्ने,
ङ) प्रबन्धपत्र/नियमावली/साझेदारहरु बिचको कबुलियतनामाको प्रतिलिपी,
च) कर चुक्ता प्रमाण पत्र र
छ) विगत ३ वर्षको औसत वार्षिक कारोबार रु. १ करोड भन्दा माथिको भएको प्रमाणित गर्ने कागजपत्र वा लेखापरीक्षण भएको वित्तीय विवरण।

८) रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

९) प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अथवा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

विश्व संक्षेप

इयूमा शरणका लागि आवेदन दिने अफगानी बढे

काबुल/ एक महिनामा नौ हजारभन्दा बढी अफगान नागरिकले इयूमा शरणका लागि आवेदन दिएका छन्। एक महिनामा नै यसरी शरण आवेदन दिनेको संख्या उच्च हो। युरोपेली जनगणना ब्युरोका अनुसार चालू वर्षको सुरुमा युरोपेली संघका सदस्य राष्ट्रहरूमा शरणार्थीको चासो गत वर्षको तुलनामा ४० प्रतिशतले बढेको छ। मासिक प्रतिवेदन सार्वजनिक गर्दै युरोपेली जनगणना ब्युरोले फेब्रुअरीमा मात्रै ७६ हजार पाँच सय व्यक्तिले इयूमा शरणका लागि आवेदन बुझाएका छन्। यो संख्या गत वर्षको तुलनामा ४० प्रतिशतले वृद्धि भएको देखिएको छ। उपलब्ध तथ्यांकका आधारमा गत वर्षको फेब्रुअरीमा शरणका लागि आवेदन दिनेको प्रारम्भिक संख्या ५४ हजार ३७० थियो। तथ्यांकअनुसार सिरियाली र अफगानिस्तानीहरू पछिल्ला वर्षमा इयू सदस्य राष्ट्रमा शरण खोज्नेहरूको सबैभन्दा ठूलो समूह हो। त्यसैगरी शरण आवेदनको ७७ प्रतिशत स्पेनमा मात्र केन्द्रित छ भने जर्मनी, फ्रान्स र इटली क्रमशः रोजाइमा परेका छन्। खामा प्रेसका अनुसार जर्मनीले मात्रै फेब्रुअरीमा २५ हजारभन्दा बढी आवेदन प्राप्त गरेको छ। युरोपेली संघको तथ्यांकअनुसार नयाँ शरणार्थीमध्ये दुई हजार ७४५ अभिभावकविहीन नाबालिग छन् भने एक हजार २५ अफगान नागरिक छन्।

ट्विटरले इयू डिसइन्फर्मेसन कोड त्यागदै

न्युयोर्क/ ट्विटरले युरोपेली संघको डिसइन्फर्मेसन कोड छोड्ने निर्णय गरेको छ। सन् २०१८ मा सुरु गरिएको इयूको डिसइन्फर्मेसनको अभ्यास कोडले मेटा, गुगल, ट्विटर, माइक्रोसफ्ट र टिकटकजस्ता सामाजिक सञ्जालसहित लगभग तीन दर्जन हस्ताक्षरकर्तालाई समावेश गरेको थियो।

त्यसवेला कोड प्रयोगकर्ताले तथ्य-जाँचकर्तासँग विकृति वितरण गर्ने संरचनालाई बढावा नगर्नेजस्ता तीन दर्जनभन्दा बढी प्रतिज्ञा गरेका थिए। आफूले प्रतिज्ञा गरेका कुराको पालना गर्नु आवश्यक हुन्छ। 'यदि (इलोन मस्क)ले कोडलाई गम्भीरतापूर्वक लिएनन् भने उनले राजीनामा दिनु राम्रो हुन्छ,' युरोपेली आयोगका एक अधिकारीले भनेका छन्, 'एक स्वैच्छिक सम्झौताअनुसार प्रमुख सामाजिक प्लेटफर्म एकसाथ समूह बनाउँदा यसका दायित्व हुन्छन् र त्यसको पालना हुनुपर्छ इयू उद्योग आयुक्त थियरी ब्रेटनले शनिबार ट्विटमा उल्लेख गरेका छन्।

चीन-भुटान सीमा बैठक

थिम्पु/ चीन र भुटानबीच सीमासम्बन्धी बैठक गत बुधबार र बिहीबार सम्पन्न भएको छ। भुटानको राजधानी थिम्पुमा चीन-भुटान सीमासम्बन्धी १२औँ विज्ञ समूह बैठक (इजिएम) भएको हो। बैठकमा चीनको कुन्मिङमा बसेको ११औँ बैठकमा भएको सकारात्मक सहमतिको समीक्षा भयो। दुवै पक्षले दुई देशबीचको सीमा वार्तालाई तीव्रता दिने तीन चरणको मार्गचित्रलाई कार्यान्वयनमा भएका प्रगतिप्रति सन्तोष व्यक्त गरे।

सहभागीका अनुसार मैत्रीपूर्ण वातावरणमा भएको बैठकमा चीन-भुटान सीमासम्बन्धी सबै विषयमा गहन छलफल भएको थियो। चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व चीनको परराष्ट्र मन्त्रालयको सीमा तथा महासागर मामिलासम्बन्धी विभागका महानिर्देशक होङ लियाङले गरेका थिए। भुटानी प्रतिनिधिमण्डलको नेतृत्व भुटानको अन्तर्राष्ट्रिय सीमा सचिव लेथो तोब्धेन ताङ्बीले गरेका थिए। समूहको अर्को बैठक आपसी सहमतिमा दुवै पक्षलाई सहज हुने मितिमा बेइजिङमा आयोजना गर्न चीन र भुटान सहमत भएका छन्।

प्रधानमन्त्रीका रूपमा मोदीको नौ वर्ष पूरा

नयाँदिल्ली/ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नागरिकबाट प्राप्त स्नेह र सद्भावले राष्ट्रका निम्ति अझ परिश्रम गर्ने ऊर्जा प्राप्त भएको बताएका छन्। भारतको प्रधानमन्त्रीका रूपमा आफ्नो नौ वर्ष पूरा भएको अवसरमा मोदीले जनताबाट प्राप्त प्रतिक्रियाप्रति कृतज्ञता व्यक्त गर्दै उक्त विचार व्यक्त गरेका हुन्।

बिहानैदेखि हाम्रो सरकारबारे गरिएको प्रशंसा आफ्ना लागि स्नेह भएको र त्यसले आफूलाई ऊर्जा दिएको उनले सामाजिक सञ्जालमा लेखेका छन्। प्रधानमन्त्री मोदीको नेतृत्वमा भारतीय जनता पार्टीको सरकारले यही जेठ १६ गते दुई कार्यकालको नौ वर्ष पूरा गर्दै छ। यस अवसरमा भारतीय जनता पार्टीले सोही दिनदेखि एक महिनासम्म देशभर ५० स्थानमा विशेष सभा एवं च्याली गर्नेछ। केही कार्यक्रमलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नेछन्।



भारतीय जनता पार्टीका अनुसार ती सभा तथा च्याली आगामी लोकसभा चुनावको तयारीमा केन्द्रित हुनेछन्। लोकसभा निर्वाचन करिब एक वर्षपछि हुँदै छ। सबैभन्दा ठूलो च्याली राजस्थानको अजमेरमा हुनेछ, जसलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नेछन्। विशेष सभा र च्यालीमा भाजपाका राष्ट्रिय अध्यक्ष जेपी नड्डा, केन्द्रीय गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह र अन्य शीर्ष नेता सहभागी हुनेछन्। नरेन्द्र मोदीले सन् २०१४ को मे २६ मा पहिलोपटक प्रधानमन्त्रीको शपथ लिएका थिए भने सन् २०१९ को मे ३० मा दोस्रो कार्यकालको शपथ लिएर भारतको सरकार प्रमुखका रूपमा शासन सञ्चालन गर्दै आएका छन्।

मन्दीको चपेटामा जर्मनी

बर्लिन/ गत वर्ष ऊर्जाको मूल्यमा आएको नकारात्मक परिवर्तनका कारण उपभोक्ताको खर्चमा असर परेपछि जर्मनी मन्दीको चपेटामा परेको छ। सन् २०२२ को अन्त्यमा ०.५ प्रतिशतले संकुचन आएको युरोपको सबैभन्दा ठूलो अर्थतन्त्रको उत्पादन यस वर्षको पहिलो तीन महिनामा ०.३ प्रतिशतले घटेको आधिकारिक तथ्यांकले देखाएको छ। संघीय तथ्यांक कार्यालयले अघिल्लो त्रैमासिकको तुलनामा कुल गार्हस्थ उत्पादन (जिडिपी) मा शून्य वृद्धिको अघिल्लो अनुमानलाई घटाएको छ।

मन्दीलाई लगातार दुई त्रैमासिक घट्दो उत्पादनको रूपमा परिभाषित गरिएको छ। 'उच्च मूल्यवृद्धिको निरन्तरताले वर्षको सुरुमा जर्मन अर्थ-व्यवस्थामा बोझ परेको छ। यो विशेषगरी परिवारको अन्तिम उपभोग खर्चमा प्रतिबिम्बित भएको छ। सन् २०२३ को पहिलो त्रैमासिकमा उपभोग खर्चमा १.२ प्रतिशतले घटेको थियो,' संघीय तथ्यांक कार्यालयले भनेको छ।

Invitation for Bids for Supply of Automated Teller Machines (ATMs) to Global IME Bank Limited

Date of publication: [May 28, 2023]

Global IME Bank Limited invites sealed bids from eligible bidders for the **Supply of ATMs**

1. **Eligibility Criteria for the Bidders**
   a. The Bidder must be a firm/company/organization registered under applicable Act in Nepal.
   b. The bidder should have experience of supplying similar product and services in at least 3 banks and financial institutions
2. A complete set of Bidding Documents can be purchased from Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by eligible Bidders upon payment of a non-refundable fee of NPR 2,000.00 [NPR Two Thousand Only] till 5:30 pm on June 04, 2023. Cash should be deposited in Account No.: 002610524002 (Earnest Money Deposit)
3. Sealed bids must be submitted to Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by hand/courier on or before 5:30 P.M on June 04, 2023. Bids received after this deadline will not be accepted.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on June 05, 2023 at Global IME Bank Limited, Corporate office.
5. Bids must be valid for a period of 90 Days from the date of bid opening and must be accompanied by a bid bond or cash deposit voucher amounting to a minimum of 5% of the Bid Amount.
6. If the last date of purchasing and /or submission falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Eligible Bidders may obtain further information from Global IME Bank Limited, General Service Department, Kamaladi, and Kathmandu.
8. The Bank reserves the right to reject any or all bids without assigning any reasons whatsoever.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Registered/Corporate Office
Phone No: 01-4228671/4226247
Global Connect : 01-5970600
[ICRANP-IR] A' Rated

हुन्डी रोक्न सरकारले रणनीति बनाउनुपर्छ

मलेसिया नेपाली कामदारको मुख्य गन्तव्यमध्येको एक हो । मलेसिया सरकारले पछिल्लो समय कामदारको न्यूनतम पारिश्रमिक वृद्धि गरी १५ सय रिंगेट पुऱ्याएपछि नेपाली कामदारको आकर्षण झनै बढेको छ । खाडीलगायका मुलुकमा काम गरिरहेका नेपाली कामदार नेपाल फर्कंदै मलेसिया जान थालेका छन् । मलेसियाको हावापानी र भौगोलिक बनावट पनि नेपालसँग मिल्दोजुल्दो छ । त्यसैले पनि मलेसिया नेपाली कामदारको रोजाइमा पर्ने गरेको छ । तर, मलेसियामा जोखिम पनि उत्तिकै छ । नेपाली कामदारको अवस्था, मलेसिया सरकारले नेपालप्रति लिएको श्रम नीति, कामदारको समस्या समाधानको प्रक्रियालगायतका विषयमा केन्द्रित रहेर मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलसँग नयाँ पत्रिकाकर्मी मुना कुँवरले गरेको कुराकानी :



अर्थ-वार्ता

● **डिल्लीराज पौडेल,** मलेसियाका लागि नेपाली राजदूत

> हुन्डीको मुख्य कारण शिक्षा र चेतनाको अभाव नै हो । हामी हुन्डीवालाको नीतिगत विरोध गर्छौं । तर, सरकारको रणनीति के छ त ? कामदारलाई बैंकतर्फ आकर्षित गर्ने योजना के छ ? यसमा सरकारले ध्यान दिनुपर्छ ।

मलेसिया नेपाली कामदारका लागि कत्तिको सम्भावित मुलुक हो ?

मलेसियामा विश्वका १५ वटा मुलुकबाट कामदार आउँछन् । यो मुलुकको श्रम नीति नराम्रो हुन्थ्यो भने अन्य मुलुकका आउँदैनथे । तुलनात्मक रूपमा नीति राम्रो छ । मलेसियामा बहुराष्ट्रिय कम्पनी क्रियाशील छन् । अन्तर्राष्ट्रिय श्रम नीति अनिवार्य पालना गर्नुपर्ने हुन्छ । अन्य मुलुकको तुलनामा मलेसियाको श्रम बजार सुरक्षित मानिन्छ । त्यसो भन्दैमा सबै श्रमिक सुरक्षित छन् भनेर भन्न सक्ने अवस्था भने छैन । यो मुलुकको नीतिगत व्यवस्था राम्रो भए पनि कार्यान्वयनको अक्षरशः पालना नभएको हुन सक्छ । जस्तै, एउटा कम्पनीभित्र विभिन्न तह हुन्छन् । तीन तहमा विभिन्न मुलुकका फरक-फरक वर्गमा कामदार हुन्छन् । सबै कामदारको पृष्ठभूमि फरक-फरक हुन्छ । यस्ता कामदारले कहिलेकाहीं आफ्नै निजी व्यक्तिगत स्वार्थ वा दृष्टिकोणले काम गरेका हुन्छन् । तल्लो तहका कामदारलाई दुःख दिने, कमिसनको चक्करमा विभिन्न गैरकानुनी काम गरिदिनेलगायतका गतिविधि हुन्छन् । जुन कम्पनीको टप म्यानेजमेन्टलाई थाहा नहुन सक्छ । यसरी माथिल्लो तहलाई तल्लो तहको समस्या थाहा नहुँदा समयमा नै समस्या सम्बोधन नभएको हुन सक्छ । फलस्वरूप तल्लो तहको कामदार पीडित बन्न पुगेको हुन सक्छ । जस्तै, बिरामी भएमा वा दुर्घटना हुँदा समयमा नै उपचार नपाएर मृत्यु हुने खालका घटना यस्तै प्रवृत्तिले हुन्छ । तसर्थ, यो मुलुकको नीतिगत व्यवस्था हुँदाहुँदै पनि कार्यक्षेत्रमा हुने व्यक्तिगत प्रवृत्तिका कारण तल्लो तहका कामदार पीडित बन्न पुग्छन् । मलेसियामा पहिला कामदारको न्यूनतम पारिश्रमिक १२ सय रिंगेट थियो । जसलाई बढाएर अहिले १५ सय बनाइएको छ । यहाँका स्थानीय कामदारको पनि पारिश्रमिक १५ सय नै हो । यसले पनि मलेसिया सरकारले स्थानीय कामदार र आप्रवासी कामदारमा कुनै विभेद नगरेको स्पष्ट हुन्छ ।

मलेसियाले रोजगारीका लागि नेपालप्रति अपनाएको नीति कस्तो छ ?

नेपाली कामदार इमानदार र कर्तव्यपरायण भनेर मलेसियाको बजारमा चिनिन्छन् । रोजगारदाता नेपाली कामदारप्रति सकारात्मक छन् । यो नेपाली कामदारले बनाएको छवि हो । नेपाली कामदार एकपटक आएपछि लामो समय बस्दैनन् । श्रम अवधि सकिएपछि फर्कन्छन् । अन्य मुलुकका कामदार अनिश्चितकालका लागि बस्छन् । नेपाली कामदारले छुट्टी जाने-आउने भएपछि खराब काम गर्दैनन् भन्ने यहाँको रोजगारदाताको विश्वास छ । आप्रवासी कामदारले मलेसिया बस्न विभिन्न हथकन्डा गर्छन् । यहींको नागरिकसँग बिहे गर्ने अनि मलेसियाको नागरिकसरह सुविधा लिन्छन् । जसले गर्दा मलेसियन नागरिकले आफ्नो अधिकारप्रति अरूले हस्तक्षेप गरेको सोच्छन् । तर, नेपाली कामदारले भने एकाधबाहेक नियतवश नै यहीं बस्ने योजना बनाएर त्यस्तो काम गर्दैनन् । निश्चित समय कामका लागि आउने र फर्कने कामदार भनेर नेपाली नै चिनिन्छन् ।

मलेसिया द्वन्द्वमा हुँदा नेपाली गोर्खा आर्मीका तर्फबाट मलेसिया आएर योगदान गरे । त्यो योगदानप्रति मलेसियन नतमस्तक हुन्छन् । त्यसैले मलेसियन रोजगारदाताले सेक्युरिटीका लागि गोर्खा खोज्छन् । अर्थात्, नेपाली नै खोज्छन् । मलेसियामा हरेक क्षेत्रको सुरक्षा गार्डमा नेपाली नै भेटिन्छन् । सुरक्षा गार्डमा ९९ प्रतिशत नेपाली छन् । बाँकी केही प्रतिशत स्थानीय कामदार छन् ।

मलेसियाले ५ लाख कामदार भित्र्याउने योजना बनाएको छ । यसमा नेपालको स्तर कहाँ छ ?

गत फागुनमा हामीले मलेसियाका गृहमन्त्रीलाई नेपाल भ्रमण गरायौं । विगत १० वर्षपछि यस्तो भिजिट भएको हो । जुन आफैंमा अर्थपूर्ण थियो । मलेसियामा नेपाली सुरक्षा गार्डको मागपत्रको स्वीकृति दिने अन्तिम ठाउँ गृह मन्त्रालय नै हो । त्यसैले यो भ्रमणमा नेपाली कामदारको विषयलाई पनि छलफल गर्न सकिने भएकाले कूटनीतिक भ्रमणमा हामीले श्रमनीतिलाई बढी जोड दियौं ।

कोभिडपछि मलेसियामा धमाधम कम्पनीहरू खुल्न थालेका छन्, जसकारण मलेसिया सरकारले पाँच लाख आप्रवासी कामदार भित्र्याउने नीति लिएको छ । सोही विषयमा जानकारी दिन स्रोत मुलुकहरूको गृहमन्त्रीले भ्रमण गरेका थिए । त्यस्तै, कोभिडपछि मलेसिया सरकारले तत्काल कामदार ल्याइहाल्न कठिन हुने भएकाले आप्रवासी वर्कर रिल्याक्सेसन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । जसमार्फत मलेसियामा गैरकानुनी रूपमा बस्दै आएका कामदारलाई कानुनी रूपमा परिवर्तन हुन पाउने अवसर दिने निर्णय गरेको थियो । सोही विषयमा पनि स्रोत मुलुकलाई जानकारी दिन गृहमन्त्रीले भ्रमण गरेका थिए ।

कोभिडअघि यहाँ नेपाली कामदार संख्या ठूलो थियो । हामी बंगलादेश इन्डोनेसियाभन्दा पनि अगाडि थियौं । तर, कोभिडपछि नेपाल दोस्रो स्थानमा पुगेको छ । अहिले इन्डोनेसिया र बंगलादेश अगाडि छन् ।

नेपाल र मलेसिया सरकारबीच शून्य लागतमा श्रम सम्झौता भएको थियो । तर, कार्यान्वयन भने हुन सकेको छैन । किन ?

सन् २०१८ मा नेपाल सरकार र मलेसिया सरकारबीच शून्य लागतमा कामदार भर्ना गर्ने गरी सम्झौता भएको थियो । त्यो सम्झौता आफैंमा महत्त्वपूर्ण थियो । सो सम्झौताअगाडि आफ्ना कामदारको विषयमा बोल्न हामीसँग केही पनि नीतिगत आधार थिएन । तर, सो सम्झौतापछि शून्य अवस्थाबाट केही अगाडि बढेको अवस्था हो । त्यसैले आजको भोलि नै त्यो शतप्रतिशत कार्यान्वयन हुन सक्दैन ।

यो अवस्था भेरिएबल हुन्छ । परिवर्तन क्रमिक रूपमा हुन्छ । सम्झौता हुनेबित्तिकै एकैपटक परिवर्तन हुँदैन । जस्तै, पहिला नेपाली कामदारले खाना र बस्ने व्यवस्था पनि आफैंले गर्नुपर्थ्यो । कामदारले पाउने पारिश्रमिक पनि सुनिश्चित थिएन । तर, सम्झौतापछि अहिले रोजगारदाताले नै खाना र बस्न पाउने व्यवस्था गर्न थालेका छन् । केही नहुँदा त्यो पनि पर्याप्त थियो । तर, त्यो आफैंमा पूर्ण छैन । सन् २०१८ मा भएको सम्झौता आगामी अक्टोबरमा सकिँदै छ । त्यसपछि दुवै मुलुकका प्रतिनिधिबीच बैठक बसी सम्झौता पुनरावलोकन गर्नुपर्छ । पुनरावलोकनको समय हामीलाई अवसर छ । सम्झौता भएपछिको अवस्थालाई विश्लेषण गरी हामीले सर्तहरू राख्न सक्छौं, जसले नयाँ सम्भावनाको ढोका खोल्छ ।

हुन त प्रत्येक वर्ष दुवै मुलुकका प्रतिनिधिबीच बैठक बस्नुपर्ने हो, एक वर्ष नेपालमा, अर्को वर्ष मलेसियामा । यस्तो बैठकमा वर्षभरिका गतिविधिलाई समीक्षा गरी, कमीकमजोरीलाई हटाउनुपर्थ्यो । तर, कोभिडका कारण एकपटक पनि बैठक बस्न सकेन ।

मलेसियामा रहेका नेपाली कामदारमध्ये धेरै कामदार अलेखबद्ध छन् । यस्तो किन हुन्छ ?

दूतावासले नेपाली कामदारलाई कुनै पनि अवस्थामा गैरकानुनी रूपमा नबस्न सचेत गराएको छ । दूतावासले घुम्ती सेवा पनि सञ्चालन गरेको छ । त्यस्तै, प्रत्येक साता फेसबुक लाइभ गरी कामदारसँग प्रश्नोत्तर गर्छौं । यसका साथै मलेसियामा खोलिएका सामाजिक संस्थाहरूसँग हातेमालो गरी यस विषयमा चेतना जगाउने काम गरेका छौं । तर पनि यो अवस्था कायम नै छ । यसको मुख्य कारण अझै पनि नेपाली कामदारको चेतनाको स्तर बढ्न सकेको छैन । गैरकानुनी रूपमा बस्दा आफूलाई हुने जोखिमको विषयमा अन्दाज नै गर्दैनन् । जब समस्या पर्छ, अनि विभिन्न बिलौना गर्छन् । अर्को कारण भनेको नेपाली प्रलोभनमा परेपछि अनौपचारिक हुन्छन् । कुनै एउटा कम्पनीको लागि भनेर मलेसिया आउँछन् । यहाँ आएपछि विभिन्न साथीभाइसँग चिनजान हुन्छ । गफगाफ हुन्छ । अनि तिनै साथीबाट, आफन्तबाट सिक्छन् । लौ यो कम्पनीभन्दा अर्को कम्पनीमा धेरै पैसा पाइन्छ भनेपछि गएको कम्पनी नै छोडेर भागिदिन्छन् । श्रम अवधिमा नै कम्पनी छोडेर भागेपछि त्यो कामदार स्वतः अवैध बन्न जान्छ । यसरी थोरै पैसाको लालचमा कामदार अवैध बन्न तयार हुन्छन् । यसमा धेरैजसो नेपाली एजेन्टकै हात हुन्छ । जब ती कामदार अवैध बन्छन्, अनि तिनै कामदारलाई वैध बनाउने काम पाउँछन्, एजेन्टले । यसरी जताबाट पनि कामदार पीडित बन्न पुग्छ ।

नेपाल र मलेसियाबीच भएको श्रम सम्झौताअनुसार कामदारले आफ्नो पासपोर्ट आफैंले राख्न पाउनुपर्छ भन्ने छ । तर पनि केही रोजगारदाताले कामदारको पासपोर्ट राखिदिन्छन् । यसको कारण भनेको कामदार भाग्नु हो । रोजगारदाताले एउटा आप्रवासी कामदार भर्ना गर्न ठूलो रकम खर्च गरेको हुन्छ । तर, कामदार मलेसिया आउनेबित्तिकै भागिदिँदा रोजगारदाताको लगानी र उत्पादनमा ह्रास आउँछ । त्यसैले पनि रोजगारदाताले कामदार नभागून् भनेर पासपोर्ट राखिदिन्छन् । तर पनि कामदार भाग्छन् । यो मानवीय कमजोरी हो ।

रोजगारदाताले यस्तो खालको काम गरेमा कामदारले कानुनी उपचार खोज्न सक्छ । मलेसियामा नै उजुरी दिन सक्छ । रोजगारदाताले गलत गरेमा हामीले राज्यको तर्फबाट सहजकीकरण गर्न सक्छौं । यसरी कहिलेकाहीं कामदार ठीक हुँदा पनि समस्या आउँछ । त्यस्तालाई राज्यले शून्य सहनशीलताका साथ कानुनी काम गर्न दूतावास लागिपरेको छ ।

मलेसियाले अन्तर्राष्ट्रिय श्रम संगठनको आधारभूत सर्त पनि पालना नगरेको देखियो । यसमा दूतावासको पहल के छ ?

न्यूनतम पारिश्रमिक भनेको आधारभूत सेवा र सुविधा पनि हो । जसमा आवास हाम्रो सम्झौतामा छ । आवासको व्यवस्था भए पनि आइएलओ र मलेसिया सरकारबीचको तालमेल के छ, त्यसले पनि निर्धारण गर्छ । तर, म आएपछि भने मैले सम्झौताअनुसारको न्यूनतम पारिश्रमिक, आवास र सेवासुविधाका लागि काम सुरु गरेको छु ।

सायदै मलेसिया आउने राजदूतमध्ये म नै त्यस्तो पहिलो होला, जसले कामदारको प्रमाणीकरणमा कडाइ गरेको छ । म आएपछि मैले प्रमाणीकरणका लागि आउने रोजगारदातालाई बोलाउने गरेको छु । यसअघि यहाँ एजेन्ट अथवा सामान्य कर्मचारी आएर मागपत्र प्रमाणीकरण गर्ने रहेछन् । तर, मैले भने मागपत्र प्रमाणीकरणका लागि कम्पनीको जिम्मेवार व्यक्तिलाई नै कार्यालय डाक्ने गरेको छु ।

त्यस्तै, मैले आवासलाई बढी जोड दिएको छु । मलेसियामा धेरै कम्पनीले कामदारलाई न्यूनतम सुविधा भएको आवास पनि नदिएको पाएँ । कामदारले कम्तीमा पनि मानिस बस्न सक्ने न्यूनतम सुविधा भएको आवासको सुविधा पाउनुपर्छ । त्यसैले म पहिला रोजगारदातासँग कामदारको आवासको सुनिश्चितता गर्छु । शंका लागेमा म आफैं पनि होस्टेल अवलोकन गर्न जान्छु र विश्वस्त भएपछि मात्रै प्रमाणीकरण गर्ने गरेको छु ।

नेपाली कामदार मलेसिया आएपछि मेडिकल गर्नुपर्छ । त्यसपछि सामाजिक सुरक्षामा आबद्ध गराउनुपर्छ । यो आजको राम्रो शैली हो । तर, यी सबै सुविधा पाउन कामदार भने कानुनी हुनुपर्छ । नत्र यो सुविधाका लागि दाबी गर्न पाउँदैन । त्यस्तै, हामीले नेपाली कामदारलाई थप सुविधा उपलब्ध गराउनका लागि अहिले लबिङ गरिरहेका छौं । अहिले कार्यस्थलमा हुने दुर्घटनाको मात्रै जोखिम वरण गरिन्छ । तर, मलेसिया प्रवेश गरेपछि २४ घन्टाभित्र हुने कुनै पनि खालको दुर्घटनाको बिमा हुनुपर्ने माग गरेका छौं ।

मलेसियामा कार्यरत नेपाली कामदारले अझै पनि हुन्डीमार्फत नेपाल पैसा पठाउने गरेको पाइयो नि ?

हुन्डी आफैंमा रुचिकर र चुनौतीपूर्ण विषय हो । हुन्डीवालाले कामदारलाई हुन्डी गरेबापत बैंकभन्दा बढी सुविधा दिएका छन् । तर, त्यसले अकल्पनीय घटनासमेत घटेका छन् । हुन्डी गरेको पैसा सम्बन्धित ठाउँमा नपुग्ने, हुन्डीवालाहरू फरार हुने, सम्पर्कविहीन हुनेजस्ता थुप्रै घटना घटेका छन् । तर पनि कामदारहरू जोखिम मोलेर भए पनि रकम हुन्डी गरिरहेका छन् । त्यस्तै, बैंकको पहुँचको अभाव पनि छ । बैंकहरू सहरी क्षेत्रमा मात्रै छन् । तर, हुन्डीवाला कामदार भएकै ठाउँमा पुग्छन् । ढोकामा नै पुगेर सेवा दिने भएपछि कामदार पनि बैंकसम्म पुगेर दुःख गर्न चाहँदैनन् । हुन्डीको मुख्य कारण भनेको त शिक्षा, चेतनाको अभाव नै हो । हामीले हाम्रो तर्फबाट हुन सक्ने गरी कामदारलाई सचेत गराएका छौं । हुन्डीवालाको नीतिगत विरोध गर्छौं । तर, सरकारको रणनीति के छ त ? कामदारलाई बैंकिङतर्फ आकर्षित गर्ने योजना के छ त ? यसमा पनि सरकारले ध्यान दिनुपर्छ ।

मलेसियामा २३ वटा रेमिट्यान्स कम्पनीले काम गर्छन् । हामीले रोजगारदाता र रेमिट्यान्स कम्पनीबीच वार्ता गराएर सहज उपाय निकाल्ने प्रयास गरेका छौं । रेमिट्यान्स कम्पनीले रोजगारदातासँग हातेमालो गरी कामदारको पारिश्रमिक सीधै नेपाल पठाउने व्यवस्था गर्न सकियो भने हुन्डी कम हुन्थ्यो भन्ने लाग्छ ।

खाडी र मलेसिया नेपाली कामदारका मुख्य गन्तव्य हुन् । तुलनात्मक रूपमा मलेसियामा नेपाली कामदारको मृत्युदर बढी छ । किन ?

मलेसिया खुला समाज भएको मुलुक हो । मध्यपूर्वभन्दा यहाँको नीति नियम खुकुलो छ । आफ्नो काम सकिए पनि कामदारले आफ्नो तरिकाले बाच्न पाउँछ । नेपाली कामदारले त्यही सुविधाको दुरुपयोग गर्छन् । वैदेशिक रोजगारीमा आउने भनेको युवावर्ग नै हो, जुन अलि परिपक्व भएको हुँदैन । यस्ता कामदार छुट्टीमा रमाइलो गर्न गुणस्तरहीन मादक पदार्थ सेवन गर्छन् । दिनभरि गर्मीमा काम गऱ्यो, अनि राति गुणस्तरहीन मादक पदार्थ खायो, जुन कामदारका लागि विष बन्छ ।

त्यस्तै, मादक पदार्थ सेवन गरी मोटरसाइकल चलाउँछन् । मोटरसाइकलमा तीन-तीनजना चढेर दुर्घटना भएका घटना पनि छन् । कोही कामदार भने मादक पदार्थ सेवन गरेको सुरमा सडकमा नै सुतिदिने, जथाभावी सडक पार गर्ने गर्छन् । मलेसियामा जेब्राक्रसिङबाहेक अन्य ठाउँबाट बाटो काट्यो वा बाटोमा कोरिएका पहेँलो लाइनभित्र हिँड्दा सवारीसाधनले ठक्कर दियो भने पनि चालक दोषी हुँदैन । यसरी पनि थुप्रै दुर्घटना भई नेपाली कामदारले ज्यान गुमाएका छन् ।

कतिपय कामदारले आत्महत्यासमेत गरेका छन् । नेपालबाट मलेसिया आउँदा कामदारको ठूलो अपेक्षा हुन्छ । तर, यहाँको काम गर्ने शैली फरक छ । मिहिनेत गर्नुपर्छ । नियम पालना गर्नुपर्छ । अपेक्षाअनुसार नहुँदा कामदार निराश हुन्छन् । त्यस्तै, घरबाट टाढा हुनुपर्दा पनि कामदारमा एक्लोपन बढ्छ । त्यसमा घरको जिम्मेवारी, ऋणको बोझलगायतले पनि कामदारलाई तनाव दिन्छ । जसका कारण कतिपय कामदारले मानसिक समस्याबाट गुज्रिनुपरेको छ ।

त्यसैले सरकारले वैदेशिक रोजगारीमा जाने कामदारलाई दक्ष बनाएर पठाउनुपर्छ । यसका लागि सरकारले काठमाडौंमा नै तालिम केन्द्र सञ्चालन गर्नुपर्छ । हुन त अहिले पनि सञ्चालनमा छन्, तर त्यसको प्रभावकारिता देखिँदैन । त्यसैले त्यसको पनि सरकारले समीक्षा गर्नुपर्छ । किन प्रभावकारी हुन सकेन ? यदि बजेटको अभाव हो भने सरकारले थप लगानी गरी, व्यवस्थित संरचना बनाएर कामदारलाई सीपयुक्त तालिम प्रदान गर्नुपर्छ । साथै, सरकारले कामदारलाई गन्तव्य मुलुकको बारेमा अभिमुखीकरण तालिम अनिवार्य दिएर पठाउनुपर्छ । तालिम लिएका कामदारले सडक पार गर्नेदेखि लिएर आफ्नो जोखिममा पर्दा कसरी बच्ने भन्ने जानकारी पाउँछन् । त्यसैले दुर्घटना र मृत्युको संख्या घटाउन नेपाल सरकारले नै प्रयास गर्नुपर्छ ।

जर्मनी किन गयो आर्थिक मन्दीमा ?

लगातार दोस्रो त्रैमाससम्म पनि अर्थतन्त्र नकारात्मक भएपछि अहिले जर्मनीको अर्थतन्त्र आर्थिक मन्दीमा गएको छ

मीनराज बसन्त

यो विश्वअर्थतन्त्र डगमगाएको अवस्था हो । एकातिर श्रीलंका, पाकिस्तान गम्भीर आर्थिक संकटबाट गुज्रिनु र अर्कातिर अमेरिका तथा युरोपमा ठूला बैंक टाट पल्टिनुले पनि अर्थतन्त्र सही दिशामा नरहेको संकेत गर्छ । यसको मतलब अरू देश सबै सक्षम र संकटबाट मुक्त छन् भन्न खोजिएको होइन । आर्थिक मन्दीको घेराथोर बाछिटा विश्वका थुप्रै मुलुकमा परेको छ । यी सबका बाबजुद यहाँ जर्मनीबारे चर्चा गर्न खोजिएको छ ।

जर्मनीको तथ्यांक कार्यालय डेस्टाटिसका अनुसार सन् २०२३ को पहिलो तीन महिनामा जर्मनीको अर्थतन्त्र ०.३ प्रतिशतले संकुचित भयो । यसअघि गत वर्षको अन्तिम तीन महिनामा पनि जर्मन अर्थतन्त्र ०.५ प्रतिशले संकुचन भएको थियो । लगातार दोस्रो त्रैमाससम्म पनि अर्थतन्त्र नकारात्मक भएपछि अहिले जर्मनीको अर्थतन्त्र आर्थिक मन्दीमा गएको छ ।

यदि कुनै पनि देशको अर्थतन्त्र लगातार दोस्रो त्रैमाससम्म पनि संकुचित हुन्छ भने देश मन्दीमा प्रवेश गर्छ भनिन्छ । जर्मनीको हकमा पूरै वर्ष नकारात्मकचाहिँ भएको देखिँदैन । यसपटक धेरै चिसो नहुँदा जर्मनीलाई केही राहत भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

अवस्था खराब नै हो त ? : युक्रेन-रुस युद्धका कारण जर्मनीको ऊर्जा-मूल्य अकल्पनीय रूपमा बढेको छ, जसले गर्दा कारोबार खर्च अत्यधिक बढेको छ । बढ्दो मूल्यवृद्धिले देशमा महँगी दर पनि बढाएको छ । अप्रिलमा त्यहाँको मुद्रास्फीति ७.२ प्रतिशत थियो । तर, यो गत डिसेम्बरको तुलनामा केही कम हो । डेसान्टिसले जारी गरेको विज्ञप्तिमा लगातार उच्च मूल्यवृद्धि बनिरहनु नै जर्मन अर्थतन्त्रका लागि बोझ हो, जुन यो वर्षको सुरुवाती चरणमा पनि जारी रहेको उल्लेख छ । उच्च मूल्यवृद्धिको असर आमसर्वसाधारणमा परेको छ, जसले खाद्यान्न, लत्ताकपडाजस्ता विभिन्न चिजबिजमा हुने खर्च कटौती गर्नुपरेको छ । माग घट्नाको प्रमुख कारण नै यही हो । यद्यपि, डेस्टाटिसका अनुसार वर्षारम्भमा निर्यात र लगानीमा सकारात्मक संकेत देखिएको छ । निर्माण क्षेत्रमा बढेको लगानी र अनुकूल मौसमले पनि यसमा सहयोगी भूमिका खेलेको छ । कम्पनीले मेसिन, उपकरण र गाडीमा राम्रो लगानी गरेका कारण सोचेजस्तो खराब अवस्था छैन ।

मन्दीबाट उम्किन कति सहज ? : एलबिबिडब्लू बैंकका विश्लेषक येन्स ओलिभरका अनुसार विकासको तथ्यांक ओरालो लाग्नु कुनै भयानक कुरा होइन । किनकि, आर्थिक सूचकांक निरन्तर कमजोर हुँदै गइरहेका थिए । 'सुरुवाती संकेतले यो वर्षको दोस्रो त्रैमाससम्म पनि अवस्था यस्तै कमजोर हुनेछ,' ओलिभर भन्छन् ।

औद्योगिक मागले नै उद्योगको उत्पादन तय गर्छ । तर, यही उत्पादन मार्च महिनामा निकै न्यून भयो । त्यसो त जर्मनी लामो समयदेखि रुसी ऊर्जामा निर्भर थियो । तर, गत वर्षदेखि जारी रुस-युक्रेन युद्धले ऊर्जा संकट बढायो । ग्यास आपूर्ति लगातार घट्यो र बाध्य भएर अन्य स्रोततिर लाग्नुपऱ्यो । तर, यो काम रातारात सम्भव छैन । जाडोयाममा घरलाई न्यायो बनाइराख्नुपर्ने भएकाले जर्मनीमा ऊर्जा खपत बढी हुन्छ । युक्रेनमाथिको रुसी हमलापछि विश्लेषकहरूले जर्मनीमा भयानक मन्दी आउने आकलन गरेका थिए । मन्दी नै आए पनि आकलन गरिएअनुसारको खराब स्थिति भने अहिले छैन । आइएनजी बैंकका अर्थशास्त्री कार्स्टेन ब्रेस्कीले जाडो कम हुनु, प्रमुख बजार चीन अगाडि आउनु र कोरोना महामारीपछि सप्लाई चेनमा सुस्तता आउनुले पनि अर्थतन्त्रलाई मन्दीमा आउनबाट रोक्न सकेनन् । 'महँगी रोक्न युरोपियन केन्द्रीय बैंकको ब्याजदर बढाउने फैसलातिर लक्षित गर्दै ब्रेस्की भन्छन्, 'क्रयशक्तिमा कमी, औद्योगिक माग घट्नु र मौद्रिक नीति कसिलो बनाउनुले अर्थतन्त्रलाई अझै केही समय पछाडि धकेल्छ ।'



> **जर्मनी लामो समयदेखि रुसी ऊर्जामा निर्भर थियो । तर, गत वर्षदेखि जारी रुस-युक्रेन युद्धले ऊर्जा संकट बढायो । ग्यास आपूर्ति लगातार घट्यो र जर्मनी बाध्य भएर अन्य स्रोततिर लाग्नुपऱ्यो ।**

यता, विशेषज्ञहरू भने अमेरिकी अर्थतन्त्र सुस्त हुने अनुमान र जारी रुस-युक्रेन युद्धको बोझ पनि आउटपुटमा पर्नेछ । यी सबै तथ्यांकले जर्मनीमा नीतिनिर्मातालाई समस्या पैदा गरेको छ । सुरुवाती झुकाव हेरेर उनीहरूले यो वर्ष विकास दर ०.४ प्रतिशत हुने प्रक्षेपण गरेका थिए ।

त्यसो त चान्सलर ओलाफ सल्त्सले जर्मनीले संकुचित अर्थतन्त्रबाट उत्पन्न हुने समस्यासँग जुझ्न पर्याप्त उपाय भएको बताएका थिए । तर, अहिले उनले भनेजस्तो अवस्था देखिँदैन । जर्मनीमा मन्दी नौलो होइन । हालसालकै कुरा गर्दा सन् २०२० मा कोराना महामारीले पूरै युरोपलाई तहसनहस पार्दा यसको चपेटामा जर्मनी परेको थियो । त्यतिबेला सरकारले अर्थतन्त्रको ठूलो हिस्सामा तालाबन्दी गर्नुपरेको थियो ।

जर्मनीका लगानीकर्ता को ? : सन् २०२२ मा अमेरिकी कम्पनी इन्टेलले १७ अर्ब डलरको लगानी जर्मनीमा चिप फ्याक्ट्रीमा लगाउने घोषणा गऱ्यो । सो वर्षका ठूलो घोषणामध्ये एक थियो, यो । सेमिकन्डक्टर, ई-मोबिलिटी र ग्रिन इजर्नीजस्ता प्राविधि क्षेत्रमा दिनप्रतिदिन लगानी बढिरहेको छ । तर, अमेरिकी राष्ट्रपति जो बाइडेनको रिडक्सन इन्फ्लेसन एक्टले लगानीकर्ता अमेरिकातिर आकर्षित हुन सक्ने अनुमान छ । जर्मनी ट्रेड एन्ड इन्भेस्टमेन्टका सिइओ रोबर्ट हेरमेन भन्छन्, 'करिब १८ सय कम्पनीले सन् २०२२ मा लगानी गरेर काम सुरु गर्ने घोषणा गरे । यो राम्रो संकेत हो । यसले देखाउँछ, जर्मनी अझै पनि लगानीकर्ताका लागि आकर्षण छ ।'

अमेरिका जर्मनीका लागि सबभन्दा ठूलो लगानीकर्ता हो । त्यसपछि क्रमशः स्विट्जरल्यान्ड, बेलायत र चीन आउँछन् । यी राष्ट्रले गर्ने लगानीको घोषणाले २५ अर्ब डलरको प्रतिबद्धता पाएको छ । यति हुँदा पनि चिन्ता भने बाँकी नै छ । कारण, रुस-युक्रेन युद्धको वास्तविक परिणाम यो वर्ष थाहा हुनेछ । रुसबाट आउने तेल र ग्यासमा तीव्र कटौती भएसँगै जर्मनीमा मूल्यवृद्धि उच्च छ । तर, यसैका कारण अक्षय ऊर्जा स्रोत पनि विस्तार भएको छ । अहिले जर्मनीले करिब आधाजसो ऊर्जा सौर्य र वायु ऊर्जाबाट जुटाउन थालेको छ ।

आर्थिक सूचकांकमा जर्मनी : विश्व बैंकको पछिल्लो तथ्यांक हेर्दा जर्मनीको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ४.२६ ट्रिलियन डलर देखिन्छ । दुई दशकअगाडि अर्थात् सन् २००० मा यस्तो जिडिपी १.९ ट्रिलियन डलर थियो । अहिलेको जिडिपी दुई दशकपछिकै सर्वाधिक हो । यस्तै, सन् २००० मा २३ हजार ६ सय डलर प्रतिव्यक्ति आय रहेको जर्मनीमा पछिल्लो तथ्यांकअनुसार प्रतिव्यक्ति आय ५१ हजार छ । वार्षिक २.६ प्रतिशतका दरले वृद्धि भइरहेको जिडिपी प्रत्यक्ष वैदेशिक लगानी जिडिपीको १.७ प्रतिशत र बेरोजगारी दर ३ र उपभोक्ता मूल्यमा मुद्रास्फीति ६.९ रहेको देखिन्छ । यो विश्व बैंकको पछिल्लो तथ्यांक (सन् २०२१) हो । गत महिना जर्मनीको मुद्रास्फीति ७.२० प्रतिशत छ, जुन गत महिना ७.४० र गत वर्ष ६.३० प्रतिशत थियो ।

- एजेन्सीहरूको सहयोगमा

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १४ जेठ ०८०

भारतमा विद्युत् निर्यात सुरु

प्रतियुनिट सात भारुमा शनिबार सय मेगावाट विद्युत् बिक्री

नयाँ पत्रिका

खोलामा पानीको बहाब बढेर विद्युत्को उत्पादन बढेपछि नेपाल विद्युत् प्राधिकरणले भारतमा बिजुली निर्यात सुरु गरेको छ। प्राधिकरणले शनिबार बिहान ६ घन्टा (१२ बजदेखि ६ बजे)सम्म प्राधिकरणले भारतको इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत विद्युत् बिक्री गरेको हो। सो अवधिमा ६ सय मेगावाट आवर (१०० मेगावाट) विद्युत् निर्यात भएको छ। प्रतियुनिट सात भारुमा विद्युत् निर्यात भएको छ। योसँगै यो वर्ष पनि भारतमा विद्युत् निर्यात हुन थालेको छ।

विशेष गरी देशमा प्रि-मनसुन भित्रिएपछि नदीमा पानीको बहाब बढेको छ। त्यसले विद्युत् उत्पादन बढाएपछि निर्यात गर्ने विद्युत् पनि पुगेको हो। प्राधिकरणका अनुसार अहिले विद्युत्को उत्पादन १३ सय मेगावाटभन्दा माथि छ।

नेपालमा अधिकांश जलविद्युत् आयोजना नदी प्रवाहमा आधारित छन्। त्यो अवस्थामा खोलामा पानी बढी हुँदा विद्युत् उत्पादन पनि बढ्छ। खोलामा पानीको बहाब घटेपछि भने विद्युत् उत्पादन पनि कम हुन्छ। सोहीअनुसार बर्खामा पूर्ण क्षमतामै विद्युत् उत्पादन हुन्छ, त्यसवेला भारतमा पनि विद्युत् निर्यात गर्न पुग्छ। हिउँदमा भने खोलामा पानीको बहाब घट्दा विद्युत् उत्पादन पनि घट्छ। त्यसवेला स्वदेशी माग धान्न भारतबाट नै आयात गर्नुपर्छ।

> असारपछि भने २४सै घन्टा विद्युत् निर्यात गर्ने प्राधिकरणको तयारी

हिउँद लागेसँगै गत ४ पुसदेखि भारतबाट विद्युत् आयात गरिएको थियो। तर, अहिले स्वदेशी उत्पादन बढेपछि आयात पनि बन्द गरिएको नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता सुरेश भट्टराईले जानकारी दिए।

'अहिले खोलामा पानीको बहाब बढ्दा स्वदेशी माग धान्न पुग्ने गरी नै विद्युत् उत्पादन हुन थालेको छ। त्यसपछि भारतबाट विद्युत् आयात गर्न छाडेका छौं,' उनले भने, 'साथै, यहाँ बढी भएको बिजुली भारतमा बिक्री गर्न पनि थालेका छौं। यसपालि पहिलोपटक शनिबार बिहान ६ घन्टा बिजुली निर्यात गरेका छौं। त्यसभन्दा यताको उत्पादनले स्वदेशी माग धान्न ठिक्क भएको छ। यदि, उत्पादन बढ्यो भने निर्यात पनि गर्छौं।' रातको समयमा नेपालमा विद्युत्को माग कम हुन्छ। त्यसले गर्दा निर्यात गर्न पुगेको हो। अहिले दैनिक विद्युत् उत्पादन १३ सय मेगावाटभन्दा माथि पुगेको छ। तर, रातको समयमा विद्युत्को माग १२ सय मेगावाट हाराहारी मात्रै हुने गर्छ। सम्भवतः अब केही दिन रातको समयमा निरन्तर विद्युत् निर्यात गर्न सकिने प्राधिकरणले जनाएको छ। असारपछि भने २४सै घन्टा विद्युत् निर्यात हुने प्राधिकरणका अधिकारीहरू बताउँछन्।

प्राधिकरणले गत वर्ष १९ जेठबाट भारतीय बजारमा व्यापारिक रूपमा विद्युत् निर्यात गर्न थालेको थियो। जुन पुस ३ गतेसम्म कायम रहेको थियो। त्यस अवधिमा ११ अर्ब १६ करोड ३० लाख रुपैयाँबराबरको विद्युत् निर्यात गरिएको थियो। त्यसवेला प्राधिकरणले चार सय मेगावाट हाराहारी विद्युत् निर्यात गरेको थियो।

यसपालि पनि प्राधिकरणले १३ जेठबाट विद्युत् निर्यात गर्न थालेको हो। यो वर्ष भने १२ सय मेगावाट हाराहारीमा विद्युत् निर्यात गर्ने प्राधिकरणको लक्ष्य छ। भारतले चार सय ५२ मेगावाटका विभिन्न आयोजनाको विद्युत् आफ्नो खुला बजारमा बिक्री गर्न प्राधिकरणलाई स्वीकृति दिइसकेको छ। साथै, प्राधिकरणले चार सय ५६ मेगावाटलगायतका विभिन्न आयोजनाको विद्युत् बिक्री गर्ने स्वीकृति दिन पनि भारतमा प्रस्ताव पठाएको छ। नेपालले भारतमा विद्युत् बिक्री गर्न निश्चित आयोजनालाई स्रोत मानेर स्वीकृति लिनुपर्ने हुन्छ। सोहीअनुसार पठाएको प्रस्ताव स्वीकृत भएपछि प्राधिकरणले विद्युत् निर्यात गर्न पाउँछ।

गत वर्ष यसै अवधिमा विद्युत्को जडित क्षमता दुई हजार मेगावाट हाराहारी थियो। तर, यसपालि विद्युत्को जडित क्षमता २७ सय मेगावाट हाराहारी पुगेको छ। चालू आवको अन्त्यसम्म विद्युत् जडित क्षमता दुई हजार आठ सय मेगावाट पुग्ने अनुमान प्राधिकरणको छ। त्यसमा सय मेगावाटबराबरको कुलेखानी जलाशययुक्त आयोजना सञ्चालन हुँदैन। ५३ मेगावाटको डिजेल पावर प्लान्ट पनि बन्द हुन्छ। यसका अलावा केही आयोजनाहरूलाई नियमित तथा आकस्मिक मर्मत गर्नुपर्ने हुन्छ। त्यसअनुसार बर्खामा २६ सय मेगावाट हाराहारी विद्युत् उत्पादन हुन्छ। तर, नेपालको औसत माग भने १३ मेगावाट हाराहारी मात्रै छ। पिक आवरमा मात्रै एक हजार सात सय ५० मेगावाटको विद्युत् माग हुने हो। आधार माग (न्यूनतम माग) त एक हजार दुई सय ७५ मेगावाट रहेको छ। त्योअनुसार यो वर्ष एक हजार दुई सय मेगावाट (पिक टाइममा बाहेक) सम्म विद्युत् निर्यात गर्न सकिने प्राधिकरणको दाबी छ।

हाल नदी प्रवाहमा आधारित आयोजनाबाट सात सय ३०, कुलेखानीबाट एक सय मेगावाट गरी आठ सय ३० मेगावाट हाराहारीमा बिजुली उत्पादन भएको प्राधिकरणले जानकारी दिएको छ। प्राधिकरणका ठूला आयोजना तामाकोसी, कालीगण्डकीलगायत आयोजनाबाट गरी दुई सय ३० मेगावाट हाराहारीमा मात्रै विद्युत् उत्पादन भइरहेको छ भने बाँकी निजी क्षेत्रको उत्पादन छ। हालै राष्ट्रिय प्रणालीमा जोडिएको सुपर दोर्दीको उत्पादन क्षमता ५४ मेगावाट भए पनि उत्पादन भने १८ मेगावाटमा सीमित छ।

प्राधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा दैनिक बिड गरेर अर्थात् प्रतिस्पर्धामार्फत विद्युत् खरिद-बिक्री गर्दै आएको छ। त्यसमा विद्युत्को मूल्य माग र आपूर्तिको सिद्धान्तअनुसार फरक-फरक समयका लागि फरक-फरक मूल्यमा बिड भइरहेको हुन्छ। त्यहाँ विद्युत्को अधिकतम मूल्य भने प्रतियुनिट १२ भारु तोकिएको छ।

चालू वर्षको भन्दा सानो आकारको बजेट तयार

योजना आयोगले दिएको १६ खर्ब ८८ अर्बको सिलिङआसपासमै बजेट बन्दै

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले चालू आर्थिक वर्षको भन्दा सानो आकारको बजेट ल्याउने भएको छ। स्रोतमा देखिएको संकुचन र कार्यान्वयन क्षमतामा देखिएका कमजोरीका कारण सरकारले आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट सानो आकारको ल्याउने भएको हो। अर्थ मन्त्रालयले चालू आर्थिक वर्षको भन्दा करिब ५ प्रतिशतबराबरले आकार घटाएर बजेटलाई अन्तिम रूप दिइरहेको मन्त्रालय स्रोतले जनाएको छ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष संयोजक रहने स्रोत अनुमान समितिले आगामी आर्थिक वर्षको बजेटका लागि १६ खर्ब ८८ अर्बको सिलिङ दिएको छ। जुन चालू आवको बजेटको भन्दा ६ प्रतिशतले कम हो। चालू आवमा सरकारले १७ खर्ब ९३ अर्ब ८३ करोडबराबरको बजेट ल्याएको छ। आगामी आवका लागि १७ खर्ब ननाघ्ने गरी बजेटलाई अन्तिम रूप दिने प्रयास भइरहेको अर्थ मन्त्रालयका एक अधिकारीले बताए। बजेट सिलिङकै नजिक रहेर तयार भइरहेको उनको भनाइ छ। 'बजेट कार्यान्वयनयोग्य ल्याउनुपर्छ भनेर सुझाव आएका छन्, अर्थमन्त्रीज्यू पनि यस कुरामा सहमत हुनुहुन्छ,' उनले भने, 'बजेट ठूलो बनाउने त ठाउँ नै छैन, स्रोत नै पुग्दैन, त्यसैले यस वर्ष १७ खर्ब नबढ्ने गरी बजेटलाई फाइनल गर्ने तयारी छ।' यद्यपि, चालू आवको भन्दा ४ देखि ६ प्रतिशतसम्मले आकार घटाएर बजेट ल्याउने तयारी भए पनि अंकको अभै टुंगो लाग्न बाँकी रहेको उनले बताए।

पछिल्ला १० वर्षयता सरकारले कुल विनियोजित बजेटको औसत ८१.३१ प्रतिशत मात्रै खर्च गर्न सकेको छ। तर, पछिल्ला १० वर्षमा सरकारले अघिल्लो वर्षको वास्तविक खर्चभन्दा औसत ४४ प्रतिशत बढाएर बजेट ल्याउने गरेको छ। सरकारले चालू आर्थिक वर्षमा १७ खर्ब ९३ अर्बको बजेट ल्यायो। जुन गएको आवको वास्तविक खर्चभन्दा ३६.९७ प्रतिशतले बढी हो। यसरी अस्वाभाविक ठूलो बजेट ल्याउने प्रवृत्तिलाई तोडेर आगामी आर्थिक वर्षका लागि खर्चयोग्य छरितो बजेट ल्याउनुपर्ने अर्थशास्त्रीहरू बताउँछन्।



■ अन्तिम तयारीमा अर्थ मन्त्रालय

१५ जेठमा संघीय संसद्मा बजेट पेस गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। सोही व्यवस्थाअनुसार अर्थ मन्त्रालयले बजेटलाई अन्तिम रूप दिइरहेको मन्त्रालयका प्रवक्ता धनीराम शर्माले बताए। 'संसद्मा बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत भइसकेका छन्, नीति-कार्यक्रमसमेत पास भइसकेको छ,' उनले भने, 'सिद्धान्त र प्राथमिकता एवं नीति-कार्यक्रममा आधारित भएर बजेट बनिरहेको छ।'

■ कसरी हुँदै छ स्रोतको जोहो ?

योजना आयोगले आगामी आवमा १२ खर्ब ५७ अर्ब राजस्व संकलन हुने प्रारम्भिक अनुमान गरेको छ। त्यस्तै, वैदेशिक सहायता दुई खर्ब एक अर्ब र आन्तरिक ऋण दुई खर्ब ३० अर्ब मात्रै परिचालन गर्न सकिने अनुमान गरेको छ। सोही आधारमा आयोगले १६ खर्ब ८८ अर्बको सिलिङ दिएको हो। तर, आगामी वर्ष राजस्व संकलन १२ खर्बभन्दा बढी हुन नसक्ने राष्ट्र बैंकलगायतका निकायले सुझाव दिएका छन्। त्यस्तै, आन्तरिक ऋण पनि दुई खर्ब ५० अर्बभन्दा नबढाउन उनीहरूले सुझाव दिएका छन्। 'दुई खर्ब ५० अर्ब आन्तरिक ऋण, ५० अर्ब हाराहारी वैदेशिक अनुदान, दुई खर्ब वैदेशिक ऋण र १२ खर्ब हाराहारी राजस्व अनुमान राखेर करिब १७ खर्ब ५० अर्ब हाराहारीको बजेट ल्याउने स्पेस पनि छ,' अर्थका एक अर्का सहसचिवले भने, 'तर, आन्तरिक ऋण कम उठाउनुपर्ने र वैदेशिक अनुदान नआउने तथा वैदेशिक ऋण पनि कम नै उठडाउनुपर्ने कारण जेट १७ खर्ब हाराहारीको मात्रै ल्याउने तयारी देखिन्छ।'

■ करका दरमा उद्यमीका चासो, के छ तयारी ?

सरकारले राजस्व बढाउन करको दरमा हेरफेर गर्ने सम्भावना रहेको भन्दै उद्यमी-व्यवसायीले चासो दिइरहेका छन्। विगतमा कुनै एक व्यावसायिक घरानालाई लाभ मिल्ने गरी करका दर हेरफेर हुने गरेको प्रवृत्ति देखिएका कारण कतिपय उद्योगी-व्यवसायी भने सशंकित देखिएका छन्। अहिले विद्युतीय सवारीसाधन तथा एसेम्बल उद्योगमा दिँदै आएको कर छुटमा हेरफेर गर्ने, विलासिताका वस्तुको भन्सारदर बढाउने तथा नेगेटिभ लिस्टका सामग्रीमा थप कर लगाउने तयारी भइरहेको बजेट निर्माणमा सहभागी अधिकारीहरू बताउँछन्। 'करका दरमा के-के हेरफेर गर्ने भनेर १४ गते मात्रै टुंगो लाग्छ,' एक सहसचिवले भने। उद्यमीहरूले भने करका दरलाई यथावत् राखेर दायरा बढाउनुपर्ने बताउँदै आएका छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सांसद विकास कोष के होला ?

सांसद विकास कोषका नामले परिचित 'स्थानीय पूर्वाधार विकास कार्यक्रम' खारेज भएको दुई आर्थिक वर्ष भइसकेको छ। तर, प्रमुख सत्ताघटक दल कांग्रेसकै सांसदहरूले खारेज भइसकेको उक्त कार्यक्रम आगामी बजेटमार्फत ब्युँताउन अर्थमन्त्रीलाई दबाब दिइरहेका छन्। गत १२ वैशाखमा कांग्रेस संसदीय दलको बैठकमा सांसद विकास कोष ब्युँताउन उनीहरूले माग गरेका थिए। त्यसयता उनीहरूले अर्थमन्त्रीलाई सांसद विकास कोषमार्फत १०-१० करोडको व्यवस्था गर्न दबाब दिइरहेका छन्। अर्थमन्त्री भने यस कार्यक्रमलाई पुनः ब्युँताउने मुडमा छैनन्। 'स्रोतमा चाप परेको अहिलेको अवस्थामा खारेज भइसकेको उक्त कार्यक्रम ल्याउन हुँदैन, यसमा अर्थमन्त्री पनि कन्भिन्स हुनुहुन्छ,' अर्थमन्त्रीका एक सल्लाहकारले भने, 'तर, सांसद विकास कोष कार्यक्रम पुनः सुरु गर्न उहाँलाई ठूलो दबाब छ, दबाब थेग्न सक्नुभएन भने आउन सक्छ।'

संघीय सरकारले स्थानीय विकास साझेदार कार्यक्रमका नाममा सांसदहरूमार्फत वार्षिक १० अर्ब रुपैयाँसम्म खर्च गर्दै आएको थियो। कोभिड-१९ महामारी सुरु भएपछि भारतले सरकारले सांसदमार्फत खर्च हुने कार्यक्रम स्थगन गऱ्यो। नेपालले पनि यस्तो कार्यक्रम खारेज गर्नुपर्ने चौतर्फी आवाज उठ्यो। त्यसपछि तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष ०७८/७९ को बजेट अध्यादेश सार्वजनिक गर्दै स्थानीय विकास साझेदारी कार्यक्रम खारेज गरेको घोषणा गरे। त्यसपछि तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले बजेट अध्यादेशलाई प्रतिस्थापन गरेर ल्याएको बजेटमा पनि सांसदलाई बजेट दिइएन। शर्माले ल्याएको चालू आर्थिक वर्ष ०७९/८० को बजेटमा पनि यस्तो कार्यक्रम छैन।

राष्ट्रिय स्वतन्त्र पार्टीलगायत दलका कतिपय सांसद तथा अर्थशास्त्रीहरूले भने खारेज भइसकेको सांसद विकास कोषलाई ब्युँताउन नहुने बताउँदै आएका छन्। रास्वपाकी सांसद सुमना श्रेष्ठले संघीय प्रणालीमा शक्तिको विकेन्द्रीकरण अवधारणाविरुद्ध दुई सय ६५ व्यक्तिका मातहतमा पैसा थुपार्नु उचित होला कि जनतामा आधारभूत आवश्यकता पूर्ति उचित होला ? भन्दै सांसद विकास कोषलाई ब्युँताउन नदिन आह्वान गरेकी छिन्।

सांसद विकास कोषजस्तो कार्यक्रम अहिलेको अवस्थामा ल्याउन नहुने अर्थशास्त्री डा. विश्वास गौचन बताउँछन्। 'खारेज भइसकेको यस्तो कार्यक्रम ल्याउनुहुँदैन,' उनले भने, 'अहिले जथाभावी पैसा बाँड्ने, पैसा छर्ने कार्यक्रम ल्याउनुहुँदैन, पुँजी निर्माण हुने कार्यक्रम मात्रै अघि बढाउनुपर्छ।'

■ जलाशययुक्त जलविद्युत् आयोजना

बजेटमा प्राथमिकता, कार्यान्वयन सुस्त

पछिल्ला तीन वर्षदेखि बजेटमा स्टोरेज आयोजनालाई प्राथमिकतामा राखिँदै आएको छ, तर कार्यान्वयन भने निकै निराशाजनक

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पछिल्ला तीन आर्थिक वर्षदेखि सरकारले जलाशययुक्त जलविद्युत् आयोजना बनाउन विभिन्न घोषणा गर्दै आएको छ। जलाशययुक्त आयोजना बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, बाँध र जलविद्युतगृह फरक-फरक प्रवर्द्धकलाई बनाउन दिनेलगायतका नीति पछिल्ला तीन वर्षमा आएका छन्। तर, सोही नीतिका कारण थप जलाशययुक्त आयोजना निर्माण प्रक्रिया अघि बढेको छैन।

जलाशयतर्फ अहिले ६० मेगावाटको कुलेखानी जलविद्युत् आयोजना मात्रै सञ्चालनमा छ, जुन ०३९ सालमै सञ्चालनमा आएको हो। त्यसबाहेक चार सय ५६ मेगावाटको अपर तामाकोसीसहित केही अर्धजलाशययुक्त आयोजना भने सञ्चालनमा छन्।

सरकारले वर्षौं पहिलादेखि १२ सय मेगावाटको बुढीगण्डकीसहित थुप्रै जलायशययुक्त आयोजना पहिचान गरेर राखेको छ। पछिल्लो समय सरकारले बजेटमार्फत त्यस्ता आयोजनाको निर्माणलाई प्राथमिकतामा राखेको छ। तर, सोही नीतिकै कारण जलाशययुक्त आयोजनाको निर्माणमा निजी क्षेत्र आकर्षित भएका छैनन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष कृष्णप्रसाद आचार्यले प्रतिफलको ग्यारेन्टी नहुँदा नै निजी क्षेत्रको आकर्षण नभएको बताउँछन्। 'जलाशययुक्त आयोजनाले बस्ती नै विस्थापित गर्छ, जुन काम निजी क्षेत्रबाट सम्भव हुँदैन। साथै, यो आयोजना उच्च पहाडी वा हिमाली क्षेत्रमा मात्रै बन्छ, जहाँ सडकलगायतका पूर्वाधारको सुविधा हुँदैन। समग्रमा यस्ता आयोजना व्यापारिक रूपमा फलदायी हुँदैन,' उनले भने, 'यदि, सरकारले प्रतिफलको ग्यारेन्टी दिने नीति ल्याउँछ भने निजी क्षेत्र यसमा तयार छ। विशेष गरी सरकारले जग्गा प्राप्ति गरिदिने, लाइसेन्स अवधि ५० वर्ष पुऱ्याउने, पिपिए दर बढाउनेलगायतका काम गर्नुपर्छ।'

सरकारले पनि कुनै आयोजनाको निर्माण कार्यलाई चुस्त गतिमा अघि बढाउन सकेको छैन। आव ०७७/७८, आव ०७८/७९ र आव ०७९/८० को बजेटमा जलाशययुक्त आयोजनालाई लक्षित गरेर विभिन्न नीति घोषणा गरिएका छन्। नेपालमा नदी प्रवाहमा आधारित (आरओआर) आयोजना बढी छन्। त्यसले गर्दा बर्खामा विद्युत्को उत्पादन पूर्ण क्षमतामा हुने र हिउँदमा निकै कम हुने समस्या छ। बर्खामा विद्युत् निर्यात नै गर्न पुगे पनि हिउँदमा आयात गर्नुपर्ने बाध्यता छ। तर, यस्तो आयोजनामा लगानी बढी चाहिने र प्रतिफल कम दिने डरका कारण लगानीकर्ताको आकर्षण न्यून छ। आव ०७७/७८ को बजेटमा विद्युत् उत्पादनलाई नदी प्रणालीमा आधारित (आरओआर) अर्धजलाशययुक्त र जलाशययुक्त आयोजनाको मिश्रणका रूपमा विकास गरिने उल्लेख थियो। यसका अलावा दूधकोसी जलाशययुक्त विद्युत् आयोजनामा चार अन्तर्राष्ट्रिय वित्तीय संस्थाका समिश्रित वित्त लगानी विधिबाट निर्माण सुरु गरिने भनिएको थियो।

साथै, माथिल्लो अरुण, किमाथान्का अरुण, फुकोट कर्णाली, चैनपुर सेती, जगदुल्लालगायतका जलविद्युत् आयोजनाको निर्माण सोही वर्ष अघि बढाउने भनिएको थियो। यसैगरी, बुढीगण्डकी, पश्चित सेती, नलगाढ, उत्तरगंगालगायतका बहुउद्देश्यीय आयोजनाको लगानी ढाँचा यकिन गरिने उल्लेख थियो। साथै, जलाशययुक्त तमोर तथा माडी जलविद्युत् आयोजनाको सार्वजनिक निजी साझेदारीमा विस्तृत अध्ययन र डिजाइन गर्ने भनिएको थियो। तर, तीन वर्ष बितिसक्दा पनि उक्त घोषणाको कार्यान्वयन निकै सुस्त छ। दूधकोसी जलाशययुक्त विद्युत् आयोजनामा अझै विदेशी लगानी आएको छैन। तत्कालीन समयमा चार अन्तर्राष्ट्रिय वित्तीय संस्थाको समिश्रित वित्त लगानी विधिबाट निर्माण गर्ने भनिएको थियो। तर, यस सम्बन्धमा अझै विदेशी दातृ निकायसँग सम्झौता भइसकेको छैन। पछिल्लो समयमा ६ सय ३५ मेगावाटको उक्त आयोजनामा सहवित्तीयकरणमार्फत लगानी गर्ने गरी युरोपेली युनियनले इच्छा व्यक्त गरेको छ।

यस्तै, आव ०७८/७९ को बजेटमा पनि अर्धजलाशययुक्त र जलाशययुक्त आयोजनाको निर्माणलाई तीव्रता दिने भनियो। साथै, जलाशययुक्त आयोजनामा बाँध र विद्युतगृह छुट्टाछुट्टै प्रवर्द्धकबाट बनाउन दिने गरी निजी क्षेत्रलाई आकर्षित गर्ने घोषणा पनि गरियो। माथिलो अरुण, जगदुल्लालगायतका आयोजनाको लगानी ढाँचा यकिन गरी पूर्व तयारी कार्य पूरा गरिने नीति पनि ल्याइएको थियो। तमोर जलविद्युत् आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनको काम सम्पन्न गरी निर्माण कार्य सुरु गरिने नीति पनि ल्याइएको थियो। यसका अलावा बुढीगण्डकी, पश्चिम सेती, उत्तरगंगा र नल्सिङगाड जलविद्युत् आयोजनाको निर्माण ढाँचा निर्धारण र स्रोत व्यवस्थापन गरी कार्यान्वयन गरिने घोषणा गरिएको थियो। तर, हालसम्म कुनै पनि आयोजनाको निर्माण कार्य अघि बढेको छैन। साथै, सरकारले भनेको मोडेलमा निजी क्षेत्र पनि जलाशययुक्त आयोजनाको निर्माणमा अग्रसर भएका छैनन्।

तर, त्यसको कार्यान्वयन पनि निराशाजनक छ। सरकारले आयोजना छनोट गर्दा जलाशययुक्त आयोजनालाई प्राथमिकतामा राखेको छैन। साथै, निजी क्षेत्रले पनि कुनै निश्चित जलाशययुक्त आयोजना बनाउन अघि सरेका छैनन्। सरकार आफैंले पनि अघि बढेको छैन। १२ सय मेगावाटको बुढीगण्डकी र चार सय १० मेगावाटको नलगाढ जलविद्युत् आयोजनाको निर्माण पनि अन्योलमै छ। बुढीगण्डकी स्वदेशी लगानीमै बनाउने गरी गत भदौमा कम्पनी स्थापना भएको थियो। तर, सरकारले बजेट नदिँदा कम्पनी सञ्चालनमै आउन सकेको छैन। अहिले उक्त आयोजना नेपाल विद्युत् प्राधिकरणको नेतृत्वमा बनाउने गरी थप अध्ययन अघि बढाइएको छ। यद्यपि, १०६१ मेगावाटको माथिल्लो अरुण 'ब्लेन्डेड फाइनान्सिङ' (मिश्रित लगानी)मा बनाउने गरी प्रक्रिया अघि बढाइएको छ। यसमा ९७ अर्ब विश्व बैंकलगायतका विदेशी संस्थाले लगानी गर्दै छन्। ५३ अर्ब भने हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआईडिसिएल)को नेतृत्वमा स्वदेशी बैंक तथा वित्तीय संस्थाले सहवित्तीयकरणमार्फत लगानी गर्दै छन्। त्यसका लागि गत भदौमा समझदारी भइसकेको छ। अब संयुक्त रूपमा विश्व बैंक र स्वदेशी ऋण लगानीकर्तासँग अन्तिम ऋण सम्झौता गर्ने तयारी छ। साथै, यसबीचमा जलाशययुक्त सात सय ५० मेगावाटको पश्चिम सेती भारतीय कम्पनी एनएचपिसीलाई दिइएको छ। यसबाहेक अन्य प्रगति भने खासै नभएको जानकारवाला बताउँछन्।

● छुट्टै पिपिए दर

यसका अलावा सरकारले पहिलेदेखि नै जलाशययुक्त आयोजनाको विद्युत्का लागि छुट्टै पिपिए दर तोकेको छ। पिक आवरमा उक्त आयोजनाको विद्युत् प्रतियुनिट १०.५५ रुपैयाँमा खरिद गर्ने सरकारको नीति छ। यसैगरी १६ वर्षसम्म कर छुट दिनेलगायतका नीति छन्। तैपनि, जलाशययुक्त आयोजनाको निर्माणमा उत्साह नदेखिएको सरोकारवाला बताउँछन्। पूर्वसचिव देवेन्द्र कार्की पनि जलशाययुक्त आयोजनासम्बन्धी बजेट कार्यक्रमको कार्यान्वयन निराशाजनक रहेको बताउँछन्। विशेष गरी यसमा सरकारकै कमजोरी रहेको उनको भनाइ छ।

'यसमा लगानी बढी चाहिन्छ। तर, प्रतिफल न्यून हुन्छ। त्यो अवस्थामा निजी क्षेत्रको आकर्षण कम नै हुन्छ। त्यो अवस्थामा भ्यायबिलिटी ग्याप फन्डिङ (भिजिएफ), अनुदानलगायतका सुविधा पनि चाहिन्छ। तर, त्यो छैन,' उनले भने, 'त्यो अवस्थामा सरकार आफैं यसको निर्माणमा अग्रसर हुनुपर्ने हो। भएको जस्तो पनि देखिन्छ। तर, सरकारले एकै चोटि सबै आयोजनामा हात हाल्दा यसमा सफल हुन सकेको छैन। पहिला प्राथमिकताका आधारमा एका-दुई आयोजनाको निर्माण अघि बढाउनुपर्छ। र, त्यसको सिकाइमा अर्को आयोजना बनाउन लाग्नुपर्छ। तर, त्यस्तो अभ्यास यहाँ देखिएन।' ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता मधुप्रसाद भेटुवाल भने जलाशययुक्त आयोजनासम्बन्धी काम सकारात्मक दिशामा अघि बढेको बताउँछन्। 'हामीले यस्ता आयोजनाका लागि पिपिए दर नै छुट्टै निर्धारण गरेका छौं। करलगायतका विषयमा पनि छुट दिने नीति छ।'

पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड

बुद्धनगर काठमाडौं, फो.नं. ०१४७५५७४५

१५औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/१४)

मिति २०८०/२/१३ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको १५औं (आ.व.२०७८/०७९) वार्षिक साधारण सभा निम्न मिति स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा सम्पुर्ण शेयरधनी महानुभावहरुको अनिवार्य उपस्थितीको लागि अनुरोध गरिएको छ।

सभा हुने मिति, स्थान र समय :

मिति : २०८०/०३/०४ गते सोमबार,
समय : दिनको १०:०० बजे।
स्थान : क्वालिटी बेड्क्वेट, बुद्धनगर, काठमाडौं।

(क) सामान्य प्रस्तावः

१) संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७८।०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) आ.व. २०७८।०७९ को लेखापरिक्षकको प्रतिवेदन सहित २०७९ अषाढ मसान्तको वासलात, नाफा। नोक्सान हिसाव, नगद प्रवाह विवरण र शेयर पूजीमा भएको परिवर्तन लगायत अन्य अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने।
३) आ.व. २०७९।०८० को लागि लेखापरिक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रामिक निर्धारण गर्ने।
४) सर्वसाधारण शेयरधनी तर्फबाट २ जना संचालकको निर्वाचन सम्बन्धमा।

(ख) विशेष प्रस्ताव।

१) यस कम्पनीको अधिकृत पुँजी बृद्धिको लागि प्रबन्धपत्रको दफा ६ (क) संशोधन गर्ने सम्बन्धमा।
२) यस कम्पनीको प्रबन्धपत्रको दफा ६ (घ) मा भएको संशोधन अनुमोदन गर्ने सम्बन्धमा।
३) बैक तथा वित्तिय संस्थाबाट कम्पनीको चुक्ता पूँजी भन्दा बढि ऋण लिने सम्बन्धमा।

(ग) विविध।

साधारण सभा सम्बन्धि सामान्य जानकारी

१) सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने कागजात साथमा लिएर आउनुहुन अनुरोध गरिन्छ।
२) प्रतिनिधि नियुक्त हुने व्यक्तिले सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाण्डौमा शेयर रजिष्ट्रर सानिमा क्यापिटलमा बुझाई सक्नु पर्नेछ।
३) एक जना शेयरधनीले एक भन्दा बढिलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ। तर प्रतिनिधिपत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अगाडी दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पस्ट उल्लेख गरी तोकिएको म्यादै भित्र छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन्। त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधी पत्र (प्रोक्सी) स्वतह बदर भएको मानिने छ।
४) प्रतिनिधि मुकरर गर्दा आंशिक रुपमा मुकरर गर्न पाईने छैन।
५) विविध शीर्षक अन्तर्गत शेयरधनी महानुभावहरुले कुनै विषयमा छलफल गर्नु पर्ने भएमा सभा हुनुभन्दा ७ (सात) दिन अगावै लिखित रुपमा अध्यक्षलाई सम्बोधन गरी रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाण्डौमा छलफलको विषय दर्ता गर्नु पर्नेछ।
६) मिति:२०८०/०३/०४ मा हुने वार्षिक साधारण सभा प्रयोजनका लागि मिति:२०८०/२/२५ गतेलाई बुकक्लोज मिति तोकिएको कुरा समेत सम्बन्धित सबैलाई यसै सुचना द्वारा सुचित गरिएको छ।
७) संचालकको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृतको तर्फबाट मिति:२०८०।२।२९ मा निर्वाचन कार्यक्रम कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगरको सुचना पाटिमा सुचना प्रकासित हुने हुदा सम्बन्धित सबैमा सो विषयमा समेत यसै सुचना द्वारा सुचित गरिन्छ।
८) अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

सुनवलमा सानिमा बैंकको शाखा

काठमाडौं / सानिमा बैंक लिमिटेडले नवलपरासीको सुनवल चोक, सुनवल नगरपालिका-४ मा शाखा विस्तार गरेको छ। उक्त शाखा कार्यालयको समुद्घाटन ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य तथा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेले गरेका छन्।

समुद्घाटन समारोहमा महजोडीले नवलपरासीको सुनवलमा सानिमा बैंकको कार्यालय सञ्चालनमा



आएकोमा बैंकलाई बधाई ज्ञापन गर्दै सबल अनि विश्वसनीय बैंकका रूपमा निरन्तर विस्तार हुन र थप सफलताका लागि शुभकामना व्यक्त गरे। त्यसैगरी, सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेले बैंकका ग्राहक तथा सरोकारवालालाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरे।

सानिमा बैंकका देशका सातै प्रदेशमा एक सय ३२ वटा कार्यालय र एक सय २२ वटा एटिएम सञ्चालनमा रहेका छन्।

महालक्ष्मी विकास बैंकको क्रेडिट कार्ड सेवा सुरु



काठमाडौं / महालक्ष्मी विकास बैंकले २९औं वार्षिकोत्सवको अवसरमा भिसा क्रेडिट कार्ड सेवा सुरु गरेको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले बैंकको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमबीच क्रेडिट कार्ड सेवाको समुद्घाटन गरेका हुन्। ग्राहकको आवश्यकता, सन्तुष्टि र संस्थागत सुशासनलाई आत्मसात् गर्दै भविष्यमा अझ अत्याधुनिक सरल, सहज र विश्वसनीय बैंकिङ सेवाको पहुँच सारा नेपाली जनतामा पुऱ्याउने प्रतिबद्धतासमेत व्यक्त गरेका छन्।

क्रेडिट कार्ड प्रयोगकर्ताले पोइन्ट अफ सेल, अनलाइन कारोबार तथा भिसा कार्डमार्फत नगद झिक्दा, अनलाइन भुक्तानी गर्दा र वस्तु वा सेवाहरू खरिद गर्दा अधिकतम ४५ दिनसम्म ब्याज नलाग्ने, क्रेडिट कार्ड सीमा १५ हजारदेखि पाँच लाखसम्म पाउने तथा नेपाल, भारत र भुटानमा सजिलै प्रयोग गर्न सकिनेजस्ता विशेषता क्रेडिट कार्ड सेवामा उपलब्ध छन्।

नेपाल एसबिआई र रेमिट इन्टरनेसनलबीच सम्झौता



काठमाडौं / नेपाल एसबिआई बैंक र नेपाल रेमिट इन्टरनेसनल प्रालिबीच सम्झौता भएको छ। नेपाल रेमिट इन्टरनेसनलका विभिन्न शाखा, प्रतिनिधि अफिस तथा एजेन्टमार्फत पठाएको रेमिट्यान्स रकम नेपाल एसबिआई बैंकका शाखामार्फत भुक्तानी प्रदान गर्ने सम्झौता भएको हो। बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत मोहम्मद रिजवान आलम तथा नेपाल रेमिट इन्टरनेसनलका नायब महाप्रबन्धक देवबहादुर थापाले हस्ताक्षर गरेका छन्।

यामाहाले नेपाली बजारमा ल्यायो रे जेडआर १२५ हाइब्रिड

नयाँ पत्रिका

रे जेडआर १२५ हाइब्रिड, स्मार्ट मोटर जेनेरेटरसहितको हाइब्रिड स्कुटर नेपालमा सार्वजनिक भएको छ। यामाहा नेपालले ल्याएको रे जेडआर १२५ हाइब्रिडमा चार ट्रिमहरू स्ट्यान्डर्ड, डिलक्स र प्रिमियम-प्रिमियम प्लस उपलब्ध छन्। रे जेडआर १२५ हाइब्रिडको केन्द्रमा शक्तिशाली एयर कुल्ड, फ्युल इन्जेक्टेड १२५ सिसी ब्लु कोर इन्जिन छ। साइलेन्ट स्टार्टरका रूपमा पनि चिनिने यो प्रणाली इन्धन दक्षतालाई मद्दत गर्न इलेक्ट्रिक मोटरका रूपमा दोब्बर हुन्छ। इलेक्ट्रिक पावर सपोर्टको सिमलेस एकीकरणले इन्धनको बचत मात्र गर्दैन, समग्र सवारी अनुभवलाई पनि बढाउँछ।

रे जेडआर १२५ हाइब्रिड एक पुनः डिजाइन गरिएको हो, जसमा पूर्ण डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर र एलइडी हेडल्याम्प रहेको छ। १४५ एमएमको ग्राउन्ड क्लियरेन्सका साथ मात्र ९९ किलोग्राम तौल भएको यसमा युनिफाइड ब्रेकिङ सिस्टम (युबिएस), साइड स्ट्यान्ड इन्जिन कट-अफ फङ्सन र २१ लिटर अन्डर-सिट भण्डारण सुविधा छन्। यामाहा नेपालका सिइओ राजु क्षेत्रीले रे जेडआर १२५ हाइब्रिड सिरिजबारे भने, 'अल्टिमेट स्कुटर बाइकिङ एरोक्सको सफल सुरुवातपछि नेपालको पहिलो हाइब्रिड स्कुटर रे जेडआर हाइब्रिड लन्च गर्न पाउँदा यामाहा नेपाल गौरवान्दित छ। यसले शक्ति, शैली र सुरक्षाको



संयोजन गर्छ, जसले गर्दा हाम्रा मूल्यवान् ग्राहकलाई अत्याधुनिक उत्पादन उपलब्ध गराउने हाम्रो प्रतिबद्धतालाई अझ फराकिलो बनाउँछ।'

रे जेडआर १२५ हाइब्रिडको बेसिक मोडेल स्ट्यान्डर्ड रियर ड्रमको मूल्य दुई लाख ७९ हजार नौ सयबाट सुरु हुन्छ।

घलेम्दी हाइड्रोको बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल



काठमाडौं / घलेम्दी हाइड्रो लिमिटेडले हकप्रद सेयर निष्कासन गर्न बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेडसँग सम्झौता गरेको छ। शुक्रबार भएको सम्झौतामा घलेम्दी हाइड्रोका अध्यक्ष किशोर सुवेदी तथा मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले हस्ताक्षर गरेका छन्।

१:२ हकप्रद सेयर निष्कासन गर्न लागेको हो

कम्पनीका सचिव अनिल पौडेलका अनुसार सांग्रिला ऊर्जा लिमिटेडद्वारा प्रवर्द्धित छुजुङ खोला जलविद्युत् आयोजना ६३ मेगावाटमा ५१ प्रतिशतभन्दा बढी सेयर कायम हुने गरी १:२ हकप्रद सेयर निष्कासन गर्न लागेको हो। यसअघि मिति ०८० वैशाख १६ गते सम्पन्न साधारणसभाबाट हकप्रद सेयरसम्बन्धी प्रस्ताव उल्लिखित सेयरधनीको सहभागितासाथ पारित गरेको थियो।

६ हजारबाट ५० हेक्टरमा खुम्चियो कपास खेती

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

कपासको माग दिन-प्रतिदिन बढ्दै गए पनि खेती गर्नेको संख्या भने ह्वात्तै घटेको छ। ०४० सालमा करिब ६ हजार हेक्टर जमिनमा कपास खेती हुने गर्थ्यो, तर अहिले ५० हेक्टरमा खुम्चिएको कपास विकास समितिका निर्देशक बुद्ध घर्तीले जानकारी दिए। सरकारले कपास खेतीका लागि बर्दियास्थित कुम्भरमा सात हजार हेक्टर जमिन समितिलाई उपलब्ध गराएको थियो।

उक्त जमिनमा कपास प्रशोधनलगायतका मेसिन र भौतिक संरचना निर्माण भएका थिए। 'सरकारले दिएको जमिनमध्ये करिब एक हजार पाँच सय हेक्टरमा समितिले कपास खेती गर्दै आएको थियो। दाङ, बाँके र बर्दियाका किसानले झन्डै पाँच हजार हेक्टरमा कपास खेती गर्थे,' उनले भने।

सरकारले हेटौंडा कपडा उद्योग र बुटवल धागो कारखाना सञ्चालन गर्न कच्चा पदार्थ पूर्तिका लागि बाँकेको खजुरामा कपास विकास समिति स्थापना गरेको थियो। ०३७ सालमा स्थापना भएको समितिले केही वर्ष अत्यधिक परिमाणमा कपास उत्पादन गरे पनि पछिल्लो समय घट्दै गएको छ। 'हेटौंडा कपडा उद्योग र बुटवल धागो कारखाना ०५५/५६ सालमा बन्द भएपछि किसानले उत्पादन गरेको कपासले बजार पाएन,' उनले भने, 'मिहिनेतअनुसारको मूल्य नपाएपछि अन्य नगदेबालीतर्फ किसान आकर्षित भए।'

कपास विकासको पाँच सय ५० हेक्टर जमिन अतिक्रमण

बर्दियाको बारबर्दिया नगरपालिका-१० र बढैयाताल गाउँपालिका-९, कुम्भरस्थित कपास फार्मको उक्त जग्गा ०५८ सालदेखि अतिक्रमणमा परेको छ। उक्त जग्गामध्ये एक सय ३८ बिघा १५ कट्ठा सरकारले मुक्त कमैयालाई वितरण गरेको छ। बाँकी जग्गा राजनीतिक पहुँचका आधारमा स्थानीय बासिन्दाले अतिक्रमण गरी भोगचलन गर्दै आएका छन्। आठ सय २५ बिघामध्ये सरकारले पाँच-पाँच कट्ठाका दरले पाँच सय ५५ मुक्त कमैया परिवारलाई जग्गा वितरण गरेको कपास विकास समितिका कार्यकारी निर्देशक घर्तीले जानकारी दिए। तत्कालीन समयमा एक हजार दुई सय हेक्टर वन क्षेत्र फँडानी गरी सरकारले कुम्भर फार्मको नाममा पाँच सय ५० हेक्टर जग्गा उपलब्ध गराएको थियो। उक्त जग्गा कपास विकास समितिलाई उपलब्ध गराइए पनि हालसम्म सरकारले जग्गाको लालपुर्जा भने समितिलाई उपलब्ध गराएको छैन। कपास खेती गर्ने जग्गामा स्थानीयले धान, गहुँ, मकै, मुसुरो र तोरी बाली लगाउँदै आएका छन्।

समितिसँग अहिले बाँकेको खजुरा गाउँपालिकामा १० बिघा जग्गा, कार्यालय भवन कपास प्रशोधनशाला तथा ६ गोदामघर र पाँच कर्मचारी आवासगृह छ। यसैगरी, बर्दियाको मधुवन नगरपालिकामा तीन बिघामा पक्की आवासगृह, गोदामघर, कार्यालय भवन, बर्दियाकै बढैयाताल गाउँपालिकाको जमुनीमा पाँच बिघा १२ कट्ठामा पक्की आवासगृह, गोदाम र कार्यालय भवन छन्। दाङको तुलसीपुर उपमहानगरपालिकाको टरीगाउँमा तीन बिघा तारबार गरी राखिएको छ। मधुवन र जमुनीमा रहेको जग्गा तथा संरचनामा अहिले सशस्त्र प्रहरी बल बस्दै आएको कार्यकारी निर्देशक घर्तीले जानकारी दिए। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र विश्व खाद्य तथा कृषि संगठनको सहयोगमा ०३८ सालमा बर्दियाको कुम्भरमा स्थापना भएको यो समितिसँग मेसिनरी उपकरण पर्याप्त भए पनि कपासको अभावमा पूर्ण क्षमतामा सञ्चालनमा ल्याइएको छैन।

रोडिज यामाहा फिल्ड अडिसन खुल्यो

काठमाडौं / रोडिज सिजन-५ को यामाहा फिल्ड अडिसन सुरु भएको छ। आकांक्षी रोडिजले आगामी सिजनमा स्थान सुरक्षित गर्न र रोडिज सिजन-५ मा प्रतिस्पर्धा गर्न सक्नेछन्। १३ जेठमा यामाहा सोरुम इटहरी, १४ जेठमा यामाहा सोरुम हेटौंडा, १७ जेठमा यामाहा सोरुम नेपालगन्ज, १९ जेठमा यामाहा सोरुम पोखरा, २१ जेठमा यामाहा ब्लु स्क्वायर काठमाडौंमा अडिसन हुनेछ। यसका साथै मिट एन्ड ग्रिट नामक भेटघाट सत्रमा प्रशंसकहरूले आफ्ना मनपर्ने रोडिज प्रतियोगीलाई भेट्ने र नजिक हुने अवसर प्राप्त गर्नेछन्। त्यसका लागि १२ जेठमा यामाहा सोरुम बर्दिवास, १५ जेठमा यामाहा सोरुम चितवन र १६ जेठमा यामाहा सोरुम बुटवलमा कार्यक्रम राखिएको छ।

फुडमान्डुको फस्ट बाइटमा पाँच सय रुपैयाँसम्म छुट

काठमाडौं / फुड डेलिभरी कम्पनी फुडमान्डुले नयाँ प्रयोगकर्ता तथा स्वादका पारखीलाई लक्षित गरी आफ्नो नयाँ क्याम्पेन फस्ट बाइट ल्याएको छ। यो योजनाअन्तर्गत फुडमान्डु एपका नयाँ प्रयोगकर्ताले आफ्नो पहिलो अर्डरमा २५ प्रतिशत छुट (रु. ५०० सम्म) पाउन सक्नेछन्। फुडमान्डुकी सिनियर ब्रान्ड मार्केटिङ एक्जिक्युटिभ अंकिता जोशीका अनुसार नयाँ योजनाले युवाहरूलाई आकर्षण गर्न मात्र खोजेको नभई यसले युवा जमातका विभिन्न थरीका स्वाद र खानाको अनुभव लिने बानीलाई पनि अँगाल्न खोजेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	७) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, काठमाडौंमा प्रा.फ.र.नं. १२६०५५/०७२/७३ स्थानीय व्यापार अर्न्तगत मिति २०७२/११/२० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट, स्थित **गौरव एण्ड आशिष ट्रेड्र्स** **प्रोपाईटर तथा जमानतकर्ता: ज्ञानेन्द्र प्रसाद खनाल** स्थायी ठेगाना : गोरखा जिल्ला, बुङकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बाबु : होमनाथ खनाल बाजे : अजनीकान्त खनाल	७) पिताम्बर गौतमकी छोरी, होमनाथ खनालकी बुहारी, ज्ञानेन्द्र प्रसाद खनालकी पत्नी गोरखा जिल्ला, बुंकोट गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बस्ने सन्तोषी खनालको नाममा मालपोत कार्यालय कलंकी काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. ४ (हाल चन्द्रागिरी न.पा. वडा नं. ३), स्थित कित्ता नं. ३२५ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सवारी मोडल: Mahindra Bolero Pick Up 2WD 1.5T च्यासिस नं.: MA1ZU2TBKK1H64646 | इन्जिन नं. : TBK1H71369 | सवारी दर्ता नं.: प्रदेश ३-०७-०२३ च २९५९ ३) गौरव एण्ड आशिष ट्रेड्र्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण		
७. सन्तोषी खनाल स्थायी ठेगाना : गोरखा जिल्ला, बुंकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बाबु : पिताम्बर गौतम पती : ज्ञानेन्द्र प्रसाद खनाल ससुरा: होमनाथ खनाल	**२. गौरव खनाल** स्थायी ठेगाना : गोरखा जिल्ला, बुंकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बाबु : ज्ञानेन्द्र प्रसाद खनाल बाजे : होमनाथ खनाल	**३. आसिष खनाल** स्थायी ठेगाना : गोरखा जिल्ला, बुंकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बाबु : ज्ञानेन्द्र प्रसाद खनाल बाजे : होमनाथ खनाल

ऋणीको विवरण	धितोको विवरण
२) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३९५८२/०७६/७७, स्थानीय व्यापार अन्तर्गत मिति २०७६/०९/२५ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८, बगाही, स्थित **अरबिन्द एण्ड नविन कोल्ड स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : लालमुनी देवी**	१) गाया राउतकी छोरी, रामनाथ राउत कुर्मीकी बुहारी, शिवनारायण राउत कुर्मीकी पत्नी, पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बस्ने लालमुनी देवीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमशः ०-०-११-१ र ०-०-१-५ (बिगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अरबिन्द एण्ड नविन कोल्ड स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण		
१) लालमुनी देवी स्थायी ठेगाना : पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बाबु : गाया राउत ससुरा : रामनाथ राउत कुर्मी पति : शिवनारायण राउत कुर्मी	**२) शिव नारायण राउत कुर्मी** स्थायी ठेगाना : पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बाबु : रामनाथ राउत कुर्मी बाजे : लक्षमण राउत कुर्मी	**३) विहपी देवी कुर्मी** स्थायी ठेगाना : पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ५ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बाबु : जिउत राउत कुर्मी ससुरा : लक्षमण राउत कुर्मी पति : रामनाथ राउत कुर्मी

ऋणीको विवरण	धितोको विवरण
३) **१) शिव प्रसाद तेली** स्थायी ठेगाना : पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं.४ हालको ठेगाना : पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं.५ बाबु : सिंहासन सा तेली बाजे : झगडु सा तेली	धर्मराज साको नाति, झगडु सा तेलीको छोरा, पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं.४ स्थायी ठेगाना भई ,हाल पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं.५ बस्ने सिंहासन सा तेलीको नाममा मालपोत कार्यालय पर्साको, लगतमा दर्ता कायम रहेका पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं. १ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं.६ को क्षेत्रफल ०-४-१-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

जमानीकर्ताहरुको विवरण	
१) मिना देवी तेली स्थायी ठेगाना : पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं.४ हालको ठेगाना : पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं.५ बाबु : नथुनी साह तेली ससुरा : सिंहासन सा तेली पति: शिव प्रसाद तेली	**२) सिंहासन सा तेली** स्थायी ठेगाना : पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं.४ हालको ठेगाना : पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं.५ बाबु : झगडु सा तेली बाजे : धर्मराज सा

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय दलदलेको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय दलदलेबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी तकारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

अश्विनी कान्त झाको बुहारी, गौरीशंकर झा/अरुणा झाको छोरी, असिम कान्त झाको पत्नी, सप्तरी जिल्ला, राजविराज गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १६ बस्ने **सारिका झा** (ना.प्र.नं. ७९५१, जारी मिति २०३५/१०/०१, जिल्ला प्रशासन कार्यालय, सप्तरी)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. महेश कान्त झाको नाती, अश्विनी कान्त झा/ब्रमानी देवी झाको छोरा, सारिका झाको पति, धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं.०९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १६ बस्ने **असिम कान्त झा** (ना.प्र.नं.१७११०२/८०६२, जारी मिति २०७०/०१/२९, जिल्ला प्रशासन कार्यालय, धनुषा)।

धितो सुरक्षणको विवरण:

१. **सारिका झा**को नाममा मालपोत कार्यालय, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, देवचुली न.पा. १६, (साबिक सिसवार वडा नं.४/ग) स्थित कित्ता नं. १०६४ को जग्गा क्षेत्रफल ०-०-७-० (बि-क-धु-क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय दलदले फोन नं. ०७८-५७५१९४/५४६/५४८

नीति तथा...

पृष्ठ १ बाट क्रमशः

भएपछि परिमार्जन हुनुपर्छ भन्ने मान्यता राख्ने म पनि एउटा हुँ । तर, मैले चाहेर मात्र हुँदैन । यसमा राजनीतिक सहमति र ऐन-कानुनमा परिमार्जन नगरी हुँदैन । कर्मकाण्डी र अर्थ न बर्थको छलफलबाट केही निस्किँदैन भन्ने स्थितिबाट निस्कौं । एउटा प्रतिबद्धता गरौं अर्को वर्षदेखि परिवर्तन गरौं,' प्रचण्डले भने ।

सदनमा भएको छलफलबाट विगतजस्तै अहिले पनि नीति तथा कार्यक्रम परिमार्जन गर्न सम्भव नभएको स्पष्ट पारेका प्रचण्डले बजेटबाट सम्बोधन गर्ने आश्वासन भने दिए । 'यद्यपि, यहाँ भएको छलफलबाट केही नहुने भन्ने होइन, बजेटबाट पनि सम्बोधन गर्न सकिन्छ । त्यसकारण छलफलको कामै छैन भन्नु उपयुक्त हुँदैन,' उनले भने ।

संसद् सचिवालयका अनुसार सरकारको नीति तथा कार्यक्रममा राष्ट्रिय सभामा ४४ र प्रतिनिधिसभामा एक सय ८५ जना सांसदले सुझाव दिएका छन् । तर, परिमार्जन नहुने प्रचलनका कारण सुझाव नीति तथा कार्यक्रममा प्रतिबिम्बित हुनेछैनन् । १५ जेठमा प्रस्तुत गरिने बजेटसमेत लक भइसकेकाले सांसदका सुझाव समेटिने सम्भावना न्यून छ । सांसदहरूले लाखौं खर्चेर अर्थ नै नभएको छलफल गर्नुको औचित्य नभएको भन्दै गुनासो पोखेका थिए ।

कांग्रेसका गगन थापा, विश्वप्रकाश शर्मा, रास्वपाका स्वर्णिम वाग्ले, रवि लामिछानेलगायतले चैतमा नै नीति तथा कार्यक्रम पेस गर्ने र सदनलाई प्रतिबिम्बित गरेर बजेटमा समेट्ने कार्यतालिका लागू गर्नुपर्ने सुझाव सरकारलाई दिएका थिए । प्रधानमन्त्री प्रचण्डले आफू परिवर्तनको पक्षमा रहेको र आगामी वर्षदेखि यो मोडालिटीमा जान तयार रहेको जवाफ दिएका छन् । 'नीति तथा कार्यक्रम र बजेटको ग्यापको सवालमा नयाँ ढंगबाट सोच्न जरुरी छ,' उनले भने ।

सदनको छलफल विषयवस्तुभन्दा ज्यादा राजनीतिक घोचपेचमा केन्द्रित भयो । ७ जेठबाट प्रतिनिधिसभामा छलफल प्रारम्भ हुँदा सुरुवातमा प्रतिपक्षी दलका नेता ओलीले नीति तथा कार्यक्रम संगतिपूर्ण र यथार्थमा आधारित नभएको भनेर आलोचना गर्दै फिर्ता लिएर पुनर्लेखन गर्नुपर्ने धारणा राखे । आफ्नो पालामा ल्याएको नीति तथा कार्यक्रम र कामको तुलनामा अहिले आएको नीति कार्यक्रम दिशाहीन, नीतिहीन र गन्तव्यहीन भनेर चर्को अलोचना गरेपछि सदनमा त्यसको पक्ष र विपक्षमा छलफल भएको थियो ।

नीति तथा कार्यक्रमको बुँदाभन्दा पनि ओलीको समर्थन र प्रतिवादमा प्रतिपक्षी र सत्तापक्ष सांसद विभाजित भएका थिए । ओलीले चरम पूर्वाग्रह राखेर सार्थक बहस नै मोडिदिएको जिकिर गरेका माओवादी सांसद लेखनाथ दाहालले प्रतिवादका क्रममा पशुपतिनाथको जलहरीमा सुनको ठाउँमा पित्तल राखेर भ्रष्टाचार गरेको आरोप लगाउँदा सदन नै तनावग्रस्त बनेको थियो ।

त्यसअघि एमालेकै योगेश भट्टराईले नीति तथा कार्यक्रमका योजनाभन्दा जनयुद्ध शब्दमा केन्द्रित भएर आलोचना गर्दा छलफल वाद-प्रतिवादमा परिणत भएको थियो । हरेक दिनको छलफलअगाडि शून्य समय राखिए पनि सांसदहरूले नीति तथा कार्यक्रमको छलफलमा नक्कली भुटानी शरणार्थी प्रकरण उल्लेख गर्न छुटाएनन् ।

राजनीतिक घोचपेचसहित भएको छलफलबाट सुझाव नीति तथा कार्यक्रममै नसमेटिए पनि प्रधानमन्त्री प्रचण्डले जवाफ दिने क्रममा सम्बोधन गरे, बजेटमा उल्लेख गर्न प्रयत्न गर्ने आश्वासन दिए, आलोचनाको जवाफ पनि दिए । नीति तथा कार्यक्रम पुरानो र नयाँ कार्यक्रमको सन्तुलन मिलाएर आएको भन्दै परम्परावादी र कर्मकाण्डी भन्नु तर्कसंगत नहुने जिकिर गरे । 'विगतदेखि सञ्चालन हुँदै महत्त्वपूर्ण र राष्ट्रिय प्राथमिकताका कार्यक्रमलाई निरन्तरता दिइएको छ र जनतासँग सरोकार राख्ने नयाँ कार्यक्रम प्रस्तावित गरिएका छन्,' उनले भने ।

आफू नेतृत्वको दुइटै गठबन्धनका साझा न्यूनतम कार्यक्रमलाई समेटेर आएको नीति तथा कार्यक्रम राष्ट्रियको दस्तावेज भएको उनले जिकिर गरे । अर्थतन्त्र पूर्ण रूपमा चुनौतीबाट मुक्त नभएको भन्दै प्रधानमन्त्री प्रचण्डले अर्थतन्त्रको पुनर्संरचना, पुनरुत्थानलाई उच्च प्राथमिकता राखेको बताए ।

राष्ट्रिय सहमतिमा प्रधानमन्त्रीको जोड

प्रधानमन्त्री प्रचण्डले देशमा देखिएको आर्थिक संकट, संस्थागत भ्रष्टाचार, सामाजिक न्याय र समृद्धिको चुनौतीको विषयमा दल एक भएर अगाडि बढ्न जरुरी रहेको बताए । 'राष्ट्रिय समस्या समाधान तथा जनताको चाहना र आवश्यकतालाई पूर्ति गर्न एक ठाउँमा उभिनुपर्छ । अहिले देखिएका चुनौतीमा राष्ट्रिय सहमति आवश्यक छ,' उनले भने । नक्कली भुटानी शरणार्थी प्रकरण अदालत पुगिसकेको भन्दै न्यायालयले दूधको दूध पानीको पानी गर्ने विश्वास लिए । 'सम्पत्ति शुद्धीकरण, राजस्वलगायत अन्य तमाम बेथितिमा सरकारको ध्यान छ, सबै सच्याउनुपर्छ । सबै दल र सदनको साथ आवश्यक छ,' उनले भने ।

'चुरे दोहन गर्न लागिएको होइन'

प्रधानमन्त्री प्रचण्डले चुरे दोहन र तराईको मरुभूमि समस्याबारे संवेदनशील रहेको बताए । तर, चुरे संरक्षण अभियानअन्तर्गत नै भएको त्रिविको जियोलोजिकल विभागको अध्ययन प्रतिवेदनले चुरे संरक्षण र तराईको मरुभूमीकरण रोक्न गिट्टी-बालुवाको सही उपयोग र व्यवस्थापन जरुरी रहेको औंल्याएको बताए । 'यत्तिकै छोड्दा मरभूमीकरणलाई तीव्र पारेको छ, करिब एक खर्बको गिट्टी-बालुवा स्वतः नै बगेर भारत जान्छ र भारत सरकारले उपयोग गरिरहेको निष्कर्ष छ । साथै, हरेक वर्ष ५० हजार हेक्टर जमिन नदी उकास भएर मरभूमीकरण हुँदै गएको अध्ययनले देखाएको छ । अहिले नै प्रतिवेदन कार्यान्वयनभन्दा पनि ध्यानाकर्षण भएको छ । तराईको मरुभूमीकरण रोक्न कुनै भावाभेषमा आवेगमा आएर होइन वैज्ञानिक ढंगले तथ्य तथ्यांकका आधार वास्तविक चुरे संरक्षण गरिन्छ,' उनले भने ।

भ्रष्टाचारविरुद्ध ठुल्ठूला एक्सन हुने प्रधानमन्त्री प्रचण्डको घोषणा

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले केही समयभित्रै भ्रष्टाचारविरुद्ध ठुल्ठूला एक्सन हुने र त्यसले अझै ठूलो तरंग ल्याउने बताएका छन् । नक्कली शरणार्थी ठगीसम्बन्धी छानबिनमा सरकारले काम गरिरहेका वेला प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचारविरोधी अभियानमा जनताको साथ र समर्थन हुने विश्वास व्यक्त गरे । 'तपाईंहरूले देख्नुहुनेछ, केही समयभित्रै अरू ठुल्ठूला एक्सन हुनेछन् । त्यो एक्सनको तरंग पनि ठूलो हुनेछ । सहिदहरूको सपना पूरा गर्नका निम्ति योबाहेक अर्को कुनै बाटो छैन,' प्रेस सेन्टर नेपालको १९औं साधारणसभालाई शनिबार राजधानीमा सम्बोधन गर्दै प्रचण्डले भने ।

प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचारविरोधी अभियानमा लाग्दा घात-प्रतिघातको खतरा रहेको तर जनसमर्थन आउने दाबी गरे । 'दुस्मनको कुनै किसिमको घात-प्रतिघातमा परिने हो कुनै टुंगो त छैन । तर, जसरी हामी विचारको निम्ति, वर्गका निम्ति, राष्ट्रको निम्ति र जनताको निम्ति समर्पित भएर लाग्ने संकल्प गरेर हिजो हाम फालेका थियौं । अहिले पनि हामी त्यही संकल्पको साथ लागेका छौं । र, जसरी हिजो हामी अगाडि बढ्दा लाखौं जनताको साथ, समर्थन भएजस्तै अहिले पनि साथ र समर्थन हुने विश्वास छ,' उनले भने । उनले विकृति, विसंगति र भ्रष्टाचारविरुद्ध दृढताको साथ उभिने बताए । 'जनयुद्धका वेलामा जुन संकल्पबाट हाम फालिएको थियो, अहिले विकृति, विसंगति र भ्रष्टाचारविरुद्धको लडाईंमा म त्यही मानसिकताको साथ हाम फालेको अनुभव गर्दै छु,' प्रधानमन्त्री प्रचण्डले भने, 'जनयुद्ध सुरु गर्दा हामीलाई को कति दिन बाँचिने हो, को कति वेला मारिने हो भन्ने टुंगो थिएन । मृत्युवरण गरेर हाम फालेका थियौं । अहिलेको यो लडाईं पनि त्यस्तै-त्यस्तै छ ।'

सदनको...

पृष्ठ १ बाट क्रमशः

लेखनाथ दाहालले आफ्नो सम्बोधनमा उल्लेख गरेको 'स्वास्थ्य सामग्रीको दुई अर्बको भ्रष्टाचार र पशुपतिनाथको जलहरी लगाउँदा सुन भनेर पित्तल लगाएर गरेको भ्रष्टाचारहरू' भन्ने शब्द संसद्को अभिलेखबाट हटाउन सचिवालयलाई निर्देशन दिएका थिए । एमाले अध्यक्ष ओलीको 'नीति तथा कार्यक्रम पुनर्लेखन हुनुपर्छ' भन्ने सम्बोधनको प्रतिवादमा बुधबारको बैठकमा माओवादी सांसद दाहालले ओलीको पालामा विभिन्न काण्डैकाण्ड भएको उल्लेख गरेका थिए । 'उहाँ सरकारमा बस्दा कति भ्रष्टाचारका काण्ड आए ? यती, ओम्नी, वाइडबडी, स्वास्थ्य सामग्री खरिदको दुई अर्ब भ्रष्टाचार, पशुपतिनाथको जलहरी लाउँदा पनि सुन लाउने भनेर पित्तल लगाइदिएका भ्रष्टाचारलगायत सयौं काण्ड छन्,' दाहालले भनेका थिए, 'आफू सरकारमा हुँदा जे गर्न सकिएन, त्यो अहिलेको सरकारले गर्दै छ, नीति तथा कार्यक्रमले जनता अपेक्षा र राष्ट्रिय आवश्यकता प्रतिनिधित्व गर्छ भन्ने लागेर चरम पूर्वाग्रह राख्नुको कुनै अर्थ छैन ।'

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एनआईबिएल ग्रोथ फण्ड

(नेपाल धितोपत्र बोर्डबाट २०७९/०८/१८ मा योजना संचालन अनुमति प्राप्त)

२०८० वैशाख मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८० वैशाख मसान्त रकम (रु)	२०७९ चैत्र मसान्त रकम(रु)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	सूचीकृत शेयर	३६,४२,१५,२४९	३१,५५,६८,२६२
२	बैंक मुद्दती निक्षेप	१९,८०,००,०००	१९,८०,००,०००
३	ऋणपत्र /बन्ड	५,८३,०४,०००	५,५०,००,०००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	१५,१७,७१,५८६	१४,८०,९५,६९२
	जम्मा	७७,२२,९०,८३५	७१,६६,६३,९५४
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	बैंक मौज्दात	५१,५३,५१,४३९	६०,८७,५३,३२४
२	अन्य सम्पत्ति	५६,९०,४००	८४,३३,०४६
	जम्मा	५२,१०,४१,८३९	६१,७१,८६,३७०
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	अन्य दायित्व	५१,६७,२९४	२,२२,०१,३८४
	जम्मा	५१,६७,२९४	२,२२,०१,३८४
	खुद सम्पत्ति (ग्रस)	१,२८,८१,६५,३८०	१,३१,१६,४८,९४०
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१८,५९,८९९	५२,९३,१५५
	कोष सुपरिवेक्षक शुल्क	१,३१,२८७	३,७३,६३४
	खुद सम्पत्ति	१,२८,६१,७४,९९४	१,३०,५९,८२,१५१
	जम्मा इकाई	१३,२०,००,०००	१३,२०,००,०००
	प्रति इकाई खुद मूल्य	९.७४	९.८९

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० वैशाख मसान्त रकम (रु.)	२०७९ चैत्र मसान्त रकम (रु.)
१	प्राप्त भइ सकेको आम्दानी	२,१०,२१,७५	१,५२,८३,१६४
२	प्राप्त भइ नसकेको आम्दानी	(३,६८,००,५३६)	(१,३३,१२,३०७)
	जम्मा आम्दानी	(१,५७,७८,८२१)	१९,७०,८५७
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	१,०३,१६,५९०	१,०२,६८,८५१
२	योजना लेखापरीक्षण शुल्क	७२,४२०	५३,०६६
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	७१,५३,०५४	५२,९३,१५५
४	कोष सुपरिवेक्षक शुल्क	५,०४,९२१	३,७३,६३४
	जम्मा खर्च	१,८०,४६,९८५	१,५९,८८,७०६
	कुल आय / (व्यय)	(३,३८,२५,८०६)	(१,४०,१७,८४९)

नोटः - सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति वमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ ।

- योजनाको २०८० वैशाख मसान्त सम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिवेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु. ८०,९०,९१,३७१ रहेको छ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	धितोपत्र	संख्या	मुल्यांकन रकम
	बाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	४७,४४२	७,८७५,३७२
२	नेपाल बैंक लिमिटेड	५१,८८५	१२,९१९,३६५
३	सिद्धार्थ बैंक लिमिटेड	४६,३७०	११,४०७,०२०
४	प्राइम कमर्सियल बैंक लिमिटेड	८२,००८	१५,८११,१४२
५	एनएमबि बैंक लिमिटेड	६७,६३७	१६,०१६,४४२
६	एनआइसि एसिया बैंक लिमिटेड	५३,११५	३७,१२७,३८५
७	हिमालयन बैंक लिमिटेड	२०,६१०	४,४९२,९८०
८	सनराइज बैंक लिमिटेड	४६,७३९	८,२४८,७८१
९	कुमारी बैंक लिमिटेड	४३,३४०	७,०९०,४२४
१०	नबिल बैंक लिमिटेड	८,०००	४,६७९,२००
	विकास बैंक समूह		
१	गरिमा विकास बैंक लिमिटेड	८२,२८६	२८,१४१,८१२
२	शाइन रेसुन्गा डेभलप्मेन्ट बैंक लिमिटेड	७१,०३०	२२,३५३,४४१
३	लुम्बिनी विकास बैंक लिमिटेड	३७,६८२	१२,१७१,२८६
४	मुक्तिनाथ विकास बैंक लिमिटेड	८३,११७	३१,८७४,३७०
५	मितेरी डेभलप्मेन्ट बैंक लिमिटेड	२१,०००	७,५३९,०००
६	महालक्ष्मी विकास बैंक लिमिटेड	३९,५९९	११,६४२,१०६
	फाइनान्स समूह		
१	मञ्जुश्री फाइनान्स लिमिटेड	३४,४५६	१४,४३७,०६४
२	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	२३,०००	९,२०४,६००
३	गुडविल फाइनान्स लिमिटेड	१३,४८६	५,५६९,७१८
४	रिलायन्स फाइनान्स लिमिटेड	१०,८००	३,००२,४००
	लघुवित्त समूह		
१	विपिडब्लु लघुवित्त वित्तिय संस्था लिमिटेड	८७	२२,८११
२	आत्मनिर्भर लघुवित्त वित्तिय संस्था लिमिटेड	१८३	१३३,०५९
३	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थ लिमिटेड	३,१९५	१,६३०,०८९
४	फ्रिमिक लघुवित्त वित्तिय संस्था लिमिटेड	१,७०८	१,३९३,७२८
५	आरएमडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	३,०००	२,०२२,०००
	जलविद्युत समूह		
१	साहस उर्जा लिमिटेड	१४,२४२	६,८०७,६७६
२	अपि पावर लिमिटेड	२२,९००	५,०८८,३८०
३	अरुण कावेली पावर लिमिटेड	२६,०२७	९,१०९,४५०
४	डाढी ग्रुप पावर लिमिटेड	९,९०१	२,३९५,८४४
५	सानिमा माई हाइड्रोपावर लिमिटेड	१०,०००	३,२९२,०००
	सामुहिक लगानी कोष समूह		
१	सनराइज फोकस्ड ईक्वीटी फण्ड	२,५००,०००	१९,३२५,०००
	निर्जीवन बीमा समूह		
१	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	५८०	७,२३१,०००
	लगानी समूह		
१	नागरिक लगानी कोष	६,८३१	१४,२४५,८९०
	उत्पादन तथा प्रशोधन समूह		
१	हिमालयन डिष्टिलरी लिमिटेड	१०,९२२	२०,०६३,७१४
	कूल		३६४,२१५,२४९

कोष प्रवर्द्धक: NIMB नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. केन्द्रिय कार्यालय, दरबारमार्ग, काठमाण्डौ । फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२८३४९, ४२२८९२७ इमेल: info@nimb.com.np वेभसाइट : www.nimb.com.np

योजना व्यवस्थापक NIBL ACE CAPITAL एनआईबिएल एस क्यापिटल लिमिटेड पो.ब.नं. २३२४, लाजिम्पाट, काठमाडौं, नेपाल फोन: ४४२५८०, फ्याक्स: ४००१०८४ Email: info@niblcapital.com, Website: www.niblcapital.com

क्यान्सरका बिरामी...

पृष्ठ १ बाट क्रमशः

देखि रेडियोथेरापी पूर्ण रूपमा ठप्प भएको हो । ०७४ मा ४७ करोडमा टोमोथेरापी मेसिन खरिद गरे पनि जडान नगरी बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालको चौरमा मिल्काउँदा खिया लागेर सखाप भएको छ । वीरबाट मात्रै रेडियोथेरापी गर्नुपर्ने बिरामी दैनिक १० जनासम्म रेफर हुने गरेका छन् ।

चिकित्सकका अनुसार महिलाको स्तन तथा पाठेघर, घाँटी, मुख र फोक्सोको क्यान्सर पहिलो स्टेजमै पत्ता लागेमा शल्यक्रियामार्फत उपचार गरिए पनि अधिकांशमा किमोपछि रेडियोथेरापी अपरिहार्य हुन्छ । क्यान्सरको शल्यक्रिया र किमोथेरापी गरेकाहरूले रेडियोथेरापी पाएनन् भने पुनः क्यान्सर फैलिने जोखिम हुने बताउँछन् वीरका डा. लोकेन्द्र कुँवर । 'बिरामीले समयमै रेडियोथेरापी पाएनन् भने शल्यक्रिया र किमोथेरापी गरेकाहरूमा पनि पुनः क्यान्सर फैलिने जोखिम रहन्छ,' डा. कुँवरले भने, 'रेडियोथेरापी नगर्दा पूर्ण उपचार नहुने भएकाले उपचारमा समस्या झेलिरहेका थुप्रै केस छन् । त्यसैले, वीरमा आएका स्तन, पाठेघर, फोक्सोलगायत क्यान्सरका बिरामीलाई हामीले पहिलेदेखि नै पालो लिन बाहिर पठाउँछौं, ता कि समयमै उपचार पाऊन् ।'

गत पुसदेखि वीर अस्पतालमा किमोथेरापी गराइरहेकी दाडकी शिवा लम्सालका आफन्त एक महिनापछि गराउनुपर्ने रेडियोथेरापीको पालो लिन नेपाल क्यान्सर अस्पताल धाइरहेका छन् । स्तनको क्यान्सर पुष्टि भएसँगै वीर अस्पतालमा लगातार किमोथेरापी लिइरहेकी ४७ वर्षीया लम्सालको चार सातापछि शल्यक्रिया गर्ने तयारी छ । चिकित्सकहरूले शल्यक्रियालगत्तै रेडियोथेरापी आवश्यक पर्ने र वीर अस्पतालमा उक्त सेवा उपलब्ध नभएकाले अन्यत्र जानुपर्ने बताएपछि उनका आफन्त रेडियोथेरापीको 'डेट' लिन नेपाल क्यान्सर अस्पताल धाएका हुन् ।

चिकित्सकका अनुसार स्तन क्यान्सरको पूर्ण उपचारका लागि शल्यक्रियापश्चात् २५ दिनसम्म नियमित अनिवार्य रेडियोथेरापी गर्नुपर्ने हुन्छ । तर, उपत्यकाभित्र रेडियोथेरापी भक्तपुर क्यान्सर अस्पतालमा मात्र छ, जहाँ पालो पाउने अवस्था नभएपछि परिवारका सदस्य हरिसिद्धिको नेपाल क्यान्सर अस्पताल थाइरहेको बिरामी शिवाले बताइन् ।

मुखको क्यान्सर भएर गत १६ महिनायता वीरमै नियमित उपचार गराइरहेका काठमाडौं थानकोटका ध्रुव राईसमेत रेडियोथेरापीको पालो पाउने आसमा भक्तपुर क्यान्सर अस्पताल धाइरहेका छन् । गत २९ मंसिरमा शल्यक्रिया गराएका उनमा पुनः क्यान्सर फैलिएपछि हाल किमोथेरापी गराइरहेका छन् । चिकित्सकले किमोपछि रेडियोथेरापी गर्नुपर्ने बताएपछि उनी पालो लिन भक्तपुरमै धाएका हुन् । पहिलो अप्रेसनपछि पनि उनले भक्तपुर क्यान्सर अस्पतालमै रेडियोथेरापी गराएका थिए । 'अझै केही समय किमो गर्नुपर्ने देखिएको छ । तर, फेरि रेडियोथेरापी पनि गर्नुपर्ने भएकाले अहिलेदेखि भक्तपुरमा पालोका लागि कोसिस गरिरहेका छौं,' ध्रुवका कुरुवा आफन्तले भने, 'फेरि समयमै थेरापी पाइएन भने क्यान्सर निको हुने सम्भावना कम हुन्छ रे । क्यान्सर चौथो स्टेजमा रहेको चिकित्सकले बताएका छन् ।'

वीरमा रेडियोथेरापी बन्द हुँदा धेरै भिड भक्तपुर क्यान्सर अस्पतालमै लाग्छ । बिरामीको अत्यधिक चापका कारण तत्काल थेरापी गर्नुपर्ने बिरामीले दुईदेखि तीन महिनासम्म पालो कुर्नुपर्ने बाध्यता छ । वीर अस्पतालका अंकोलोजी डिपार्टमेन्ट प्रमुख प्रा.डा. विवेक आचार्य भन्छन्, 'भक्तपुरबाहेकका केही निजी अस्पतालले रेडियोथेरापी सेवा दिइरहेका छन् । तर, रेडियोथेरापी एकदमै महँगो भएकाले विपन्न नागरिक सरकारीमा पालो नपाउँदा अकालमै मृत्युवरण गर्नुपर्ने वा क्यान्सर झन् फैलिने उच्च जोखिममा छन् ।' डा. आचार्यका अनुसार क्यान्सरका ६० देखि ७० प्रतिशत बिरामीलाई रेडियोथेरापी अनिवार्य चाहिन्छ । ग्लोबोक्यान २०२० को तथ्यांकअनुसार नेपालमा बर्सेनि सरदर २६ देखि ३० हजार मानिस क्यान्सरपीडित हुने गरेको र १५ देखि २० हजारको बर्सेनि मृत्यु हुने गरेको छ ।

वीरका लागि ४७ करोडमा किनिएको टोमोथेरापी मेसिन पाँच वर्षदेखि चौरमा

पुरानो 'कोबाल्ट- ६०' मेसिन बिग्रिएर ०७२ देखि सेवा नै रोकिएको वीरमा ०७४ मा ठेक्का लगाएर ४७ करोडमा नयाँ टोमोथेरापी मेसिन खरिद गरिए पनि जडान नगरी बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालको चौरमा मिल्काउँदा खिया लागेर सखाप भएको छ । मेसिन अहिले पनि चौरमै छ । जब कि वीरबाट रेडियोथेरापी गर्नुपर्ने बिरामी दैनिक १० जनासम्म रेफर हुने गरेका छन् ।

ठेक्का पाएको लाइफलाइन ट्रेड इन्टरनेसनलले एकुरे मेडिकल अमेरिकाले उत्पादन गरेको मेसिन ल्याए पनि जडान गर्न नसकेको हो । नियमअनुसार एक सय ८० दिनभित्र जडान गर्नुपर्थ्यो । अस्पतालमा पुरानो मेसिन राखिएको बंकर समयमै खाली गर्न नसकेको भन्दै नयाँ मेसिन जडान नगरी चौरमा राखियो । तीन वर्षसम्म चौरमा राख्दा बिग्रिएपछि जर्मनबाट जडानका लागि आएको प्राविधिक टोली पनि त्यसै फर्किएको थियो ।

अस्पतालले मेसिनका लागि ७० प्रतिशत भुक्तानी गरिसकेको जनाएको छ । आपूर्तिकर्ता कम्पनी ट्रेड इन्टरनेसनलले भने रेडियसनको जोखिमका कारण पुरानो रेडियोथेरापी मेसिन खुला ठाउँमा राख्न नमिल्ने र डिस्पोजका लागि आवश्यक जनशक्तिसमेत विदेशबाटै मगाउनुपर्ने अवस्थाका कारण नयाँ मेसिन जडान गर्न नसकिएको दाबी गरेको छ । कम्पनीका प्रमुख सुरेन्द्र नायर भन्छन्, 'इन्टरनेसनल अटोमिक एसोसिएसनको मापदण्डअनुसार रेडियसनसहितको मेसिन खुला राख्न मिल्दैन । नेपालमा आणविक पदार्थ व्यवस्थापनसम्बन्धी कानुन नभएकाले पुरानो मेसिन त्यतिवेला भारत लगेर डिस्पोज गर्ने तयारी गरिए पनि मिलेन । पछि, लगत्तै कोभिड लकडाउन सुरु भएपछि क्यानडाबाट प्राविधिक बोलाएर जडान गर्न सम्भव भएन ।'

उनका अनुसार पहिले ल्याएको मेसिन बिग्रिएपछि एकुरे कम्पनीकै टोमोथेरापी मेसिन अमेरिकाबाट ल्याएर जडान गर्न लागिएको छ । पानीजहाजबाट गत अप्रिल २४ मै भारत पठाएको र २८ मे सम्ममा भारत आइपुग्ने नायरले बताए । उनले मेसिन आइपुगेसँगै प्राविधिकको टोलीले जुनको तेस्रो सातासम्ममा वीरमा जडान गरिसक्ने बताए । पुरानै ठेक्काअन्तर्गत नयाँ मेसिन खरिद गर्न लागिएको र सबै खर्च आफूहरूले नै व्यहोर्ने नायरको भनाइ छ ।

वीरको अंकोलोजी विभागका बर्सेनि ६ सयभन्दा बढी क्यान्सरका बिरामी भर्ना हुन्छन् । गत वर्ष ६ सय २६ नयाँ बिरामी उपचारका लागि पुगेका थिए । तर, यहाँ रेडियोथेरापी नहुँदा पछिल्ला आठ वर्षमा कम्तीमा ६ हजार बिरामीलाई रेडियोथेरापीका लागि अन्यत्र रिफर गरिएको छ । तर, तीमध्ये कतिले समयमै उपचार पाए, कतिले पाएनन् भन्ने कुनै तथ्यांक उपलब्ध छैन ।

रेडियोथेरापी सेवा दिने निजी अस्पताल पनि पाँचवटा मात्रै

निजीतर्फ पनि पाँच अस्पतालमा मात्र रेडियोथेरापी सेवा उपलब्ध छ । ललित पुरको हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पताल, भक्तपुरको काठमाडौं क्यान्सर सेन्टर, विराटनगरको विराट मेडिकल कलेज, झापा भद्रपुरको पूर्वाञ्चल क्यान्सर सेन्टर र चितवन मेडिकल कलेजमा मात्र रेडियोथेरापी हुन्छ । मेसिन राख्न कंक्रिटको छुट्टै बंकर चाहिने र कम्तीमा ३० देखि ४० करोडसम्म खर्च लाग्ने भएकाले सीमित अस्पतालले मात्रै यो सेवा दिन सकेका हुन् । विगतमा पोखराको मणिपाल मेडिकल कलेजले पनि रेडियोथेरापी दिने गरेकोमा मेसिन बिग्रिएको भन्दै केही महिनायता सेवा ठप्प छ । चितवन मेडिकल कलेजले भने माघयता मात्रै सेवा सञ्चालनमा ल्याएको हो । हप्तामा पाँच दिन सेवा दिइरहेको यो अस्पतालले ४० बिरामीको थेरापी गरिरहेको जनाएको छ । रेडियसन अंकोलोजी विभाग प्रमुख डा. सुवास ठाकुर भन्छन्, 'अस्पतालले क्यान्सरको उपचार दिइरहे पनि रेडियसन दिनुपर्ने बिरामी कम नै छन्, तर काठमाडौंदेखि पूर्वीतराई र पश्चिमका जिल्लाबाट रिफरल केसहरू आउने भएकाले बिरामीको चाप बढ्न थालेको छ ।'

भन्सारका नासुले...

पृष्ठ १ बाट क्रमशः

गर्ने कि नष्ट गर्नेबारे अन्योल थियो । केही व्यक्तिले कहिले लिलाम हुन्छ भनेर बारम्बार भन्सार कर्मचारीलाई जिज्ञासा राखिरहेका हुन्थे । यहीबीचमा ई-सिगरेटमा सुन रहेको एक भन्सार एजेन्टले चाल पाएका थिए । उनले नै नासु खड्कालाई आर्थिक प्रभावमा पारी सुटकेसको ई-सिगरेट साटिएको थियो । पछि भन्सार कार्यालयलाई शंका लागेर सोधपुछ गर्दा नासु खड्काले उक्त बदमासी स्वीकार गरेका थिए । भन्सार कार्यालयले त्यसपछि प्रहरीलाई पत्राचार गरी अनुसन्धान गराएको थियो । हालसम्मको अनुसन्धानमा ई-सिगरेटभित्र करिब नौ किलो सुन रहेको र त्यसलाई ६ करोडमा बिक्री गरिएको खुलेको छ । तर, बिक्री भएको थाँरै मात्र बरामद भएको छ । त्यो सुन विभिन्न सुन पसलमा बिक्री भएको आशंका गरिए पनि क-कसले किने भन्ने प्रस्ट हुन सकेको छैन ।

अझ सुन चीनबाट कुन समूहले ल्याएको थियो भन्ने नै खुल्न नसक्दा घटना रहस्यमय बनेको छ । ई-सिगरेटभित्र विगतमा पनि त्यसैगरी सुन ल्याएर तस्करी भएको आशंकामा प्रहरीले अनुसन्धान गरिरहेको छ । सिआइबीका प्रवक्ता एसपी सञ्जय सिंह थापाले भने इ-सिगरेटमा भएको सुन तस्करी प्रकरणमा अनुसन्धान जारी नै रहेको र अनुसन्धान सकिएपछि विस्तृत विवरण सार्वजनिक गरिने बताए । यसमा ठूलै गिरोह संलग्न रहेको आशंका गरिएको छ । पत्काउ परेकामध्ये एक सुनपसले विगतमा ८८ किलो सुन तस्करी प्रकरणमा पनि मुद्दा खेपिसकेका व्यक्ति हुन् ।

हार्दिक श्रद्धाञ्जली



जन्म वि.सं. २०३० पौष १४

मृत्यु वि.सं. २०८० जेठ ०२

स्व. महेशचन्द्र न्यौपाने

यस संस्थाका आजीवन सदस्य, संस्थापक महासचिव एवं पूर्व कार्यकारी निर्देशक श्री महेशचन्द्र न्यौपानेको अष्ट्रेलियामा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्तै दुःखी मर्माहित भएका छौं । स्व. न्यौपाने मृदुभाषी, सहयोगी एवं संस्थाप्रति जिम्मेवारी बोध गरी आफूपनि खट्ने एवं कार्यक्रमलाई गतिशील एवं जिम्मेवारी बोध गर्ने स्वभाव र प्रकृतिको हुनुहुन्थ्यो । स्वर्गीय दिवंगत आत्माको चीर शान्तिको कामना सहित उहाँप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

प्रकाश कोइराला, कार

आइतबार १४ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/७७०

एकै दिन रोकिए शीर्ष तीन क्लब

शीर्ष स्थानमा रहेको चर्च ब्वाइज युनाइटेड र तेस्रो स्थानको जावलाखेल युथ पराजित हुँदा दोस्रो स्थानको मच्छिन्द्र फुटबल क्लबले त्रिभुवन आर्मी फुटबल क्लबसँग अंक बाँड्यो



संकटाविरुद्ध (नीलो जर्सी) बलका लागि संघर्ष गर्दै चर्च ब्वाइजका खेलाडी । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

सहिद स्मारक 'ए' डिभिजन लिग ०७९-८० को एकै दिन शीर्ष तीन क्लब चर्च ब्वाइज युनाइटेड, जावलाखेल युथ र मच्छिन्द्र फुटबल क्लब रोकिएका छन् । शीर्ष स्थानमा रहेको चर्च ब्वाइज युनाइटेड र तेस्रो स्थानको जावलाखेल युथ पराजित हुँदा दोस्रो स्थानको मच्छिन्द्र फुटबल क्लबले त्रिभुवन आर्मी फुटबल क्लबसँग अंक बाँडेको छ । चर्च ब्वाइजले भने पाँच अंकको दूरी बढाउने अवसर गुमाएको छ । यता, मच्छिन्द्रले चर्च ब्वाइजसँग अंक बराबर गर्ने मौका सदुपयोग गर्न सकेन । एकै दिन जावलाखेल विभागीय टोली एपिएफ फुटबल क्लबसँग २-० ले पराजित भयो । तेस्रो स्थानको मच्छिन्द्र चौथो स्थानको आर्मीसँग १-१ गोलको बराबरी खेल्दै अंक बाँड्न पुग्यो ।

दशरथ रंगशालामा चर्च ब्वाइज संकटा क्लबसँग १-० ले पराजित भएको हो । विदेशी खेलाडी युसेफ एट्सले दोस्रो हाफमा गरेको गोल नै निर्णायक बन्यो । दुईबीचको पहिलो लेग गोलरहित बराबरीमा सकिएको थियो । चर्च ब्वाइजका प्रशिक्षक बालगोपाल महर्जन यो नतिजापछि खुसी देखिएनन् । 'अंक तालिका यतिको प्रतिस्पर्धात्मक हुँदा यो नतिजा ठीक हैन,' महर्जनले भने, 'तर, शीर्ष स्थानमै छौं । बाँकी खेल जित्नैपर्छ ।' २२ खेलबाट १० जितसहित ३८ अंक जोडेको चर्च ब्वाइज शीर्ष स्थानमा यथावत् छ ।

यता, लगातार खराब प्रदर्शन जारी राखेको संकटा भने जित निकाल्न सफल भयो । चर्च ब्वाइजविरुद्ध संकटाले प्रशिक्षक सल्यान खड्गीसहित कोचिङ स्टाफ नै परिवर्तन गरेको थियो । रवीन्द्र सिलाकारले टच लाइन सम्हालेको पहिलो खेलमै तीन अंक पाए । 'निकै महत्त्वपूर्ण खेल थियो । अंक नगुमाउने भन्ने थियो । सफल भयौं,' सिलाकारले सुनाए । प्रशिक्षक खड्गीले लगातारको हारपछि राजीनामा दिएका थिए । 'खेलाडीले व्यक्तिगत खेलभन्दा पनि टोलीका लागि खेले । त्यसैले तीन अंक आयो,' उनले सुनाए । यो जितपछि संकटाले रेलिगेसन क्षेत्र छाडेको छ । २२ खेलबाट २६ अंक जोड्दा ११औं स्थानमा उक्लियो । डबल लिगमा खुमलटार र फ्रेन्ड्स रेलिगेसन क्षेत्रमा छन् ।

जावलाखेल एपिएफसँग स्तब्ध

विदेशी खेलाडी अर्मान्ड बिडोम तथा राष्ट्रिय टोलीबाट खेलिसकेका आवास लामिछानेले समान एक गोल गरेपछि दशरथ रंगशालामा एपिएफ क्लबले जावलाखेल युथ क्लबमाथि २-० को सहज जित निकालेको छ । डबल लिगमा एपिएफ जावलाखेलविरुद्ध अपराजित रह्यो । दुईबीचको पहिलो भेट गोलरहित बराबरीमा सकिएको हो । ८४औं मिनेटमा दुवै टोली १० खेलाडीमा सीमित बनेका थिए । एपिएफका कप्तान नवीन लामा र जावलाखेलका विदेशी खेलाडी अब्दुलाजिज निसोनवेभले मैदानभित्र झगडा गरे । त्यसपछि रेफ्री प्रकाशनाथ श्रेष्ठले दुवैलाई रातो कार्ड देखाएका हुन् । लिगको एक सय ४९औं खेलपछि एपिएफ कम्तीमा रेलिगेसन डरबाट बचेको छ । जावलाखेल भने शीर्ष स्थानको चर्च ब्वाइजसँगको अंकदूरी कम गर्नबाट चुक्यो । २२ खेलमा २९ अंक जोडेको एपिएफ सातौं स्थानमा उक्लिएको छ । पराजित जावलाखेल समान खेलबाट ३४ अंकका साथ चौथो स्थानमा कायम छ ।

जावलाखेल युथका प्रशिक्षक सुनीलकुमार श्रेष्ठले अहिलेलाई उपाधि दौडमा रहे पनि चर्च ब्वाइजको खेल कुर्नुपर्ने बताए । उनले खेलाडी अनुशासनमा नरहँदा हार बेहोरको पनि प्रतिक्रिया दिए । 'उपाधि दौडमै रहे पनि हामीले अन्य टोलीको खेलमा कुर्नुपर्छ,' उनले भने । 'खेलाडी अनुशासनमा नरहँदा टोलीलाई घाटा भयो,' उनले भने । एपिएफका प्रशिक्षक रत्नकाजी महर्जनले रेलिगेसन क्षेत्र छाडेपछि खुसी देखिए । 'लिगको सुरुवात राम्रो भयो । तर, केही खेलमा अनावश्यक हार बेहोर्यौं । अन्तिममा रेलिगेसनबाट जोगियौं,' महर्जनले सुनाए । राम्रो स्थानमा रहेर लिग टुंग्याउने कोसिस हुनेछ,' उनले थपे ।

२३औं मिनेटमा बिडोमको गोलमार्फत एपिएफले अग्रता लियो । शरणविक्रम बस्नेतको क्रसलाई बिडोमले हेडगोल गरे । पहिलो हाफको इन्जुरी समयमा आवासले एपिएफलाई २-० को अग्रता दिलाए । आवासले जावलाखेलको रक्षापंक्तिको गल्ती फाइदा उठाउँदै बक्सभित्रबाट सहज गोल गरेका हुन् ।

आर्मी र मच्छिन्द्रले अंक बाँडे

साबिक विजेता मच्छिन्द्र फुटबल क्लबले साबिक उपविजेता आर्मीविरुद्ध च्यासल मैदानमा १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन् । डबल लिगमा आर्मी मच्छिन्द्रविरुद्ध अपराजित रहेको छ । पहिलो भेटमा आर्मी २-० ले विजयी भएको थियो । लिगको एक सय ४८औं खेलपछि मच्छिन्द्र ३६ अंकका साथ दोस्रो स्थानमा यथावत् छ । आर्मी पनि २२ खेलबाट ३० अंक जोड्दै चौथो स्थानमा छ । खेलको १७औं मिनेटमा दिनेश हेन्जनको गोलमार्फत आर्मीले अग्रता लिएको थियो । ६०औं मिनेटमा युद्ध शाहीबाट आत्मघाती गोल हुँदा मच्छिन्द्र हारबाट जोगिएको हो ।

खेल संक्षेप

रग्बीको उपाधि भक्तपुर र मकवानपुरलाई

काठमाडौं/ भक्तपुर र मकवानपुरले दोस्रो बागमती प्रदेश खेलकुदअन्तर्गत रग्बीको उपाधि शनिबार जितेका छन् । भक्तपुर पुरुष तथा मकवानपुर महिलातर्फ च्याम्पियन बनेका हुन् । हेटौंडाको पिप्लेक्याम्पा रंगशालामा भक्तपुरले मकवानपुरलाई ३१-५ स्कोरले पराजित गरेको हो । भक्तपुरका सुरज रानाले २ तथा प्रवेश पनेरू, रमेश बानियाँ र नरेन्द्रप्रसाद जोशीले एक ट्राई गरेका थिए । एक ट्राईबाट ५ अंक प्राप्त हुन्छ । भक्तपुरका नीरोज कार्कीले ३ कन्भर्सनबाट ६ स्कोर बटुले । १ कन्भर्सनबापत २ अंक दिइन्छ । मकवानपुरका अनिश तामाङले एक ट्राई गरे ।

महिलाको उपाधि भिडन्तमा मकवानपुरले ललितपुरलाई १७-१० स्कोरले हराएको छ । विजयी टिमका पुष्पा खड्काले २ तथा मनीषा घिसिङले एक ट्राई गरेका थिए । मकवानपुरकी ज्योतिका बम्जनले एक कन्भर्सन गरिन् । ललितपुरका कमला राई र प्रेक्षा वाग्लेले समान एक-एक ट्राई गरेका हुन् । दुईदिने प्रतियोगिताको पुरुषतर्फ आठ तथा महिलातर्फ पाँच टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए । बागमती प्रदेश खेलकुदमा रग्बी पहिलोपटक समावेश गरिएको हो ।

एसियाली खेलकुदको तयारीबारे छलफल

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले एसियाली खेलकुदको तयारीका सम्बन्धमा विभिन्न खेलका मुख्य प्रशिक्षकसँग शनिबार छलफल गरेका छन् । चीनको होङझावमा ६ असोजदेखि १९औं एसियाली खेलकुद हुँदै छ । छलफलमा तालिम तथा प्रशिक्षण विभागका निर्देशक प्रचण्ड शर्मा, खेलकुद विकास विभागका प्रमुख प्रेमबहादुर मल्ल, राष्ट्रिय टिम तयारीका निर्देशक महेन्द्रकुमार राई, आर्थिक प्रशासन शाखाका प्रमुख पासाङफिन्जी शेर्पालगायतको उपस्थिति रहेको थियो । खेलाडीको छनोट र तालिम, खेलाडीको स्तरीय प्रशिक्षणका लागि आगामी योजना, खेलाडीले तालिम गर्ने स्थलको अवस्था, खेल सामग्रीलगायतका विषयमा छलफल भएको थियो । सदस्यसचिव घिसिङले खेलाडीको प्रशिक्षणमा विशेष ध्यान दिएर नेपालको सहभागितालाई उपलब्धिमूलक बनाउन प्रतिबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए ।

त्रिशालाई स्वर्ण पदक

काठमाडौं/ त्रिशा गुरुङले विन्ध्यवासिनी मास्टर्स खुला टेबलटेनिस प्रतियोगिताको महिला एकलतर्फ शनिबार स्वर्ण पदक जितेकी छिन् । फाइनलमा त्रिशाले प्रजिता मुदभानीलाई ११-५, ११-५ र ११-६ को सोझो सेटमा पराजित गरिन् । सक्रिय पोखरेल र राजश्री अधिकारी तेस्रो भए । शीर्ष तीन स्थान हात पार्ने खेलाडी कास्कीका हुन् । भेट्रान ५० वर्षमाथि पुरुष एकलतर्फ इखाछेन स्पोर्टस् क्लबका राजेन्द्र बज्राचार्य, ललितपुर टिटी क्लबका प्रकाश धाक्वा, खोल्छा पुखुका नदिमरत्न शाक्य र च्यासल युथ क्लबका किरण व्यञ्जनकारले सेमिफाइनलमा स्थान सुरक्षित गरेका छन् । प्रतियोगिताको पोखरा महानगरपालिका वडा २ का अध्यक्ष दिवसमान प्रधानांगले एक कार्यक्रमबीच उद्घाटन गरे । तीनदिने प्रतियोगितामा विभिन्न ८ जिल्लाका एक सय ६ खेलाडी सहभागी छन् ।

मधेस प्रदेश फुटबलमा कार्की

रौतहट/ अखिल नेपाल फुटबल संघ (एन्फा) मधेस प्रदेशको अध्यक्षमा नेपाल कार्की निर्वाचित भएका छन् । शनिबार रौतहटको चन्द्रनिगाहपुरमा भएको मधेस प्रदेश भेलाबाट कार्की सर्वसम्मत अध्यक्षमा चयन भएका हुन् । उपाध्यक्षमा विजयकुमार गुप्ता महोत्तरी, उपाध्यक्षमै सुमन श्रेष्ठ सिराहा, महिला सदस्यमा ललिताकुमारी चौधरी रौतहट, संजीवकुमार यादव सिराहा, सञ्जयकुमार मण्डल धनुषा, उदय श्रेष्ठ बारा, राजकिशोर धामी बारा, बाबुराम दाहाल रौतहट, रमेशकुमार श्रेष्ठ सप्तरी, सुरेश खड्का सप्तरी, दीपक लामा सर्लाही सदस्यमा चयन भएका छन् ।

नुवाकोटे टाइगर च्याम्पियन

काठमाडौं/ दोस्रो मदन भण्डारी रिङ रेस्लिङ महाभिडन्तको उपाधि नुवाकोटे टाइगरले शनिबार जितेका छन् । सुर्खेतको वीरेन्द्रनगरमा आयोजित ७२औं मदन स्मृति रिङ रेस्लिङ विभागले आयोजना गरेको हेभीवेटतर्फ नुवाकोटे टाइगरले किङ रोबोटलाई पराजित गरेका थिए । जितसँगै उनले नगद रु. १ लाख ५ हजार हात पार्न सफल भए । हार्डकोरतर्फको अर्को खेलमा चट्टान विजयी भए । उनले साइनविरुद्धको भिडन्त जित्दै नगद रु. ७५ हजार हात पारेका थिए । मिडल वेटतर्फको खेलमा साइनले डेभिडलाई पराजित गरे । उनले नगद रु. ७० हजार प्राप्त गर्दा महिलातर्फ लाइट वेट भिडन्तमा तन्नुले आकृतिलाई हराइन् । उनले नगद रु. ६० हजार हात पारिन् । पुरुष लाइट वेटतर्फ सिजे वर्ल्ड विजयी भए । उनले कम्ब्याट कर्मालाई पराजित गरी नगद रु. ४० हजार प्राप्त गरे भने ट्याग टिमतर्फको भिडन्तमा एक्स हिरो एन्ड सुजल टिम विजयी बन्यो । भिडन्तमा टुपी ग्याङ पराजित भयो । एक्स हिरो एन्ड सुजल टिमले नगद रु. ५० हजार हात पार्न सफल भयो ।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा भएको प्रतियोगितामा विजेताहरूलाई नेकपा एमाले स्थायी कमिटी सदस्य यामलाल कँडेल, एकेडेमीका अध्यक्ष ध्रुव आचार्य, मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सदस्य टीका विष्ट, प्रदेश खेलकुद विकास परिषद्का उपाध्यक्ष प्रमोद हमाल, सदस्यसचिव विश्वमित्र सञ्ज्याल, एकेडेमीकी उपमहासचिव सुवर्ण श्रेष्ठ, सचिव सञ्जु महर्जनलगायतले नगद, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । प्रतियोगिता सम्पन्न गर्न करिब २१ लाख खर्च भएको आयोजकले जनाएको छ ।

उपाधिका लागि चेन्नई र गुजरात भिड्दै

एजेन्सी/ इन्डियन प्रिमियर लिग (आइपिएल) २०२३ उपाधिका लागि आज चेन्नई र गुजरात टाइटन्सबीच प्रतिस्पर्धा हुँदै छ । १६औं संस्करणको फाइनल खेल अहमदाबादमा हुनेछ । चारपटकको च्याम्पियन चेन्नई सुपर किंग्स र एकपटकको च्याम्पियन गुजरातबीचको खेल निकै प्रतिस्पर्धात्मक हुने मानिन्छ । गुजरात तालिकाको शीर्ष स्थान र चेन्नई दोस्रो स्थानमा रहँदै पहिलो क्वालिफायरमा खेलेका थिए । पहिलो क्वालिफायरमा चेन्नईले गुजरातलाई १५ रनले हराउँदै फाइनलमा स्थान बनाएको थियो । गुजरातले दोस्रो क्वालिफायरमा मुम्बईलाई ६२ रनले हराउँदै फाइनलमा पुनः भेट पक्का गरेको हो । हार्दिक पान्ड्याको कप्तानीमा गुजरात पहिलो क्वालिफायरमा बेहोरको हारको बदला लिने योजनामा छ । चेन्नई अनुभवी खेलाडी महेन्द्रसिंह धोनीको अन्तिम आइपिएल सुन्दर बनाउन चाहन्छ । चारपटकको विजेता चेन्नई कीर्तिमानी रूपमा दशौंपटक अन्तिम दुईमा पुगेको हो ।

युवा ब्याट्सम्यान शुभमन गिलले आइपिएलमा सर्वाधिक रन बनाएसँगै ओरेन्ज क्याप जित्ने पक्का भएको छ । उनले पछिल्ला चार खेलमा तीन शतक बनाएका छन् । गिलले १६ खेलमा ३ शतक र ४ अर्धशतकसहित आठ सय ५१ रन बनाएका छन् । दोस्रो स्थानमा रोयल च्यालेन्जर्स बेंग्लोरका फाफ डु प्लेसिसले ८ अर्धशतकका साथ ७ सय ३० रन बनाए । १४ खेलमा ६ सय ३९ रनका साथ बेंग्लोरका विराट कोहली तेस्रो स्थानमा छन् ।

सर्वाधिक विकेट लिएर पर्पल क्याप अवार्ड जित्न तीन खेलाडीबीच प्रतिस्पर्धा चल्नेछ । गुजरात टाइटन्सका मोहम्मद सामी, रासिद खान र मोहित शर्माबीच नै कडा प्रतिपस्पर्धा हुनेछ । सामी १६ खेलमा २८ विकेट लिएर शीर्ष स्थानमा छन् । रासिद २७ विकेटका साथ दोस्रो र मोहित १३ खेलमा २४ विकेटका साथ तेस्रो स्थानमा छन् ।



रेकर्डले भरिएको आइपिएल

यसपटकको आइपिएल विगतको भन्दा फरक भएको मानिन्छ । बलरदेखि ब्याट्सम्यानसम्म सबैले उत्कृष्ट प्रदर्शन गरेका छन् । आइपिएलमा कैयौं रेकर्ड बनेका छन् । कतिपय नयाँ रेकर्ड खेलाडीले आफ्नो नाममा राखे । आश्चर्यजनक रूपमा कोलकाता नाइट राइडर्सका रिंकु सिंह उदीयमान खेलाडीका रूपमा अगाडि बढे । यद्यपि, कोलकाता शीर्ष चारभित्र अटाएन । तर, रिंकुको प्रदर्शन आइपिएलभरि नै चर्चा भएको छ । लक्ष्य पछ्याएको इनिङ्समा रिंकु सर्वाधिक छक्का प्रहार गर्ने ब्याट्सम्यान बनेका छन् । यसैगरी, सर्वाधिक विजेता मुम्बईले आइपिएलमा कीर्तिमानी रूपमा एकै सिजनमा ६ पटक दुई सयभन्दा बढी स्कोर गऱ्यो । एजेन्सीहरूको सहयोगमा मुम्बई र गुजरातबीचको खेलअगाडिसम्म आइपिएलमा बनेका रेकर्ड यस्ता छन् :

■ मुम्बईका आकाश माधवाल प्ले अफमा पाँच विकेट लिने पहिलो बलर बनेका छन् । उनले लखनउविरुद्धको इलिमेनेटर खेलमा पाँच रन खर्चेर पाँच विकेट लिए । माधवालको उत्कृष्ट बलिङ स्पेलकै कारण मुम्बईले उत्कृष्ट फर्ममा रहेको लखनउलाई निराश पार्दै गुजरातविरुद्धको दोस्रो प्ले अफ समीकरण तयार पारेको हो । यसअघि, सन् २००९ मा अनिल कुम्बलेले ५-५ को रेकर्ड राखेका थिए । चालू आइपिएलमा एकै इनिङ्समा पाँच विकेट लिने माधवाल तेस्रो बलर हुन् । मार्क उडले लखनउबाट प्रतिस्पर्धा गर्दै दिल्ली क्यापिल्टसविरुद्ध १४ रन खर्चेर पाँच विकेट लिए । सनराइजर्सका भुनवेश्वर कुमारले गुजरातविरुद्ध ३० रन खर्चेर पाँच विकेट हात पारे ।

■ यसपटक अस्वाभाविक रूपमा ३५ पटक दुई सय रनभन्दा बढी योगफल बनेका छन् । यसमा पनि आठपटक लक्ष्य पछ्याएको इनिङ्समा दुई सय रनमाथि स्कोर भएको थियो । मुम्बईले रेकर्ड राखी चारपटक दुई सय रनको लक्ष्य पार गऱ्यो । पन्जाब, कोलकाता, लखनउ र सनराइजर्सले समान एकपटक दुई सय रनमाथिको योगफल पछ्याए । कोलकाताले लक्ष्य पछ्याउँदा रिंकुले अन्तिम ओभरमा विस्फोटक ब्याटिङ गरेका थिए ।

■ आइपिएलको इतिहासमा पहिलोपटक १२ शतक बने । जसमा शुभमान गिल तीन र विराट कोहलीले दुईपटक शतकीय इनिङ्स खेलेका छन् । ह्यारी ब्रुक, भेन्कटेश्वर आइर, यशस्वी जैसवाल, सूर्यकुमार यादव, प्रभसिमान सिंह, हेनिरक क्लासेन तथा क्यामरुन ग्रिनले समान एकपटक शतकीय इनिङ्स खेले । चालू आइपिएलमै कोहलीले एउटा नयाँ रेकर्ड बनाएका छन् । उनको नाममा अब सर्वाधिक सात आइपिएल शतक रह्यो ।

■ आइपिएलमा यसपटक समग्रमा ब्याट्सम्यानहरूले एक हजार ८५ चौका र एक हजार ६२ छक्का प्रहार गरे । सन् २०१८ को संस्करणमा तीन हजार एक सय ९३ बाउन्ड्री निस्किएका थिए, जसमा दुई हजार एक सय आठ चौका र एक हजार ८५ छक्का ब्याट्सम्यानले प्रहार गरे । कोहली र डु प्लेसिसले १४ खेलमा नौ सय ३९ रनको साझेदारी गरे । दुवैले तीनपटक सय रनमाथि र पाँचपटक ५० बढी साझेदारी गरेका थिए ।

चन्द्रागिरि, काठमाडौं र कागेश्वरी विजयी

नयाँ पत्रिका
काठमाडौं, १३ जेठ

प्रथम काठमाडौं जिल्ला महिला कबड्डी प्रतियोगिताको पहिलो दिन शनिबार चन्द्रागिरि नगरपालिका, काठमाडौं महानगरपालिका र कागेश्वरी नगरपालिकाले विजयी सुरुआत गरेका छन् । चमती खेलकुद पार्क संरक्षण समितिको आयोजना र अखिल नेपाल कबड्डी संघको प्राविधिक सहयोगमा सञ्चालित प्रतियोगितामा चन्द्रागिरि नगरपालिकाले शंखरापुर नगरपालिकालाई ४४-२८ को स्कोरमा पराजित गरेको हो ।

काठमाडौं महानगरपालिकाले गोकर्णेश्वर नगरपालिकालाई ४१-१५ तथा कागेश्वरी नगरपालिकाले टोखा नगरपालिकालाई ५८-३२ स्कोरले पराजित गरे । काठमाडौं महानगरपालिकाको सामाजिक विभागको आर्थिक सहयोगमा सञ्चालन भएको प्रतियोगितामा काठमाडौं जिल्लाभित्रका कुल ६ नगर तथा एक क्लबले सहभागिता जनाएका छन् । तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा आइतबार तीन खेल हुनेछन् । सेमिफाइनल र फाइनल खेल सोमबार हुनेछ । प्रतियोगिताका विजेताले नगद १५ हजार रुपैयाँ, दोस्रोले १० हजार र तेस्रोले समान ५ हजार रुपैयाँ प्राप्त गर्ने प्रतियोगिताका संयोजक भगवान प्रजापतिले जानकारी दिए । यस्तै, उत्कृष्ट रेडेर र क्याटरलाई ट्रफी प्रदान गरिनेछ ।

डर्टमन्ड रोकिँदा बायर्नलाई बुन्डेस लिगा उपाधि



एकै समयमा भएको खेलमा बोरुसिया डर्टमन्डले अंक बाँड्दा बायर्न म्युनिख जित निकाल्दै च्याम्पियन बन्यो

एजेन्सी/ बायर्न म्युनिखले जर्मन बुन्डेस लिगा फुटबल २०२२-०२३ को उपाधि शनिबार जितेको छ । लिगको अन्तिम खेलमा बोरुसिया डर्टमन्ड मैन्जसँग २-२ गोलको बराबरीमा रोकिँदा बायर्नले कोल्नलाई २-१ ले हराउँदै च्याम्पियन बनेको हो । बायर्नले लगातार ११औं पटक बुन्डेस लिगाको उपाधि जितेको हो । बायर्न सन् २०११-०१२ को सिजनपछि लगातार च्याम्पियन हुँदै आएको छ । समग्रमा बायर्नको यो ३२औं बुन्डेस लिगा उपाधि हो ।

जितसँगै बायर्नले ३४ खेलमा ७१ अंक जोडेर च्याम्पियन बन्यो । दोस्रो स्थानको डर्टमन्डको पनि ७१ अंक छ । तर, गोलअन्तरले बायर्न अघि रहेको हो । घरेलु मैदानमा ८२ हजार दर्शकसामु अन्तिम खेल जित्दै डर्टमन्डको उपाधि जित्ने सपना भने पूरा हुन सकेन ।

यता, आठौं मिनेटमा किड्सले कोम्यानले गोल गर्दै बायर्नलाई सुरुआती अग्रता दिलाएका थिए । तर, खेलको ८१औं मिनेटमा डेजानले गोल गर्दै कोल्नलाई १-१ बराबरीमा ल्याए ।

एक मिनेट बाँकी रहँदा जर्मन अन्तर्राष्ट्रिय खेलाडी जमल मुसिआलाले गोल गर्दै बायर्नलाई २-१ को रामोञ्चक जित दिलाएका हुन् । यसअघि थोमस टुचेलले पहिलोपटक बुन्डेस लिगा उपाधि जितेका छन् । यसअघि उनले सन् २०१७ मा डर्टमन्डका लागि जर्मन कप उपाधि जितेका थिए ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com